# मध्यमकालिन खर्च संरचना

## २०७७/७८-२०७९/८०

# Medium Term Expenditure Framework

## 2020/21-2022/23



## कोहलपुर नगर

## नगर कार्यपालिका कार्यालय

### कोहलपुर, प्रदेश नं. ५, बाँके

### २०७७

# विषयसूची

**परिच्छेद १** ........ ४
**परिचय** ........ ४
**१.१ पृष्ठभूमि** ........ ४
**१.२ मध्यमकालिन खर्च संरचनाको अवधारणा** ........ ५
**१.३ मध्यमकालिन खर्च संरचना तयारीको उद्देश्य** ........ ५
**१.४ मध्यमकालिन खर्च संरचना तर्जुमाका आधारहरू** ........ ६
**१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया** ........ ७
**परिच्छेद २** ........ ९
**मध्यमकालीन खर्च संरचना** ........ ९
**२.१ पृष्ठभूमि** ........ ९
**२.२ सोच, उद्देश्य तथा रणनीति** ........ १०
**२.२.१ नगर विकासको दीर्घकालिन सोच** ........ १०
**२.२.२ नगर विकासको लक्ष्य** ........ १०
**२.२.३ नगर विकासको रणनीति** ........ १०
**२.३ प्रमुख नतिजा सूचक तथा लक्ष्य** ........ १०
**२.४ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण** ........ १२
**२.५ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट** ........ १३
**२.६ विषय क्षेत्रगत बाँडफाँट** ........ १५
**परिच्छेद ३** ........ १६
**आर्थिक विकास** ........ १६
३.१ पष्ठभूमि ........ १६
३.२ विद्यमान अवस्था, संभावना तथा अवसर ........ १६
३.३ समस्या र चूनौति ........ १८
३.४ अवसर ........ २०
३.५ आवधिक योजना अनुसार विषय क्षेत्र सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ २०
३.५.१ सोच ........ २०
३.५.२ लक्ष्य ........ २०
३.५.३ उद्देश्य ........ २०
३.५.४ रणनीति ........ २०
३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ २१
३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ २३
३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ २३
३.९ जोखिम पक्ष तथा अनुमान ........ ३०
**परिच्छेद ४** ........ ३१
**सामाजिक विकास योजना** ........ ३१
४.१ पृष्ठभूमि ........ ३१
४.२ विद्यमान अवस्था, संभावना तथा अवसर ........ ३१
४.३ समस्या र चूनौति ........ ३३
४.४ अवसर ........ ३५
४.५ आवधिक योजना अनुसार विषय क्षेत्र सोच, लक्ष्य, उद्देश्य र रणनीति ........ ३५
४.५.१ दीर्घकालीन सोच ........ ३५
४.५.२ लक्ष्य ........ ३६
४.५.३ उद्देश्य ........ ३६
४.५.४ रणनीति ........ ३६
४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ ३७
४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३८
४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ........ ३८
४.९ जोखिम पक्ष तथा अनुमान ........ ४६
**परिच्छेद ५** ........ ४७
**पूर्वाधार विकास** ........ ४७
५.१ पष्ठभूमि ........ ४७

५.२ विद्यमान अवस्था, संभावना तथा अवसर ४७
५.३ समस्या र चूनौति ४९
५.४ अवसर ५०
५.५ आवधिक योजना अनुसार विषय क्षेत्र सोच, लक्ष्य, उद्देश्य र रणनीति ५०
५.५.१ दीर्घकालीन सोच ५०
५.५.२ लक्ष्य ५०
५.५.३ उद्देश्य ५१
५.५.४ रणनीति ५१
५.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ५१
५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ५२
५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ५२
४.९ जोखिम पक्ष तथा अनुमान ५७
**परिच्छेद ६** **५८**
**वन, वातावरण तथा विपद व्यवस्थापन योजना** **५८**
६.१ पृष्ठभूमि ५८
६.२ विद्यमान अवस्था, संभावना तथा अवसर ५९
६.३ समस्या तथा चुनौती ६०
६.४ अवसर ६२
६.५ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति ६३
६.५.१ सोच ६३
६.५.२ लक्ष्य ६३
६.५.३ उद्देश्य ६३
६.५.४ रणनीति ६३
६.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ६४
६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६५
६.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ६५
६.८ जोखिम पक्ष तथा अनुमान ७०
**परिच्छेद ७** **७१**
**सुशासन तथा संस्थागत विकास** **७१**
७.१ पृष्ठभूमि ७१
७.२ विद्यमान स्थिति तथा संभावना ७१
७.३ समस्या तथा चूनौति ७२
७.४ अवसर ७३
७.५ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ७४
७.५.१ सोच ७४
७.५.१ लक्ष्य ७४
७.५.३ उद्देश्य ७४
७.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ७५
७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ७६
७.८ कार्यक्रम तथा आयोजना संक्षिप्त विवरण ७६
७.९ जोखिम पक्ष तथा अनुमान ८०
**अनुसुचीहरू** **८१**
**अनुसूची १: प्रति एकाई लागत अनुमान** ८१
**२. कार्यक्रम तथा आयोजना अनुसार आर्थिक बर्ष २०७७/७८ र सो पछिको दुई आर्थिक बर्षको खर्चको प्रक्षेपण विवरण** ८४

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहले संविधान र कानून बमोजिम राज्यशक्तीको प्रयोग गर्ने व्यवस्था गरेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार र कार्यक्षेत्र तोकेको छ र तिनै तहका सरकारहरुले संविधान र कानूनको सीमाभित्र रही त्यस्तो अधिकार क्षेत्रको स्वायत्ततापूर्वक प्रयोग गर्ने गरी स्पष्ट जिम्मेवारी समेत निर्धारण गरेको छ। तहगत सरकारहरु आफ्ना अधिकार क्षेत्रका बिषयमा कानून बनाउने, बार्षिक बजेट तर्जुमा गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने सम्बन्धमा स्वायत्त हुने संवैधानिक व्यवस्था रहेको छ। यसैगरी संविधानले प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय सङ्घीय कानून बमोजिम हुने व्यवस्था गरेको छ (धारा ५९ को उपधारा ३)। नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, सङ्घीय एवं प्रदेश नीति तथा कानून, स्थानीय नीति र कानून बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय विकासको मार्गचित्र निर्माण गर्नुपर्ने हुन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४, २५ र २६ मा योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी व्यवस्था गरिएको छ। स्थानीय सरकार संचालन ऐनले गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ। यस प्रकार योजना तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्नेछ। यसैगरी ऐनले आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारमूलक, दीगो एवं समाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिनुपर्ने र योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका रणनीतिका आयोजनाहरुको सूची (आयोजना बैंक) तयार गर्नुपर्ने व्यवस्था रहेको छ।

संङ्घीय कानून अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्य क्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नु पर्ने तथा खर्चको विवरण तयार गर्दा चालु खर्च, पूँजीगत खर्च र वित्त ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत छुटयाउनु पर्ने व्यवस्था गरेको छ। ऐनले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु व्यवस्था गरेको छ। यस बमोजिम तयार गरिने मध्यमकालिन खर्च संरचना आयोजना/ कार्यक्रमको उद्देश्य, प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यक पुष्ट्याई, आयोजना शुरु र सम्पन्न हुने आर्थिक बर्ष, आवश्यक खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत र सोबाट प्राप्त हुने प्रतिफलको प्रक्षेपण तथा आयोजनाको मध्यम अवधिको खर्चको रणनीति र सोको बार्षिक खर्चसँगको तादाम्यता लगायतका विवरण खुलाउनु पर्नेछ :

दीर्घकालिन योजना अनुरुप आवधिक योजना, आवधिक योजना अनुसार आयोजना वैकं तथा मध्यमकालिन खर्च संरचना तयार गर्नु पर्ने र मध्यमकालिन खर्च संरचना अनुरुप बार्षिक विकास कार्यक्रम तर्जुमा गर्नु आवश्यक हुन्छ। बार्षिक विकास कार्यक्रमबाट मध्यमकालिन खर्च संरचना र आवधिक योजनाको नतिजा हासिल गर्न सहयोग पुग्दछ। आवधिक योजना र मध्यमकालिन खर्च संरचनाले स्रोतको सुनिश्चिता र प्राथमिकता प्रदान गर्दछ।

संवैधानिक, संघीय एवम् प्रदेश नीति र कानून, दीर्घकालिन तथा आवधिक योजनाको आधारमा नगरपालिकाले आगामी तीन आ.व. को खर्चको प्रक्षेपण सहित मध्यमकालिन खर्च संरचना तर्जुमा र सो को आधारमा आगामी आ.व.को बार्षिक विकास कार्यक्रम तथा बजेट तर्जुमा गर्नु पर्दछ । यसलाई मध्यनजर गरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था लगायत प्रचलित कानूनी व्यवस्था र मापदण्ड बमोजिम नगरपालिकाको मध्यमकालिन खर्च संरचना आवश्यक रहेको छ । सो बमोजिम नगरपालिकाको विषयगत समितिहरु, कार्यपालिका कार्यालयको विषयगत शाखा, उपशाखा र वडा कार्यालय र सेवा केन्द्रसँग राय परामर्श गरी आवधिक योजना, नगरपालिकाको स्थिति पत्र, एकीकृत शहरी विकास योजना र चालु आ.व.को बार्षिक कार्यक्रमको आधारमा आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित कोहलपुर नगरपालिकाको पहिलो पटक मध्यमकालिन खर्च संरचना तयार गरिएको छ ।

## १.२ मध्यमकालिन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो । यो उपलब्ध सीमित स्रोतलाई राज्य सञ्चालन र विकासका विभिन्न क्षेत्रमा बाँडफाँट गर्ने तीन वर्षीय चक्रिय खर्च योजना हो । अर्को शब्दमा मध्यमकालिन खर्च संरचना निर्दिष्ट लक्ष्य प्राप्तिका लागि आवधिक योजना र वार्षिक बजेटलाई जोड्ने सेतुको कार्य गर्ने संयन्त्र हो । यसले तथा नीतिगत परिवर्तन एवम् खर्चको पुनर्वितरणलाई निर्देशित गर्न स्रोत योजनाको मध्यमकालीन दृष्टि र समष्टिगत, क्षेत्रगत एवम् विषय क्षेत्रमा स्रोतको अनुमान योग्यता बढाउन मार्गदर्शन गर्दछ । साथै यसले सरकारसँग उपलब्ध सीमित साधन स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । बजेट तर्जुमा गर्दा परम्परागत, अल्पकालीन र साँघुरो सोचबाट ग्रसित हुन सक्ने कमजोरीलाई निवारण गर्ने बजेट र सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी अवधारणा हो । यो सीमित स्रोत र असीमित आवश्यकता बीच तादाम्यता ल्याउने र नीतिगत प्राथमिकताको आधारमा स्रोतलाई बाँडफाँट गर्ने प्रक्रिया हो ।

मध्यमकालीन खर्च संरचना अन्तर्गत आन्तरिक स्रोत तथा राजस्व, अन्तर सरकार वित्तीय हस्तान्तरण, आन्तरिक ऋण, वैदेशिक अनुदानको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ । सोको आधारमा खर्चको क्षेत्रगत प्राथमिकता अनुरुप सरकार सो अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन र सरकारेल उपलब्ध गराउनु पर्ने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ । यसरी निर्धारण भएको स्रोतभित्र रहेर सरकार एवम् सो अन्तगतका निकायले नीति तथा कार्यक्रम कार्यान्वयनको क्रममा लाग्ने खर्च रकमको अनुमान गर्दछन् । यसमा सम्बन्धित निकायको व्यापक छलफल पछि तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचना तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ । यसमा पहिलो वर्ष बजेट अनुमान हुन्छ जुन चाहि वार्षिक बजेटसँग तादम्यता रहन्छ र बाँकी दुई वर्षको (Outer Year Budget) प्रक्षेपण गरिन्छ । पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । जसमा पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक वर्षको बजेट प्रक्षेपण थप गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । त्यसैले यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व अनुदान र वैदेशिक सहायताको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गरिनुपर्ने हुन्छ ।

## १.३ मध्यमकालिन खर्च संरचना तयारीको उद्देश्य

विकास योजना तर्जुमा गर्दा संघ, प्रदेश र स्थानीय तहले संविधानको मूल मर्म तथा परिकल्पनाका साथै संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति र अनुसूचीमा रहेको एकल तथा साझा अधिकारको कार्यान्वयनमा सहयोग पुऱ्याउन प्रर्याप्त ध्यान दिनु पर्ने देखिन्छ । यसैगरी सम्बन्धित ऐन,

नियम, कार्यविधि तथा मार्गदर्शनमा उल्लिखित विषयलाई ध्यानमा राखी योजना तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, विकास सहायता परिचालन, राजस्व परिचालन सम्बन्धी कार्यहरु संचालन गर्नु पर्ने हुन्छ । अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ ले नेपालको संविधानको धारा ५९ बमोजिम आर्थिक अधिकारको प्रयोग र धारा ६० बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको राजस्व अधिकार, बाँडफाँट, अनुदान, ऋण, मध्यमकालिन खर्च संरचना, सार्वजनिक खर्च र वित्तीय अनुशासनलाई समेटेको छ ।

कोहलपुर नगरपालिकाबाट प्रस्तुत यस मध्यमकालिन खर्च संरचना पहिलो प्रयास हो । यस मध्यमकालिन खर्च संरचनाबाट नगरपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त क्षेत्र तथा कार्यक्रममा लगानी, निरन्तरता र कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ । यस खर्च संरचनाले नगरपालिकाको दीर्घकालिन सोच “आवासीय, व्यावसायिक, भौगोलिक संगमको सरोवरः हरित, सुन्दर, समृद्ध कोहलपुर नगर” र पहिलो आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दीगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ । नगरपालिकाको यस मध्यमकालिन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धीका आधारमा मध्यमकालिन लक्ष्य निर्धारण गरी विषय क्षेत्रगत स्रोत तथा खर्चको त्रिवर्षिय अनुमान तथा प्रक्षेपण गर्न सकिने गरी विकास गरिएको छ । मध्यमकालिन संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । मध्यमकालीन खर्च संरचना तयारीबाट देहायअनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

- ⌘ सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि नगरपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य श्रोतको वास्तविक अनुमान सहित बजेट खाका तर्जुमा भएको हुनेछ ।
- ⌘ उपलब्ध श्रोत साधनलाई स्थानीय तहको नीति, आवधिक योजना र वार्षिक बजेट बीच तालमेल गराई वार्षिक बजेट तथा कार्यक्रमको स्थिरता र सुनिश्चिता हुनेछ ।
- ⌘ नगर विकासको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन श्रोतको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमिकता प्राप्त विषय क्षेत्रमा बजेटको बाँडफाँट भएको हुनेछ ।
- ⌘ स्थानीय सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन, खर्चको पारदर्शिता बढाउन तथा वित्तीय अनुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनमा सहयोग पुगेको हुनेछ ।
- ⌘ नगरपालिकाको बजेट अनुमानलाई वास्तविक, सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित भएको हुनेछ ।

## १.४ मध्यमकालिन खर्च संरचना तर्जुमाका आधारहरू

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दिर्घकालिन योजना र आवधिक योजनाको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्मकालिन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्य (२०१५-२०३०)
- अन्तरसरकार वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- प्रदेश ५ को पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७/७८)

- नगरपालिकाको प्रथम आवधिक नगर विकास योजना (२०७७/७८-२०८१/८२)
- नगरपालिकाको एकीकृत नगर विकास योजना
- नगर स्थिति पत्र (प्रोफाईल), २०७३

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

नगरपालिकाको आवधिक योजना तथा एकीकृत शहरी विकास योजनाको आधारमा यस नगरपालिकाको मध्यमकालिन खर्च संरचना देहायअनुसार पाँच चरण पुरा गरी तयार गरिएको छ :

**त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारी :** गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको संशोधित अनुमान र आवधिक योजनामा प्रस्तुत स्रोतको प्रक्षेपण र राजस्व सुधार कार्ययोजनाको आधारमा सम्बन्धित विषयगत समिति, विषयगत शाखा/उपशाखा/इकाई र वडा कार्यालय र सहयोगी निकायहरु बीच नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक अनुमान तयार गरियो। श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले नगरपालिकाको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, प्रथम आवधिक विकास योजना, नगर विकास स्थिति पत्र, वित्तीय स्थिति, वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गरियो ।

**बजेट सीमा र मार्गदर्शन पठाउने :** स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको बजेटको सीमा भित्र कार्यान्वयन इकाई र क्षेत्रगत रूपमा तोकिएको ढाँचामा चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको बजेटको सीमा र मार्गदर्शन तयार गरिएको छ। यस प्रकार तयार भएको कार्यान्वयन इकाई तथा क्षेत्रगत बजेट सीमा र मार्गदर्शन प्रदेश तथा स्थानीय तह कोष व्यवस्था प्रणाली (SuTRA) मा प्रविष्टि गरी सम्बन्धित शाखा र वडा कार्यालहरुमा पठाइएयो । सम्बन्धित शाखाहरूले आफू अन्तर्गतका उपशाखा, इकाई र सेवा केन्द्र आयोजनाहरूमा मार्गदर्शनसहित बजेटको सिमा सो प्रणालीमा प्रविष्टि गरियो ।

**आयोजनाको छनौट र प्राथमिकता निर्धारण:** नगरको आवश्यकता, समस्या र संभावना अनुसार कार्यान्वयन योग्य र बढी प्रतिफल प्राप्त हुने आयोजनाहरु छनौट गरी नगरपालिकाले संचालन गर्ने विभिन्न विषय क्षेत्रको आयोजनाको पहिचान, संभाव्यता अध्ययन विश्लेषण, सर्वेक्षण, डिजनाई र विस्तृत अध्ययन प्रतिवेदनको आधारमा प्राथमिकता निर्धारण गरी छनौट गरी आयोजना वैंक तथा आयोजनाको प्रस्ताव तयार गरियो ।

**मध्यमकालिन खर्च संरचना र कार्यक्रम र बजेट प्रस्ताव:** स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्रदान गरिएको बजेटको सीमा र मार्गदर्शन भित्र रही विषयगत शाखा/इकाई र कार्यलयले आफ्ना आवश्यकता र प्राथमिकताका आधारमा छनौट भएका आयोजना तथा कार्यक्रमको त्रिवर्षिय खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तयार गरी SuTRA मा प्रविष्टि गरी नीति तथा कार्यपालिका कार्यालयमा पेश गरियो ।

**विषयगत प्राविधिक समितिमा छलफल:** विषय शाखा/इकाई र वडा कार्यालयबाट प्रस्तावित त्रिवर्षिय खर्च प्रक्षेपणसहितको मध्यमकालिन खर्च संरचना र आगामी आ.व.को बजेट सम्बन्धित विषय समितिमा छलफल गरियो। यस प्रकार छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका सिद्धान्तहरु र राज्यका नीति तथा स्थानीय तहको अधिकारको क्षेत्र, दीगो विकासका लक्ष्य, राष्ट्रिय दीर्घकालिन सोच तथा पन्ध्रौ बर्षिक योजना, प्रदेश तथा नगरपालिकाको प्रथम आवधिक योजना, नगरपालिकाको आवश्यकता, समस्या र संभावना एवं आयोजना वैंकबाट छनौट गरिएका आयोजनाको प्राथमिकतालाई आधार बनाइएको छ ।

**मस्यौदा तयारी:** विषयगत समितिमा छलफल पश्चात प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपणसहितको मध्यमकालिन खर्च संरचनाको मस्यौदा तयार गरिएको छ। मस्यौदा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनको **अनुसूची ६** मा समावेश ढाँचा अनुरुप तयार गरिएको छ ।

**नगर सभामा मध्यमकालीन खर्च संरचना प्रस्तुत गर्ने :** उपरोक्त विधि र प्रक्रिया बमोजिम तयार मध्यमकालिन खर्च संरचना र वार्षिक विकास कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरिएको छ । आन्तरिक आयको प्रक्षेपण, राजस्व बाँडफाँट, नेपाल सरकार तथा प्रदेश सरकार र अन्य स्थानीय तहबाट प्राप्त हुने अनुदान एवम् आन्तरिक ऋणको प्रक्षेपणसहित बजेटको उद्देश्य, नीति, प्राथमिकता, दीर्घकालीन सोच एवम् योजनाले निर्धारित गरे बमोजिम आगामी वर्ष संचालन गरिने कार्यक्रमहरूलाई समेत समेटी आगामी आर्थिक वर्षको आय व्यय विवरण बजेट बक्तव्य मार्फत ........... मा नगर कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश गरियो र बार्षिक बजेटसँगै मध्यमकालीन खर्च संरचना समेत नगर सभामा पेश गरी आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम सभाबाट स्विकृत गरिएको छ ।

# परिच्छेद २
# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनु पर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिन सकिन्छ। नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको थियो ।

संघीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्य क्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्त व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत छुट्याउनु पर्नेछ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार स्थानीय सरकारको रुपमा कोहलपुर नगरपालिकाकले तय गरेको दीर्घकालिन सोच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालिन खर्च संरचना (२०७७/७८-२०७९/८०) तर्जुमा गरिएको छ ।

नेपालको संविधान बमोजिम संघीय शासन व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तिनै तहमा निर्वाचित सरकारहरु गठन भई क्रियाशील भएका छन् । संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको **समृद्ध नेपालः सुखी नेपाली**को लक्ष्य हासिल गर्ने वा समृद्धिको आधार वर्षका रुपमा आगामी आर्थिक वर्ष रहने पन्धौं योजनाको नीतिलाई कोहलपुर नगरपालिकाले आत्मसात गर्ने प्रयास गरेकोछ । योजना तथा विकास उपलब्धीको सफलता वित्तीय संघीयताको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। मध्यमकालिन खर्च संरचनाले नगरपालिकालाई यस तर्फ मार्गदर्शन गर्नेछ ।

नेपालमा विकास योजनाहरुबाट लक्षित नतिजा हासिल हुन नसक्नुका प्रमुख कारणहरुमा साधन र स्रोतको असन्तुलित तथा असमान वितरण, न्यून पूँजीगत खर्च, आर्थिक वर्षको अन्तमा गएर मात्र ठूलो परिमाणमा खर्च गर्ने प्रवृत्ति, निर्माण कार्यको कमजोर गुणस्तर तथा प्रभावकारिता, कमजोर वित्तीय अनुशासन र सोबाट सिर्जित सरकारी कोषमाथि बढ्दो वित्तीय भार आदी रहेका छन् । यसको असर सार्वजनिक वित्त क्षेत्रमा मात्र नभई वित्तीय क्षेत्र र समग्र अर्थतन्त्रमा समेत परिरहेको छ। यसका साथै विगतमा केन्द्रको मातहतमा रहेको राजस्वको एकल अधिकार संविधान र कानुनी व्यवस्था अनुसार तिनवटै संघीय तह बीच बाँडफाँट भएको अवस्थामा तिनै तहका सरकारबाट राजस्व तथा स्रोत साधनको व्यवस्थापनमा विशेष पहल गर्नु पर्ने आवश्यकता रहेको छ ।

संविधानले परिकल्पना गरे बमोजिमको अर्थ व्यवस्था कायम गर्ने सोचलाई मनन् गरी नेपाल सरकारको दीर्घकालिन सोच, पन्धौ राष्ट्रिय योजना, प्रदेश ५ को प्रथम आवधिक विकास योजना र नगरपालिकाको प्रथम आवधिक योजनासँग तादाम्यता हुने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०७७/७८–२०७९/८०) तर्जुमा गरिएको छ। यस प्रकार संरचना तयार गर्दा उपरोक्त योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको घोषणा, प्राथमिकता एवम् नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रलाई मुख्य आधार लिइएको छ । नगरपालिको प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका संलग्न कार्यसूची अनुसारका कार्यक्रम यस दस्तावेजमा समेटिएको छ ।

## २.२ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालिन खर्च संरचना तयार गर्दा नगरपालिकाको प्रथम आवधिक नगर विकास योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ । उक्त योजनामा उल्लिखित नगर विकासको समष्टिगत सोच, लक्ष्य तथा उद्देश्य, प्राथमिकता तथा रणनीति र विषय क्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य र रणनीतिलाई यस चक्रीय योजनाको समष्टिगत सोच, लक्ष्य उद्देश्य तथा रणनीति विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिका रुपमा उल्लेख गरिएको छ । आवधिक योजनामा उल्लेख नभएका नगर स्थिति पत्र (प्रोफाइल), एकीकृत नगर विकास योजना, गत आर्थिक बर्षको नीति तथा कार्यक्रम, पन्धौ राष्ट्रिय योजना, प्रदेश ५ सरकारको प्रथम आवधिक योजना राष्ट्रिय, प्रदेश र नगरपालिकाको विषयगत नीतिलाई समावेश गरिएको छ । सो अनुसार मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.२.१ नगर विकासको दीर्घकालिन सोच

नगरपालिकाको दीर्घकालिन सोच देहायअनुसार रहेको छ :

- **आवासीय, व्यावसायिक, भौगोलिक संगमको सरोवरः हरित, सुन्दर, समृद्ध कोहलपुर नगर**

### २.२.२ नगर विकासको लक्ष्य

नगर विकासको दीर्घकालिन सोचको आधार योजनाको रुपमा रहेको प्रथम आवधिक नगर विकास योजनाको लक्ष्य देहायअनुसार रहेको छः

- **नेपालको एक योजनाबद्ध र सुव्यवस्थित, आवासीय, व्यावसायिक, शैक्षिक र भौगोलिक संगमस्थल शहरको रुपमा स्थापित हुने**

### २.२.३ नगर विकासको रणनीति

नगर विकासको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहायअनुसारका सात प्रमुख रणनीतिहरू रहेका छन्ः

१. कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण, विविधीकरण र औद्योगिकरण गर्ने,

२. उद्योग, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन तथा अन्य व्यवसायको विकास तथा प्रवर्द्धन गर्ने,

३. जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य तथा सरसफाई, खानेपानी सुविधा, सामाजिक सुरक्षा पहुँच र उपयोग सुनिश्चित गर्ने,

४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पुर्वाधारको विस्तार र स्तरोन्नति गर्ने,

५. शहरी योजना तथा विकासको प्रक्रिया र नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने,

६. नगरपालिका, नागरिक समाज र समुदायको क्षमता विकास, कार्य सम्पादन र जवाफदेहिता वृद्धि गर्ने

७. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्यलाई कामयावी बनाउने ।

## २.३ प्रमुख नतिजा सूचक तथा लक्ष्य

"समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय सोच संकल्प अनुसार प्रदेश नं. ५ प्रथम आवधिक योजना तथा नगर विकासको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक बर्षको मध्यमकालिन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.१ : प्रमुख समष्टिगत तथा विषयगत सूचक तथा लक्ष्य*

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७६/७७ को उपलब्धी | | | मध्यमकालिन लक्ष्य (नगरपालिका) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश ५ | कोहलपुर | २०७७/७८ | २०७८/७९ | २०८०/८१ |
| १ | मानव विकास सुचकाङ्क | इन्डेक्स | ०.५८३ | ०.४६१ | ०.४७४ | ०.५३० | ०.५४० | ०.५५० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७६/७७ को उपलब्धी | | | मध्यमकालिन लक्ष्य (नगरपालिका) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश ५ | कोहलपुर | २०७७/७८ | २०७८/७९ | २०८०/८१ |
| २ | औसत आयु | वर्ष | ७०.१ | ६७.५ | ६८.३५ | ६८.७५ | ६९.०० | ७०.१० |
| ३ | ग्राहस्र्थ प्रतिव्यक्ति आम्दानी | युएस डलर | १०८५ | १०३४ | १०८६ | १०९० | १०९५ | ११०० |
| ४ | साक्षरता दर (१५ बर्ष भन्दा माथि) | प्रतिशत | ६३ | ६६.४ | ८८ | ८९ | ९० | ९१ |
| ५ | वेरोजगारी दर | प्रतिशत | ११.४ | ११.२ | १३.२ | १२.० | ११.१ | १०.२ |
| ६ | निरपेक्ष गरिबीको रेखामुनी | जनसंख्या | २५.२ | २४.५ | २१.० | २०.५ | २०.० | १९.५ |
| ७ | आर्थिक रुपले सक्रिय जनसंख्या | प्रतिशत | ३९.९ | ४१.० | ४१.० | ४२.० | ४२.५ | ४३.० |

*स्रोत: पहिलो आवधिक योजना तथा नगरस्थिति विवरण र आर्थिक सर्वेक्षण*

नेपाल सरकारले तय गरेको उच्च आर्थिक वृद्धिको आधारशीलालाई मध्यनजर राख्दै आगामी तीन वर्षमा औसत आर्थिक वृद्धिदर आधारभूत मूल्यमा औसत १० प्रतिशत हुने लक्ष्य राखिएको छ। आगामी तीन वर्षको अवधिमा गरिबीको रेखामुनि रहेका जनसंख्या करीब १२ प्रतिशतमा झार्ने र मानव विकास सूचकांङ्क करिब ०.६१० पुग्ने अनुमान गरिएको छ। आर्थिक वृद्धिदर आँकलन गर्दा स्थिर सरकार, संघीय संरचना अनुसार तीन तहका सरकारबाट प्रभावकारी रुपमा हुने कार्यक्रम तथा बजेटको कार्यान्वयन, उर्जा उपलब्धतामा हुने उल्लेख्य वृद्धि, केही बृहत आयोजना सम्पन्न हुने अवस्था, पुन:निर्माण तथा निर्माण कार्यमा तीब्रता, पर्यटक आगमनमा उल्लेख्य वृद्धि जस्ता सकारात्मक परिवर्तन हुने अनुमान गरिएको छ। यसबाट नेपाल सरकारको नीति कार्यक्रमले राखेको आगामी ५ वर्ष भित्र दोहोरो अंकको आर्थिक वृद्धि गर्ने लक्ष्य प्राप्तिमा समेत सहयोग पुग्नेछ। साथै आगामी ३ वर्षमा हालको प्रति व्यक्ति आय (पिपिपि) मा बृद्धि भई १,७६७ बाट रु. २२,४०० यर्थात २०० (अमेरिकी डलर) मा पुग्नेछ।

***तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालिन लक्ष्य***

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७६/७७ को उपलब्धी | | | मध्यमकालीन लक्ष्य (कोहलपुर) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश ५ | कोहलपुर | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| १ | खाद्यान्न बाली उत्पादन (हजारमा) | मे.टन | १००१ | २०४१ | २४७६ | २५०० | २६०० | २७०० |
| २ | काठको उत्पादन (लाखमा) | घ.मि. | ३० | | | १२.८.३ | १८.६ | १९.० |
| ३ | उद्योगबाट रोजगारीको सिर्जना (हजारमा) | संख्या | १७४ | ४७४ | १४.६ | १५.० | १६.० | १८.० |
| ४ | निर्यात आयात अनुपात | अनुपात | १.९३ | | | १:८.६ | १:८ | १:७.५ |
| ५ | पर्यटन आगमन (हजारमा) | संख्या | १००० | १५३२ | १० | १२ | १५ | १८ |
| ६ | पर्यटन क्षेत्रमा रोजगारी (हजारमा) | संख्या | ११६ | | २.५ | ३.० | ३.५ | ४.० |
| ७ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ६९ | ७५ | ९८ | ९८.५ | ९९.० | ९९.५ |
| ८ | पाइप प्रणालीबाट वितरित खानेपानी उपलब्ध घरपरिवार | प्रतिशत | ८०.० | ८९.८ | ८६.९ | ८७.५ | ८८.० | ८९.० |
| ९ | विद्युत उत्पादन क्षमता | मे.वा. | १०४५ | ३६.५ | ० | १ | २ | ३ |
| १० | सिंचित क्षेत्रफल (हजारमा) | हेक्टर | ५६.५ | | २ | २.५ | ३.० | ३.५ |
| ११ | जम्मा सडक निर्माण लम्बाई | कि.मी. | ६०,१६२ | ११,४३१ | २४७ | २६० | २८० | ३०० |
| १२ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ५७.६ | ५१.१ | ५५.४ | ५६ | ५८ | ६० |
| १३ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८७ | | ८५ | ८८ | ९० | ९४ |
| १४ | विद्यालय (सामुदायि र संस्थागत) | संख्या | | | १७२ | १७३ | १७४ | १७५ |
| १५ | खूद भर्ना दर | | | | | | | |
| | क) आधारभूत तह (कक्षा १-८) | प्रतिशत | ९२.३ | | ९२.३ | ९३ | ९४ | ९५ |
| | ख) माध्यमिक तह कक्षा (९-१२) | प्रतिशत | ४३.९ | | ४३.९ | ४५ | ४८ | ५२ |
| १६ | प्राविधिक र व्यावसायिक शिक्षामा तालिम प्राप्त जनसंख्या | जना | | | २० | ३० | ४० | ५० |
| १७ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्म) | जना | २३९ | | | २२० | २०० | १७५ |
| १८ | बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | ३० | | | ३४ | ३२ | २९ |
| १९ | आधारभूतस्तरको खानेपानीबाट लाभान्वित जनसंख्या | प्रतिशत | ८७ | ८९.८ | ८६.९ | ८७.५ | ८८.० | ८९.० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७६/७७ को उपलब्धी | | | मध्यमकालीन लक्ष्य (कोहलपुर) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | प्रदेश ५ | कोहलपुर | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| २० | सरसफाई सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ९६.६ | ९९.९ | ९८.३ | ९८.६ | ९९.२ | १००.० |
| २१ | वैक तथा वित्तीय संस्थाको शाखा | संख्या | ४७०१ | ८२४ | ३५ | ३६ | ३८ | ४० |
| २२ | जीवन तथा निर्जीवन विमक | संख्या | - | | | | | |
| २३ | जमीनमा महिलाको स्वामित्व हुने परिवार | प्रतिशत | - | | ३ | ४ | ५ | ६ |

*स्रोत: पहिलो आवधिक योजना तथा नगर स्थिति पत्र र विषयगत विवरण*

## २.४ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण

नगरपालिकाको खर्च अनुमान तथा स्रोत आँकलन गर्दा देहायका आधार अपनाइएको छ :

१. आर्थिक वर्ष २०७६/७७ को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको सरकारको नीति तथा कार्यक्रममा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ।

२. नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम र आन्तरिक श्रोत समेतका आधारमा नगरपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ।

३. रोयल्टी (संरक्षित क्षेत्र, वन, खानी तथा खनिज, जलश्रोत तथा अन्य प्राकृतिक स्रोत) बाट प्राप्त हुने राजस्व अनुमान गर्दा गणना गरिएको छ।

४. नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ।

५. नगरपालिकाको लिनसक्ने आन्तरिक ऋण स्थानीय सरकारले परिचालन गर्ने कुल राजस्वको १० प्रतिशतको सीमामा रही आँकलन गरिएको छ।

७. उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. ३ अर्ब ६९ करोड ७६ लाख ५२ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु. ९९ करोड ८३ लाख ६६ हजार (२७ प्रतिशत) र पुँजीगत खर्च रु. २ अर्ब ६९ करोड ९२ लाख ८६ हजार (७३ प्रतिशत) रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. ५७ करोड ४ लाख ८४ हजार ( १५ प्रतिशत), राजस्व बाँडफाटबाट रु. ४८ करोड ६६ लाख ६ हजार (१३ प्रतिशत), रोयल्टीबाट रु. ५० लाख ७६ हजार (०.१ प्रतिशत) र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. २ खर्व २३ करोड ७१ लाख ५५ हजार (६१ प्रतिशत) र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. २७ करोड ८३ लाख ३ हजार (८ प्रतिशत), अन्य श्रोतबाट रु. १६ करोड ३७ लाख ९ हजार (४.० प्रतिशत) र नगद मौज्यादबाट रु. ३६ करोड, ४१ लाख (१० प्रतिशत) व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ।

***तालिका २.३ : त्रिबर्षिय बजेट विनियोजन र प्रक्षेपण***

| क्र.सं. | बजेटका स्रोतहरु | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को अनुमान | प्रक्षेपण | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | |
| क. | **कूल राजस्व र अनुदान** | ८२११२९ | १०८१२७७ | १२२४०३९ | १३९२३३५ | ३६९७६५२ |
| १ | आन्तरिक आय रकम | ३००७२ | ८३९७९ | १००७७५ | १२०९३० | ३०५६८४ |
| | घरजग्गा रजिष्ट्रशन | ४०००० | ८०००० | ८८००० | ९६८०० | २६४८०० |

| क.सं. | बजेटका स्रोतहरु | २०७६/७७ को संशोधित अनुमान | २०७७/७८ को अनुमान | प्रक्षेपण | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | |
| **क.** | **कूल राजस्व र अनुदान** | ८२११२९ | १०८१२७७ | १२२४०३९ | १३९२३३५ | ३६९७६५२ |
| २ | राजस्व बाँडफाँड | १३८१६१ | १४५८९७ | १६१६२२ | १७९०८९ | ४८६६०८ |
| | *- नेपाल सरकार* | ७१५३४ | १२३१९७ | १३५५१७ | १४९०६८ | ४०७७८२ |
| | *- प्रदेश सरकार* | ६६६२७ | २२७०० | २६१०५ | ३००२१ | ७८८२६ |
| ३ | वित्तीय समानीकरण अनुदान | १९६६४२ | १९२९८९ | २१२५९२ | २३४२०२ | ६३९७८३ |
| | *- नेपाल सरकार* | १९१५०० | १८६९०० | २०५५९० | २२६१४९ | ६१८६३९ |
| | *- प्रदेश सरकार* | ५१४२ | ६०८९ | ७००२ | ८०५३ | २११४४ |
| ४ | सशर्त अनुदान | ३४१४२५ | ३४५१५० | ३९६९२३ | ४५६४६१ | ११९८५३३ |
| | *- नेपाल सरकार* | २६०४२५ | २९७३०० | ३४१८९५ | ३९३१७९ | १०३२३७४ |
| | *- प्रदेश सरकार* | ८१००० | ४७८५० | ५५०२८ | ६३२८२ | १६६१५९ |
| ५ | समपुरक अनुदान | १५३६७ | २६५०० | ३१८०० | ३८१६० | ९६४६० |
| | *- नेपाल सरकार* | १५३६७ | ११५०० | १३८०० | १६५६० | ४१८६० |
| | *- प्रदेश सरकार* | ० | १५००० | १८००० | २१६०० | ५४६०० |
| ६ | विशेष अनुदान | १३३०० | ४७५०० | ५७००० | ६८४०० | १७२९०० |
| | *- नेपाल सरकार* | १३३०० | ३७५०० | ४५००० | ५४००० | १३६५०० |
| | *- प्रदेश सरकार* | ० | १०००० | १२००० | १४४०० | ३६४०० |
| ७ | प्राकृतिक श्रोत रोयल्टी | ११६२ | १३९४ | १६७३ | २००८ | ५०७६ |
| ८ | जिससबाट प्राप्त अनुदान | | ४७८६८ | ५२६५५ | ६३१८६ | १६३७०९ |
| ९ | गत बर्षसम्मको संचित कोषको रकम | ४५००० | ११०००० | १२१००० | १३३१०० | ३६४१०० |
| **ख.** | **कूल खर्च** | | २०४७०२० | २१६६८६० | २०३४४२१ | ६२४८३०१ |
| १ | चालु खर्च | | ५६६०६४ | ५७१०९५ | ५५९५४० | १६९६६९९ |
| २ | पुँजीगत खर्च | | १४७८९३६ | १५९३५४३ | १४७२४३७ | ४५४४९१६ |
| ३ | बचत बजेट | | ० | ० | | ० |
| ४ | वित्तीय व्यवस्था | | ० | ० | | ० |
| ५ | आन्तरिक श्रण | | ० | ० | | ० |

## २.५ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

**क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट**

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन बर्षको अनुमान र प्रक्षेपण (रु. लाखमा)***

| क.सं. | रणनीतिक स्तम्भ | २०७७/७८ को अनुमान | | २०७८/७९ को प्रस्तावित | | २०७९/८० को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | आर्थिक विकास | | | | | | |
| २ | स्वास्थ्य र शिक्षा | | | | | | |
| ३ | उत्पादन र उत्पादकत्व अभिबृद्धी | | | | | | |
| ४ | सामाजिक सुरक्षा तथा संरक्षण | | | | | | |
| ५ | न्यायपूर्ण समाज | | | | | | |
| ६ | प्राकृतिक स्रोत तथा उत्थानशिलता | | | | | | |
| ७ | सुशासन तथा प्रादेशिक सन्तुलन | | | | | | |
| ८ | स्थानीय तहमा हस्तान्तरण अनुदान | | | | | | |
| | **जम्मा** | | | | | | |

**ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

*तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. लाखमा)*

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रम संख्या | २०७६/७७ को व्यय अनुमान | | २०७७/७८ को खर्च प्रक्षेपण | | २०७७/७८ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | | | | | | | |
| प्राथमिकता दोश्रो (P2) | | | | | | | |
| प्राथमिकता तेश्रो (P3) | | | | | | | |
| साँकेतीकरण नगरेको | | | | | | | |
| **जम्मा** | | | | | | | |

**ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट**

दिगो विकास लक्ष्य बमोजिम आमाी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

*तालिका २.६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. लाखमा)*

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०७६/७७ को व्यय अनुमान | | २०७७/७८ को खर्च प्रक्षेपण | | २०७७/७८ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | | | | | | | |
| २ | शुन्य भोकमरी | | | | | | | |
| ३ | स्वस्थ्य जीवन | | | | | | | |
| ४ | गुणस्तरीय शिक्षा | | | | | | | |
| ५ | लैंगिक समानता | | | | | | | |
| ६ | सफा पानी र स्वच्छता | | | | | | | |
| ७ | आधुनिक उर्जामा पहुँच | | | | | | | |
| ८ | समावेशी आर्थिक बृद्धि र मर्यादित काम | | | | | | | |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | | | | | | | |
| १० | असमानता न्यूनीकरण | | | | | | | |
| ११ | दीगो शहर र समुदाय | | | | | | | |
| १२ | दीगो उपभोग र उत्पादन | | | | | | | |
| १३ | जलबायु परिवर्तन अनुकुलन | | | | | | | |
| १४ | पानी मुनीको जीवन | | | | | | | |
| १५ | जमीन माथिको जीवन | | | | | | | |
| १६ | शान्ति तथा न्यायपूर्ण र सशक्त समाज | | | | | | | |
| १७ | दीगो विकासका लागि साझेदारी | | | | | | | |
| | **जम्मा** | | | | | | | |

**घ. लैंगिक संकेतको आधारमा बाँडफाँट**

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ।

***तालिका २.७ : लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. लाखमा)***

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७६/७७ को व्यय अनुमान | | २०७७/७८ को खर्च प्रक्षेपण | | २०७७/७८ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लााभ | | | | | | | |
| अप्रत्यक्ष लाभ | | | | | | | |
| तटस्थ | | | | | | | |
| **जम्मा** | | | | | | | |

## २.६ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण सम्बन्धी विस्तृत विवरण अनुसूची १ र २ मा उल्लेख गरिएको छ ।

***तालिका २.८ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. लाखमा)***

| विषय क्षेत्र | २०७६/७७ को व्यय अनुमान | | | | २०७७/७८ को खर्च प्रक्षेपण | | | | २०७७/७८ को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कूल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | कूल | चालु | पुंजीगत | वित्तीय व्यवस्था |
| शिक्षा, युवा र खेलकुद | | | | | | | | | | | | |
| स्वास्थ्य तथा पोषण | | | | | | | | | | | | |
| उद्योग र व्यावसाय | | | | | | | | | | | | |
| पर्यटन र सँस्कृति | | | | | | | | | | | | |
| सहकारी र वित्त सेवा | | | | | | | | | | | | |
| कृषि तथा भूमि व्यवस्था | | | | | | | | | | | | |
| जलस्रोत र सिंचाई | | | | | | | | | | | | |
| खानेपानी र सरसफाई | | | | | | | | | | | | |
| वन र वातावरण | | | | | | | | | | | | |
| विपद व्यवस्थापन | | | | | | | | | | | | |
| भौतिक पूर्वाधार विकास | | | | | | | | | | | | |
| महिला, वालबालिका र लक्षित वर्ग | | | | | | | | | | | | |
| सुशासन र संस्थागत विकास | | | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | | | |

आर्थिक वर्ष २०७७/७८ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ । यसैगरी कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र संकेत अनुसूची २ मा समावेश गरिएको छ ।

# परिच्छेद ३
# आर्थिक विकास

## ३.१ पष्ठभूमि

नेपालको संविधानले सुनिश्चित गरेको नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ। नेपाल सरकार एवं प्रदेश सरकारले तर्जुमा गरेको नीति, कानून, योजना र लक्ष्यसँग तादाम्यता कायम गरी स्थानीय सरकारले समेत उक्त अधिकार सुनिश्चित गर्न योजनाबद्ध ढंगले प्रयास गर्न आवश्यक छ। यस तथ्यलाई मनन् गर्दै नगर क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि उद्योग व्यावसाय, पर्यटन र कृषि क्षेत्रको विकास र प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यस नगरपालिकाको सन्दर्भमा नगरपालिकाको प्रस्तावित भूउपयोग क्षेत्र तथा योजना अनुसार आर्थिक विकास प्रयासलाई डोऱ्याउन यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ।

## ३.२ विद्यमान अवस्था, संभावना तथा अवसर

आवास, उद्योग व्यावसाय र शैक्षिक संगमस्थलको रुपमा देशकै नमूना शहरको रुपमा उदियामान यस कोहलपुर नगरपालिका कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशको मुख्य प्रवेशद्धार तथा व्यापारिक केन्द्रको रुपमा रहेको छ। हरित र व्यवस्थित नगरको रुपमा विकासको गतिमा तिब्र रुपमा लम्कदै गरेको यस नगरपालिकाको कुल १८,४२६ क्षेत्रफल मध्ये ६५.३ प्रतिशत अर्थात ११,९८४ वन क्षेत्र वा हरियालीले ढाकेको छ। यसैगरी नगरपालिकाको २३ प्रतिशत क्षेत्र (४१८९ हेक्टर) कृषियोग्य रहेको छ। कूल ४१८९ हेक्टर खेतियोग्य जमीन मध्ये ४,००० हेक्टर अर्थात ९५ प्रतिशत जमीनमा हाल खेतीपाती भईरहेको देखिन्छ। हरियाली र मनोरम वातावरण तथा अन्न भण्डारको क्षमता बोकेको यो नगरका करिव ७० प्रतिशत मानिस कृषि पेशामा आबद्ध रहेका छन्। खेतीयोग्य जमिन तथा वन क्षेत्रले हराभरा यस नगर क्षेत्रको माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, वस्तीयोग्य क्षेत्र र भोगोलिक अवस्थिति आदिको विस्तृत अध्ययनको आधारमा कृषि, पशुपालन, वन, उद्योग र पर्यटन जस्ता वातावरणमैत्री आर्थिक विकासका कार्यक्रम जोड दिनु पर्ने देखिन्छ।

नेपाल सरकारले गरेका प्रतिवद्धता जनाएका अन्तराष्ट्रिय प्रतिवद्धताहरु दिगो विकासको लक्ष्य एक हो। दीगो विकासको लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य अनुरुप नेपाल सरकारले वि.सं. २०७७ सम्ममा खाद्यान्नमा आत्मनिर्भर हुने एवम् पाँच वर्ष भित्र कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिवद्धता जनाएको छ। नगर क्षेत्रमा करिव ४०० वर्ग कि.मि क्षेत्रफलमा प्रमुख वालीको रुपमा धान तथा गहुँ उत्पादनमा नगरपालिका आत्मनिर्भर रहेको छ। यसका साथै मकै र दलहन (अरहर, चना केराउ, मसुरो, मास, बोडी, भटमास) बाली, तेलहन (तोरी, सर्स्यु, आलस, तिल, सुर्यमुखी आदी) बालीको उत्पादन समेत प्रशस्त भैरहेको छ। तिब्र गतिमा आवास, उद्योग र व्यावसाय र भौतिक विकास लगायत शहरी विकासका कार्यहरु अगाडि बढिरहेको यस नगर क्षेत्रमा ७० प्रतिशत घरपरिवार संलग्न रहेको खेती प्रणाली भने परम्परागत रहेको छ। यसबाट देशका अन्य शहरोन्मुख ठाउँहरु जस्तै यस नगरपालिकामा पनि कृषि र हरियाली क्षेत्र खुम्चिदै जाने खतरा देखिएको छ।

खाद्य सुरक्षातर्फ यस नगरपालिकामा आफ्नै उत्पादनले वर्षैभरी खान पुग्ने परिवार १९ प्रतिशत रहेका छन। यसका लागि एकातिर कृषिमा व्यावसायिक उत्पादनका लागि उन्नत प्रविधिहरुको प्रयोगको शुरुवात भैसकेको देखिन्छ। अर्कोतिर यस नगरपालिकामा होहलपुर, चपरगौडी, हवलदारपुर, कौशीलानगर, मनकामना चोक, विकास नगर, रंगिला चोक जस्ता आन्तरिक बजारहरुको विस्तार भैरहेको छ भने नेपालगञ्ज, कर्णाली प्रदेशको राजधानी सुर्खेत लगायत नेपाल भित्र र भारतमा समेत बजारको सहज पहुँच रहेको छ।

नगरपलिकामा करिव ७५६ हेक्टरमा सिक्टा सिंचाई आयोजना र डुडुवा सिंचाई आयोवनाबाट सिंचाई भैरहेको छ । हाल प्रयोगमा रहेका सिंचाई प्रविधिहरुमा नहर, कूलो, बोरिङ, थोपा सिंचाई, रहेका छन् । सिंचाईका लागि यस नगरपालिकामा रहेका खोला नालाहरुबाट सतह र लिफ्ट सिंचाई प्रणालीको दीगो व्यवस्थापनबाट खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न सकिने संभावना रहेको छ । आवासिय तथा व्यापारिक केन्द्रको रुपमा विकास हुँदै गरेको यस कोहलपुर नगरपालिकामा झन्डै ८० प्रतिशत परिवारहरु पशुपालनमा संलग्न रहेको देखिन्छ ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा मुख्य रुपमा बाख्रा पालन, गाई  पालन, राँगा तथा भैसी, सुगुर तथा बंगुर, कुखुरा तथा माछा पालन रहेको देखिन्छ । खसी बोकाको वार्षिक २९१ मेट्रिन टन मासु उत्पादन भैरहेको, व्यवसायिक कुखुपालनबाट वार्षिक १९८ मेट्रिन टन बराबरको मासु उत्पादन, सुगुर तथा बंगुरको वार्षिक उत्पादन ७८ मेट्रिन टन, राँगा तथा भैसीको मासु २५९ मेट्रिन टन उत्पादन हुने गरेको देखिन्छ । गाईपालनको प्रसस्त संम्भावना रहेको यस नगरपालिकामा २७३००० लिटर वार्षिक दुध उत्पादन हुने गरेको छ भने नगरपालिकामा गाईभैंसीपालन फर्म करिव ८० वटा र ३० दुध संकलन केन्द संचालनमा रहेका छन् ।

यसैगरी यस नगर क्षेत्रमा बाख्राको व्यवसायिक उत्पादन गर्ने उद्धेश्यले बाख्रा पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक उत्पादन भैरहेको छ । करिव २०० वटा व्यवसायिक कुखुरापालन फर्म, ८ वटा व्यवसायिक माछापालन फर्म संचालनमा रहेको देखिन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधानको अभ्यास शुरु भैसकेको देखिन्छ । नगरपालिकामा ७० प्रतिशतले घरपरिवारले पशु विमा गरेका र ७५ प्रतिशत परिवार पशु सेवाको पहुँच रहेका छन् । यस क्षेत्रमा ४ जना पशु सेवा प्राविधिकबाट पशु विकास तथा स्वास्थ्य सेवा उपलव्ध भैरहेको छ ।

पशु विकासका लागि नगरपालिका क्षेत्रमा उन्नत जातको घाँस खेतीको २ वटा स्रोत केन्द्रको स्थापना रहेको छ । वनजङ्गल, खुला क्षेत्र र कृषि क्षेत्र प्रर्याप्त रहेको कारण नगरपालिकाको ग्रामीण क्षेत्रमा चरण क्षेत्रको विकास गर्न सकिने र पशुजन्य उत्पादनको वजारको सम्भावना अधिक रहेको छ । उन्नत प्रविधि, नश्ल र आहार तथा खोर व्यवस्थापन आदिद्वारा पशुपंक्षीपालनलाई व्यावसायीकरण गरी उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यावसायिक दक्षता अभिवृद्धि जस्ता कार्य गर्न सकेमा नगरपालिकामा पशुपालन कार्यलाई थप व्यवसायिक, उत्पादन र आयमूलक वनाउन सकिने संभावना देखिन्छ ।

पाटे वाघ तथा पश्चिम तराईको जैविक विविधतायुक्त क्षेत्रको संरक्षणको रमणिय तथा हरियाली बाँके राष्ट्रिय निकुञ्ज रहेको यस नगरपालिका पर्यटन विकासको दृष्टिकोणले प्रमुख सम्भावना भएको क्षेत्र मध्ये एक हो । यस नगरपालिकामा ६० भन्दा बढी मनोरम प्राकृतिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रहरु रहेका छन् । सो मध्ये सृजना भिउ टावर, जैविक पार्क, हात्तिसार, शिद्धिविनायक पार्क, नमूना सामुदायिक होमस्टे र चर्च प्रमुख रहेका छन् । उपरोक्त स्थलहरुमा दैनिक ४५० भन्दा बढी पर्यटक तथा धर्मालम्बीहरुले भ्रमण गर्ने गरेका छन् । यसैगरी यस नगरपालिकाका अधिकांश क्षेत्र जैविक विविधता र दृश्यावलोकनको लागि महत्वपूर्ण रहेको छ । जैविक विविधता, ताल पोखरी अन्य प्राकृतिक र साँस्कृतिक सम्पदा र थारु सँस्कृती, भाषा र कलाको संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसारद्वारा ग्रामीण एव्म कृषि पर्यटन विकास र प्रवर्धनको संभावना प्रशस्त देखिन्छ ।

नेपालको आवासीय र ब्यावसायिक संगमस्थल शहरको रुपमा कोहलपुर नगरपालिका विकसित हुँदै गएको छ । हाल नगरपालिकाको बजार, ब्यापार तथा व्यावसाय कोहलपुर क्षेत्रमा केन्द्रित रहेको छ । हाल नगर क्षेत्रमा सानाठूला गरी ३३५ वटा उद्योग संचालनमा रहेका छन् र सो मध्ये १८ वटा ठुला उद्योग रहेका छन् । साथै नगरपालिकामा १९०० वटा ब्यापार ब्यावसाय दर्ता भएर हाल सञ्चालनमा रहेका छन् । उपरोक्त उद्योग, व्यापार र व्यावसायमा ६,५२५ जना मानिस संलग्न रहेका छन् ।  नगरपालिकामा कृषि तथा व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति ६,००० नजा रहेका छन । थारु बस्तिको बाहुल्य रहेको नगरमा थारु कला संकृति झल्कने किसिमका ३ स्थानमा होमस्टे संञ्चालनमा रहेका छन । थारु सँस्कृति, खानपान, कला, उत्पादन, स्वागत सत्कारमा आधारित पर्यटन ब्यावसाय र उद्योग प्रमुख संम्भावना रहेको देखिन्छ ।

नगर क्षेत्रमा कृषि, पशुपंक्षीजन्य उपज, माछा र जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बुन्धी उद्योग ब्यावसायको संभावना रहेको छ । हाल कृषि, पशुपंक्षी, माछा, जडिबुटी उत्पादनको लागि आवश्यक प्रविधि, सामग्री, सेवा र स्थानीय उत्पादन बजारीकरण सम्बन्धी ब्यापार ब्यवसायमा पनि क्रमिक बृद्धि हुँदै गईरहेको छ । प्रचार प्रसार, बजार ब्यवस्था, बजारीकरण, भौतिक पूर्वाधारको ब्यवस्था जस्ता कुराहरुको प्रबर्द्धन गर्न सकेमा उद्योग, ब्यापार तथा ब्यवसाय सिर्जना र विकास मार्फत नगरपालिकाको आर्थिक विकासमा ठूलो टेवा पुग्ने प्रमुख संम्भावना रहेको छ ।

आर्थिक विकासको प्रमुख साधन मध्ये श्रम शक्ति एक हो । रोजगारीका प्रशस्त संभावना तथा अवसर उपलब्ध रहेको यस नगरका मुख्य क्षेत्रहरुमा ४००० भन्दा बढी व्यापार, सेवा क्षेत्र, कृषि तथा पशुपंन्क्षी पालन, निर्माण क्षेत्र, पर्यटन, उद्योग तथा कलकाखाना रहेको देखिन्छ । युवा तथा वेरोजगार व्यक्तिलाई औद्योगिक तालिम, अवलोकन, आद्योगिक अभ्यासद्वारा दक्ष प्राविधिक मानव श्रोत उत्पादन गर्ने, विमा, पेन्सन, जीविकोपार्जन, स्वास्थ्योपचार लगायत सामाजिक सुरक्षाको माध्यमद्वारा श्रमको समस्या हल गरी रोजगारको अवसर सृजना गर्न सकिने देखिन्छ ।

यस नगरपालिका ब्यवस्थित शहरउन्मुख रहेको नगर हो । यहाँ ३४ सेवा प्रदायक वित्तीय संस्थाहरु रहेका छन् जस मध्ये २४ वटा बैंक, ३ वटा फाइन्स कम्पनी र ८ वटा लघु वित्त संस्थाका शाखा रहेका छन् । यसै गरी नगरपालिकामा क्षेत्रमा ९४ वटा सहकारी संस्थाहरु रहेका छन् । नगरपालिकामा ७५ प्रतिशत जनसंख्यामा सहकारी तथा वित्तिय सेवा उपलब्ध भैरहेको छ । तर नगरपालिकाका करीव ६० प्रतिशत घरपरिवारमा बैंक तथा वित्तीय सेवाको पहुँचमा रहेको देखिन्छ ।

## ३.३ समस्या र चूनौति

कोहलपुर नगरपालिका खाद्यन्न वाली धान तथा गहुँ तर्फ आत्मानिभर भईसकेको हालको अवस्थामा पनि परम्परागत निर्वाहमुखी खेती प्रणाली कायम रहेको छ । भुउपयोग नीतिको अभावमा खेतीयोग्य र हरित क्षेत्र खुम्चदै जानु, समयमा गुणस्तरीय बीउ, मल र प्राविधिक सेवा उपलब्ध नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरु हुन् । यसै गरी स्थानीय स्तरमा बीउ उत्पादन, संरक्षण र उपयोग हुन नसक्नु, जंगली जनावारको कारण खेतीबालीमा क्षती पुग्नु, लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, सिंचाई सुविधा कमी हुँदा मौसमी खेती हुनु तथा मौसमी रुपमा जग्गा बाझो रहनु, पकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम संचालन नहुनु, खेतीयोग्य जमिन खण्किरण हुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् ।

कृषि प्राविधिक जनशक्तिको कमी हुनु तथा माटोको नियमित परीक्षण नहुनु, कोल्ड स्टोरको सुविधा नहुनु, कृषिमा कम श्रममुल्यांकणका कारण श्रमशक्तिको अभाव हुनु, वजार व्यवस्था नहुनु, जस्ता अन्य समस्याहरु पनि विद्यमान रहेका देखिन्छन् । यसका साथै व्यवसायिक ज्ञान तथा सूचनाको कमी, आधुनिक तथा महिलामैत्री प्रविधिको अभाव, कृषि बजारको कमी, वितिय सेवा पहुँचमा कमी, कृषि विमाको अभ्यासको कमी, संकलन केन्द्रको कमी आदि यस क्षेत्रका मुख्य चुनौतीको रुपमा रहेका छन् ।

हरित क्षेत्र र अन्न भण्डारको रुपमा रहेको यस नगरमा स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातीका बीउ बिजन उत्पादन गर्ने नर्सरी विस्तार नहुनु र कृषकहरुले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त हुन नसक्नु पनि मुख्य चुनौती रुपमा देखिएका छन् । रैथाने बीउ विजनको संरक्षण र उपलब्धता नहुँदा वाह्य तथा आनुबांशिक जातिय शुद्धता र गुणस्तर कम भएका बीउविजनको प्रयोग गर्नु पर्ने वाध्यता रहेको छ । आयातित बीउ विजन पनि समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन । जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानीकारक झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिम पनि हालका दिनमा बृद्धि भइरहेको छ । यस नगरपालिका ब्यवस्थित शहरउन्मुख रहेको नगर हो । यहाँ ३४ सेवा प्रदायक वित्तीय संस्थाहरु रहेका छन् जस मध्ये २४ वटा बैंक, ३ वटा फाइन्स कम्पनी र ८

वटा लघु वित्त संस्थाका शाखा रहेका छन् । यसै गरी नगरपालिकामा क्षेत्रमा ९४ वटा सहकारी संस्थाहरु रहेका छन् । नगरपालिकामा ७५ प्रतिशत जनसंख्यामा सहकारी तथा वित्तिय सेवा उपलब्ध भैरहेको छ । तर नगरपालिकाका करीव ६० प्रतिशत घरपरिवारमा बैंक तथा वित्तीय सेवाको पहुँचमा रहेको देखिन्छ ।

राष्ट्रिय गौरवको सिक्टा सिचाई आयोजना अलपत्र पर्नु, पानीको सिमित स्रोतका कारण संचालित अन्य सिंचाई आयोजनाहरु विस्तार हुन नसक्नु तथा संकलन पोखरी, भूमिगत सिंचाइ र लिफ्ट प्रणाली जस्ता वैकल्पिक सिंचाई आयोजना सञ्चालन हुन नसकुन मुख्य चुनौतीको रुपमा रहेको देखिन्छ । नगरको उत्तरतर्फका भुभाग उच्चो भएको कारण सतह तथा वैकल्पिक सिंचाई प्रणाली विस्तार गर्न समस्या रहेता पनि साना सिंचाई आयोजना सञ्चालन गर्न आवश्यक रहेको देखिन्छ ।

झण्डै ८० प्रतिशत नगरवासी पशुपालनमा संलग्न रहेको यस नगर क्षेत्रमा अझै पनि परम्परागत वा निर्वाहामुखी प्रणालीबाट पशुपंक्षीपालन हुनु प्रमुख चुनौती देखिएको छ । नगरमा जम्मा ४ जना मात्र पशु सेवा प्राविधिक उपलब्ध हुनु तथा उन्नत जातको गाईभैसी, बाखापालन नहुनु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थापनमा कमी तथा दक्ष प्राविधिकको सेवा विस्तार हुन नसक्नु, सरल कर्जाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य यस क्षेत्रका समस्या रुपमा रहिरहेको छ । एग्रोभेट केन्द्र तथा व्यवसायको कमी हुनु, उन्नत जातको घाँस खेती र चरन क्षेत्रको कमी, दक्ष जनशक्तिको कमी पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, पशु प्रसार सेवाको कमी जस्ता पक्ष पनि थप समस्याको रुपमा रहेको छ ।

ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि गुरुयोजना नहुनु, व्यवस्थित रुपमा थारु होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलव्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु प्रमुख समस्याको रुपमा देखिएका छन् । यसै गरी पर्यटन प्रवर्द्धनको निम्ति आवश्यक नीति नियम नहुनु, पर्यटकीय विकासको लागि आवश्यक सूचना, पथ प्रदर्शकहरु लगायत प्रवर्धनात्मक कार्यहरुको कमी हुनु, पर्यटन विकासमा नीजि क्षेत्र, गैर सरकारी र समुदायको समन्वय र सहकार्यमा कमी हुनु र सो क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको लगानी नहुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेको देखिन्छ ।

संङघीय शासन प्रणाली कार्यान्वयन पछि उद्योग, ब्यापार तथा ब्यावसायको दर्ता, नविकरण, कर तथा नियमन प्रक्रिया रहेको नीतिगत तथा कानूनी जटिलताको कारण नगरपालिकामा धेरैजसो उद्योग, ब्यापार र ब्यावसायहरु दर्ता, नविकरण नभै संचालनमा रहेका छन् । नीतिगत तथा कानूनी प्रक्रियामा स्पष्टता ल्याई सो अनुसार उपरोक्त उद्योग, ब्यापार र ब्यवसायलाई नगरपालिकामा दर्ता गर्ने, सालबसाली नविकरण गर्ने र नियमित र सहज रुपमा व्यावसाय कर तथा दस्तुर संकलन एक प्रमुख समस्या तथा चूनौति रुपमा रहेको छ ।

नगरपालिकामा उद्योग व्यावसाय सम्बन्धी सीप तथा जानकारी भएका ६,००० जना भन्दा बढी प्राविधिक जनशक्ति रहेको भएता पनि यस नगरपालिकामा उद्योग व्यवसायमा संम्लग्न जनसंख्या न्यून रहेकोले उल्लिखित प्रावधिक मानव श्रोत लगायत मानव श्रोतको सम्बन्धीत क्षेत्रमा परिचालन गर्ने चुनौती रहेको देखिन्छ,। संचालनमा रहेका उद्योगहरु पनि परम्परागत व्यावसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग संचालनका लागि वित्तीय पहुँच नहुनु तथा स्थानीयस्तरमा विशेषज्ञ स्तरको दक्ष जनशक्तिको उपलव्धता नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ । यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक परामर्श सेवा तथा सूचना र प्रविधिमा कमीजस्ता उद्योग व्यवसाय विकासको चुनौतिको रुपमा रहेका छन् ।

दक्ष प्राविधिकको मानव श्रोतको उपलब्ध्ता तथा श्रम समस्या (विमा, पेन्सन, जिविकोपार्जन, स्वास्थ्य उपचार आदि) लगायत सामाजिक सुरक्षा कार्यक्रम लागु नहुनु, श्रम शक्ति पलायन हुनु जस्ता यस क्षेत्रमा प्रमुख समस्या तथा चुनौती रहेको देखिएका छन् ।

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तीय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीय समुदायमा आम्दानी तथा बचतको अभ्यासमा कमी रहनु यस क्षेत्रको विस्तारमा चुनौतीको रुपमा रहेको छ ।

## ३.४ अवसर

यसबाट उद्योग व्यवसाय विकास र बिस्तार गरी उत्पादन र रोजगारी बृद्धिको संभावना देखिन्छ । यस नगरपालिकामा औद्योगितक उत्पादन, पर्यटकीय स्थल र सेवा, कृषि तथा पशुजन्य उपज, वन र जडिबुटीको विकासको लागि प्रदेश तथा पश्चिम नेपालको व्यापारिक हब नेपालगञ्ज सहित विभिन्न बजार र प्रदेशको अस्थायी राजधानी बुटवल बजारसँग सहज पहुँच रहेको छ ।

## ३.५ आवधिक योजना अनुसार विषय क्षेत्र सोच, लक्ष्य, उद्देश्य र रणनीति

### ३.५.१ सोच

नगरपालिकाको आर्थिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ क्रियाशिल स्थानीय अर्थतन्त्रको निर्माण

### ३.५.२ लक्ष्य

नगरपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

⌘ नगरको आर्थिक गतिविधि, उत्पादन, रोजगारी र आयमा समतामूलक, गुणात्मक र दीगो वृद्धि गर्नु

### ३.५.३ उद्देश्य

नगरपालिकाका आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. कृषि उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरणमा विकास गर्नु ।
२. खेतीयोग्य जमीनमा भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउनु,
३. पशुपंक्षीजन्य उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरण र औद्योगिकरणमा विकास गर्नु,
४. स्थानीय प्राकृतिक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको पूर्वाधार, सेवा सुविधा विकास र प्रवर्धन तथा पर्यटकीय आवागमनमा बृद्धि गर्नु,
५. उद्योग, व्यापार तथा व्यवसायको सिर्जना, विकास र उत्पादनमा बृद्धि गर्नु,
६. श्रम तथा रोजगारमूलक आयोजना तथा कार्यक्रम विकास, विस्तर र प्रवर्धन गर्नु
७. वित्तीय सेवामा नागरिकको पहुँच बृद्धि गर्नु ।

### ३.५.४ रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अवलम्बर गरिनेछ :

***उद्देश्य १ सँग सम्बन्धित***

१. कृषि तथा पशुपन्छी उत्पादन प्रवर्धन, व्यवसायीकरण र विविधिकरण प्रोत्साहन गरी कृषकलाई उद्यमी बनाउने
२. कृषि र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको बृद्धि गर्ने
३. कृषक एवं कृषिमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने
४. स्थानीय कृषि व्यवसाय विकास नीति तथा योजना तर्जुमा कार्यान्वयन गर्ने

*उद्देश्य २ सँग सम्बन्धित*

१. विद्यमान सिंचाइ प्रणालीको मर्मत सम्भार र स्तरोन्नति गर्ने

२. वैकल्पिक सिंचाइ सुविधाको बिकास र प्रयोग बढाउने

*उद्देश्य ३ सँग सम्बन्धित*

१. पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, प्रवर्धन, विविधिकरण र विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गर्ने

२. कृषक एवं कृषिमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने र कृषकलाई उद्यमी बनाउने

३. पशुपंक्षीजन्य उपजको वजार प्रवर्द्धन तथा पूर्वाधार विकास गर्ने

४. पशुपंक्षी पालन सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने

*उद्देश्य ४ सँग सम्बन्धित*

१. पर्यटकीय स्थल, स्रोत र सम्पदाको पहिचान नक्शाङ्कन, विकास र प्रवर्द्धन गर्ने

२. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने

३. पर्यटन क्षेत्रलाई नगर विकासको एक अग्रणी क्षेत्रको रुपमा विकास र प्रवर्धन गर्न संस्थागत तयार गर्ने

४. पर्यटन विकासको माध्यमद्वारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गर्ने

५. थारु लगायत अन्य समुदायको स्थानीय कला, सँस्कृति भेषभुषा र सम्पदाको संरक्षण र प्रवर्धन गरी पर्यटन विकासको अवसरमा अभिबृद्धी गर्ने

*उद्देश्य ५ सँग सम्बन्धित*

१. कोभिड १९ ले उद्योग, व्यापार र व्यावसायमा पारेको नकारात्मक असर न्यूनीकरण गर्न राहत र पुनर्लाभको कार्यक्रम संचालन गर्ने

२. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीप र रोजगारी सृजना गर्ने उद्योग, व्यावसायलाई प्राथमिकता दिई संचालन गर्ने

३. नगर क्षेत्रको विशेषता, मौलिकता र आर्थिक विकासको प्राथमिकता अनुसार औद्योगिक र व्यावसायिक उत्पादनलाई विशिष्टीकरण गर्ने

५. उद्योग व्यवसायमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता जोड दिने

६. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

*उद्देश्य ६ सँग सम्बन्धित*

१. नगरपालिकामा संचालन हुने विकास निर्माण कार्य मार्फत श्रम तथा रोजगार प्रवर्धन गर्ने

२. नगरपालिकाको तत्कालिन, मध्यमकालिन र दीर्घकालिन अवधिका लागि रोजगार योजना बनाई सो अनुसार विकास निमार्ण कार्य संचालन गर्ने

३. युवालाई लक्षित गरी उत्पादन, रोजगारी र आयमा बृद्धि गर्ने

*उद्देश्य ७ सँग सम्बन्धित*

१. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच बृद्धि गर्ने

२. बैंकिङ तथा वित्तीय कारोवारमा नगरवासीको सहज पहुँच कायम गर्ने

## ३.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

आर्थिक विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालिन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ : आर्थिक क्षेत्र विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालिन लक्ष्य**

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | संख्या | ६४६८ (१३.०७) | ७४६८ | ८००० | ९४६८ |
| उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | संख्या | ६५२६ (१३.१९) | ७२०० | ७६०० | ८२०० |
| नोकरी | संख्या | १४८९ (३) | १६०० | १७०० | १८०० |
| पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | संख्या | २५०० | ३००० | ३५०० | ४००० |
| वैदेशिक रोजगारीमा गएका व्यक्ति | संख्या | (३७०६) ७.५ | ३००० | २७०० | २५०० |
| ज्याला मजदुरी | संख्या | १७५९६ (३५.५) | १७००० | १६२०० | १५५०० |
| उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने घरपरिवार | संख्या | ११७६६ | १२७६६ | १४००० | १५००० |
| आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | १९ | २० | २२ | २५ |
| साना किसान/उत्पादकको औषत वार्षिक आय | रु. हजारमा | १०२० | ११०० | १३०० | १५०० |
| तरकारी उत्पादन | मे.टन | ७०० | ९०० | १००० | ११०० |
| दलहन वाली | मे.टन | ३४५ | ४०० | ४५० | ५०० |
| अन्नवाली | मे.टन | २४७६ | २५०० | २६०० | २७०० |
| फलफुल उत्पादन | मे.टन | ७ | १५ | २५ | ३५ |
| नगदे वाली उत्पादन | मे.ट | ० | ५ | ७ | १० |
| तेलहन उत्पादन | मे.ट | १८५ | २०० | २१५ | २३० |
| संचालित कृषि संकलन केन्द्र | संख्या | ३ | ३ | | ६ |
| जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | मे.टन | २.६ | २.७ | २.८ | २.९ |
| १२ है महिना सिंचाई हुने क्षेत्र | हेक्टर | ७५६ | ८०० | १००० | १२०० |
| प्रयोग भएका सिंचाईका प्रविधि (लिफ्ट, सतह) | हेक्टर | २५० | ३०० | ३५० | ४०० |
| कुखुरा/पन्छीको बार्षिक मासु उत्पादन | मे.टन | १९८ | २०० | १५० | ३०० |
| सुँगुर वा वंगुरको बार्षिक मासु उत्पादन | मे.टन | ७८ | १०० | १२५ | १५० |
| अन्डाको वार्षिक उत्पादन (हजारमा) | संख्या | २४०६४ | ५०००० | ६०००० | ७५००० |
| माछाको बार्षिक उत्पादन | मे.टन | ३ | १० | १५ | २० |
| खसी, वोकाको बार्षिक मासु उत्पादन | मे.टन | २९१ | २९५ | ३१० | ३१२ |
| राँगाको बार्षिक मासु उत्पादन | मे.टन | २५९ | २७५ | ३०० | ३२५ |
| बार्षिक दूध उत्पादन | लिटर | २७३००० | २९०००० | ३००००० | ३१५००० |
| उन्नत घाँसको उत्पादन क्षेत्र | कठ्ठा | १००० | १५०० | १८०० | २१०० |
| भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या | १०००० | १५००० | १८००० | २०००० |
| व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | १ | २ | ३ |
| कृषि पर्यटन संचालन स्थान | संख्या | ० | ० | ० | १ |
| स्तरोन्नती गरिएका पर्यटकीय सम्पदा | संख्या | ३ | ५ | ६ | ८ |
| उद्योग तथा व्यवसायमा संलग्न जनसंख्या | संख्या | ६५२६ | ७००० | ७५०० | ८००० |
| सुचारु व्यापार व्यवसाय | संख्या | ३५८३ | ४००० | ४५०० | ५००० |
| होटल तथा लज | संख्या | १३९ | १३९ | १४३ | १४४ |
| चालु लघु उद्योग | संख्या | ५० | ७५ | ११० | १५० |
| चालु घरेलु तथा साना उद्योग | संख्या | ३३५ | ३५० | ४२० | ५०० |
| चालू ठुला उद्योग | संख्या | १८ | १८ | २० | २५ |
| प्राविधिक मानव संशाधन | संख्या | ५४८ | ६४८ | | ८५० |
| व्यवसायिक प्राविधिक सीपयुक्त दक्ष व्यक्ति | संख्या | ६००० | ६५०० | | ७५०० |
| रोगगारमूलक नयाँ आयोजना/कार्यक्रम | संख्या | ० | २ | | ६ |
| बैंक खाता भएका घरपरिवार | संख्या | ८५७३ | ९५०० | | १२००० |
| सहकारी र वित्तीय संस्थामा आवद्ध घरपरिवार | प्रतिशत | ७५ | ८५ | | ९० |
| बैंक र वित्तीय संस्थाबाट औद्योगिक, व्यवसायिक क्षेत्रमा लगानी रकम | रु. लाखमा | | | | |

## ३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आथिक विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

***तालिका ३.२ : आर्थिक क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान***

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.लाखमा) | | | | खर्चको स्रोत (रु. लाखमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०७७/७८ | २५७२०० | ११४०९० | १४३०९० | ० | | | |
| २०७८/७९ | २६२९०० | १०६११४ | १५६६८४ | ० | | | |
| २०७९/८० | २८९११० | ११६८१३ | १७२३५२ | ० | | | |
| **जम्मा** | ८०९२९० | ३३७०९७ | ४७२१२६ | ० | | | |

## ३.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ३.६ : कृषि तथा खाद्य सुरक्षाको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | **कृषि विकास** | | | | | |
| १.१ | कृषि तथ्याङ्क र कृषि विकास गुरु योजना तर्जुमा | कृषि सम्बन्धी तथ्याङ्कको आधार तयार गर्ने तथा कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारि बनाउने | २०७७/७८ | २५०० | नगरपालिकाको प्राथमिकता | कृषि क्षेत्रको तथ्यांक विवरण र कृषि विकास योजना तयार हुनेछ । |
| १.२ | भुउपयोग क्षेत्र निर्धारण तथा योजना तर्जुमा | अनियन्त्रित तथा अव्यवस्थित भुउपयोगलाई व्यवस्थित गर्ने र नगर विकासलाई व्यवस्थित र दीगो बनाउने | २०७७/७८ देखी २०७९/८० | ४००० | भूउपयोग नीति २०७२ को आधारमा तयार गर्ने | नगरमा भुउपयोग निति निर्माण भई लागु हुनेछ |
| १.३ | एक वडा एक कृषि प्राविधिक तथा अगुवा कृषक कार्यक्रम | कृषि प्राविधिक सेवा र कृषि अभ्यासलाई व्यवहारिक बनाउने | २०७७/७८ देखी २०७९/८० | १६५५० | नीति तथा कार्यक्रमको प्राथमिकता | कृषि उत्पादनको व्यवसायीकरण र उत्पादकत्व बृद्धि हुनेछ । |
| १.४ | विउ उत्पादन तथा भण्डारन कार्यक्रम (सामुदायीक विउ बैंक स्थापना) | स्थानीय जातका विउको संरक्षण तथा विउको उपलब्धता सहज बनाउने | २०७७/७८ देखी २०७९/८० | ४९६५ | राष्ट्रिय नीति तथा प्राथमिकता | ३ स्थानमा सामुदायीक विउ बैंक स्थापना र संचालन हुनेछ |
| १.५ | कृषि सेवा केन्द्रको स्थापना (मल, विउ, यन्त्र, विषादि, प्राविधिक सेवा, ढुवानी आदी) | कृषि सेवालाई एककृत गर्न र सहज उपलब्ध बनाउने | २०७७/७८ देखी २०७९/८० | ९९३० | कृषि सेवा केन्द्रलाई नमूनाको रुपमा विकास गर्ने | कृषि सेवा केन्द्रको स्थापना हुनेछ |
| १.६ | कृषि उत्पादन पकेट कार्यक्रम | कृषि प्रसार सेवा र उत्पादनलाई विविधिकरण गर्ने | सालबसाली | ४९६५ | भुउपयोग नीति र कृषि विकास गुरुयोजना | कृषि उत्पादनको बृद्धि र उपजको बिविधिकरण हुनेछ । |
| १.७ | खाद्यान्न बाली विकास कार्यक्रम ( धान, गहुँ, मकै) | खाद्यान्य बालीको उत्पादन बृद्धि गर्न | सालबसाली | ३९७२ | खाद्यान्न पकेट क्षेत्र | खाद्यान्न बालीको क्षेत्रफल र उत्पादनमा १५ प्रतिशले बृद्धि हुनेछ । |
| १.८ | व्यवसायिक फलफूल उत्पादन पकेट विकास कार्यक्रम (मौरी पालन पुत्का संरक्षण समेत) | फलफुलको व्यवसायिकरण गरी रोजगारी सृजना गर्न | २०७७/७८ देखी २०७८/७९ | ३३१० | भुउपयोग नीति अनुसार | ..... हेक्टरमा फलफुल उत्पादन पकेट क्षेत्र निर्धारण भई फलफुल कार्यक्रम सचालन हुनेछ । |
| १.९ | मत्स्य विकास कार्यक्रम | माछा उत्पादनमा वृद्धि गर्न तथा रोजगारीको सृजना गर्न | २०७७/७८ देखी २०७८/७९ | १४८९५ | भुउपयोग नीति अनुसार | ...... वटा मत्स्य व्यवसाय संचालन हुनेछ । |
| १.१० | नमूना कृषि फार्म कार्यक्रम | नगरमा कृषि आयात घटाउने | २०७७/७८ देखी २०७८/७९ | ११५८५ | भुउपयोग नीति अनुसार | ... वटा कृषि फार्म स्थापना र सञ्चालन हुनेछ |
| १.११ | बहुउद्देश्यीय कृषि नर्सरी संचालन | कृषि व्यवसायको विकास र बृद्धि हुनेछ । | २०७७/७८ देखी २०७८/७९ | १६५५ | भुउपयोग नीति अनुसार | ... वहुउद्देश्यीय कृषि नर्सरी स्थापना र संचालन हुनेछ |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १.१२ | जैविक मल तथा विषादी प्रवर्द्धन कार्यक्रम (गोठ तथा भकारो सुधार कार्यक्रम समेत) | जैविक मलको उत्पादनमा बृद्धि गर्ने | सालबसाली | ८२७५ | नीति तथा कार्यक्रमको प्राथमिकता | जैविक मल उत्पादन गर्ने व्यवसात्रय र घरपरिवारको संख्या ...... हुनेछ। |
| १.१३ | कृषि उपज संकलन, हाटवजार, सित भण्डार, कृषि सहकारी र कृषि एम्बुलेन्स प्रबद्धन र संचालन | उत्पादित कृषि उपजहरुको बजारीकरण, भण्डारण तथा विक्रि वितरण सहजीकरण गने। | २०७७/७८ देखी २०७८/७९ | ४६३४० | नीति तथा कार्यक्रमको प्राथमिकता | ५ वटा कृषि संकलन केन्द्र, २ वटा शीत भण्डार, १५ वटा कृषि सहकारी र १ कृषि एम्बुलेन्स स्थापना र संचालन हुनेछ |
| १.१४ | कृषि सहकारी, बजारीकरण र प्रवर्द्धन कार्यक्रम | कृषि सहकारी मार्फत कृषि उपजको संकलन, बजारीकरण र प्रशोधन गर्ने | २०७७/७८ देखी २०७८/७९ | ९९३० | नीति तथा कार्यक्रमको प्राथमिकता | १५ वटा कृषि सहकारी गठन भई संकलन, बजारीकरण र प्रसोधनमा क्रियाशिल हुनेछन्। |
| १.१५ | कृषि प्राबिधिक शिक्षा प्रवर्धन | विद्यार्थीलाई जीवनपयोगी र प्राविधिक शिक्षा प्रदान गर्ने र ज्ञान हस्तान्तरण गर्ने | २०७७/७८ देखी २०७८/७९ | २९७९० | आवधिक योजना उल्लिखित | ग्रामीण वस्ती र कृषि क्षेत्रका ३ वटा विद्यालयमा कृषि शिक्षाको पठनपाठन संचालन हुनेछ। |
| १.१६ | खाद्यन्न, तरकारी, फलफुल गुणस्तर परीक्षण, नियमन र न्युनीकरण प्रयोगशाला स्थापना | खाद्यन्न, तरकारी तथा फलफुलको गुणस्तर मापनको व्यवस्था गर्ने | २०७७/७८ देखी २०७८/७९ | २४८२५ | आवधिक योजना उल्लिखित कार्यक्रम | १ वटा गुणस्तर परीक्षण प्रयोगशाला स्थापना भई संचालन हुनेछ। |
| १.१७ | कृषक, समूह तथा सहकारी क्षमता विकास कार्यक्रम | समुह तथा सहकारी मार्फत कृषिको व्यवसायिकरण गर्ने | सालबसाली | ३९७२ | राष्ट्रिय, प्रदेश र स्थानीय नीति तथा कार्यक्रम | ३० वटा कृषक समूह तथा सहकारी संस्था कृषि उत्पादन, व्यवसाय र प्रसोधनमा संलग्न हुनेछन्। |
| १.१८ | कृषि सम्बन्धी सालबसाली कार्यक्रम | कृषि व्यवसाय र उत्पादनमा बृद्धि गर्ने | सालबसाली | ४६३४ | सशर्त अनुदानको व्यवस्था | .... कृषक परिवार लाभान्वित हुनेछन्। |
| २. | **सिंचाई** | | | ० | | |
| २.१ | नयाँ सिंचाई आयोजनाको संभाव्यता अध्ययन र डि.पि.आर तयारी | सिंचाई सुविधा विकास र विस्तार गर्ने | २०७७/७८ देखी २०७९/८० | ३३१० | नगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम | ३ वटा सिँचाई आयोजनाहरुको डिपिआर तयार भई आयोजनाको लागि बजेट विनियोजन हुनेछ । |
| २.२ | वैकल्पिक र साना सिंचाई विकास कार्यक्रम | नहर/मुख्य प्रणालीबाट सिंचाई सुविधा नपुगेको क्षेत्रमा सिंचाई विस्तार गर्ने | सालबसाली | २६४८० | नीति तथा कार्यक्रमको प्राथमिकता | २५ हेक्टर क्षेत्रमा वैकल्पिक प्रणालीबाट सुविधा विस्तार हुनेछ। |
| २.३ | पोखरी निर्माण तथा संरक्षण कार्यक्रम | अन्य श्रोत उपलब्ध र संभावना नहुने जग्गामा सिंचाई सुविधा बृद्धि गर्ने | सालबसाली | १६५५० | नगरपालिकाको प्राथमिकता बमोजिम | १२ वटा पोखरी निर्माण र संरक्षण हुनेछ । |
| ३. | **पशु तथा पंछि विकास** | | | ० | | |
| ३.१ | पशुपंछी श्रोत केन्द्रको स्थापना (वोयर वाखा, कुखुरा र बटाई) | पशुपंक्षी व्यवसाय बृद्धि रोजगारीको अवसर सृजना गर्न | २०७७/७८ देखी २०७९/८० | ११५८५ | नगरपालिकाको प्राथमिकता बमोजिम | १ वटा पशुपंछी श्रोत केन्द्रको स्थापना र संचालन हुनेछ। |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ३.२ | पशु नश्ल सुधार कार्यकम | पशुपंक्षीजन्य उपजको उत्पादकत्व बृद्धि गर्ने | सालबसाली | ४९६५ | राष्ट्रिय नीति र कार्यक्रम | दुध तथा मासुजन्य उत्पादकत्वमा २५ प्रतिशतले बृद्धि हुनेछ । |
| ३.३ | पशु स्वास्थ्य सेवा, उपचार, रोग नियन्त्रण तथा खोप कार्यक्रम | पशु सेवा उपचार सेवामा पहुँच बृद्धि गर्ने | सालबसाली | ९९३० | नगरपालिकाको नीति तथा प्राथमिकता | ३ वटा पशु सेवा केन्द्र स्थापना हुनेछन र नियमित रुपमा खोप र उपचार सेवा संचालन हुनेछ । |
| ३.४ | पशु विमा कार्यक्रम | पशु पालन व्यवसायलाई प्रबद्धन तथा प्रोत्साहन गर्न | सालबसाली | ८२७५ | राष्ट्रिय नीति र कार्यक्रम | .....व्यवसायिक कृषकहरु पशु विमा बाट लाभान्वित हुनेछन । |
| ३.५ | नमूना पशुपंक्षी फर्म संचालन | पशुपंछी पालन व्यवसायमा सहज तथा बृद्धि गर्न | २०७७/७८ देखी २०७९ | १३२४० | नगरपालिकाको नीति तथा प्राथमिकता | ९ वटा नमूना पशुपंक्षी फर्म संचालन हुनेछन् । |
| ३.६ | दुग्ध चिस्यान तथा प्रशोधन केन्द्रको स्थापना र संचालन | गुणस्तरिय दुध विक्रि वितरणमा सहज गर्न | २०७७/७८ देखी २०७९ | ११५८५ | नगरपालिकाको नीति तथा प्राथमिकता | २ दुग्ध चिस्यान तथा प्रशोधन केन्द्रको स्थापना र संचालन हुनेछन् । |
| ३.७ | आधनिक पशुबधशाला स्थापना र संचालन | गुणस्तरिय मासु विक्रि वितरणमा सजह तथा प्रोत्साहन गर्न | २०७७/७८ देखी २०७९ | ७९४४० | नगरपालिकाको नीति तथा प्राथमिकता | २ वटा आधनिक पशुबधशाला स्थापना र संचालन हुने |
| ३.८ | मासु प्रशोधन, विविधिकरण र बजारीकरण कार्यक्रम | मासुको उत्पादन, गुणस्तर र बजार व्यवस्थित र सहज बनाउने | २०७७/७८ देखी २०७९/८० | ९९३० | नगरपालिकाको नीति तथा प्राथमिकता | नगरपालिकामा ३ वटा मासु प्रशोधन केन्द्रको स्थापना हुनेछ |
| ३.९ | पशु स्वास्थ्य प्रयोगशाला स्थापना र संचालन | पशु स्वास्थ्य जाँज तथा उपचारलाई सघन र गुणस्तरीय बनाउने | २०७७/७८ देखी २०७९/८० | ८२७५ | नगरपालिकाको नीति तथा प्राथमिकता | नगरपालिका क्षेत्रमा एक पशु स्वास्थ्य प्रयोगशाला स्थापना र संचालन हुनेछ । |
| ३.१० | माछापालन प्रवर्धन कार्यक्रम | माछाको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने | सालबसाली | ४९६५ | नगरपालिकाको नीति तथा प्राथमिकता | माछाको उत्पादन ... मे.टन बाट .... मे.टन पुग्नेछ । |
| ३.११ | पशु आहार व्यवस्थापन कार्यक्रम | व्यवसायिक पशुपालनमा बृद्धि गर्ने | सालबसाली | ३९७२ | नगरपालिकाको नीति तथा प्राथमिकता | प्रत्येक वर्ष २ पटक सबै वडामा सञ्चालन हुनेछ |
| ३.१२ | व्यवसायिक पशुपालन कार्यक्रम | व्यवसायिक पशुपालन र पशुपंक्षीजन्य उत्पादन बृद्धि गर्ने | सालबसाली | १६५५० | नगरपालिकाको नीति तथा प्राथमिकता | ...घरपरिवारले व्यवसायिक पशुपालन गर्नेछन् । |
| | पशु स्वास्थ्य प्राविधिकको व्यवस्था | पशुपंक्षी विकास र उपचार सेवा सहज र कृषकमैत्री बनाउने | सालबसाली | ६६२० | नगरपालिकाको नीति तथा प्राथमिकता | हरेक वडामा जना १ पशु विकास प्राविधिकको व्यवस्था हुनेछ । |
| | साना किसान सुदृढीकरण कार्यक्रम | साना किसानहरुको व्यवसायिक क्षमता बृद्धि गर्ने | सालबसाली | १९८६० | नगरपालिकाको नीति तथा प्राथमिकता | बार्षिक २०० कृषकहरु लाभान्वित हुनेछ। |
| ३.१३ | पशुसेवा सालवसाली कार्यक्रम | पशु व्यवसाय र उत्पादन बृद्धि गर्ने | सालबसाली | ६६२० | सशर्त अनुदानको व्यवस्था | ...... कृषकहरु लाभान्वित हुनेछ । |
| ४. | **पर्यटन तथा सँस्कृति** | | | ० | | |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ४.१ | पर्यटन गुरुयोजना तयारी (डि.पि.आर. समेत) | पर्यटन प्रबद्धन सम्बन्धी मार्गचित तथा स्थानगत योजना तयार गर्ने | २०७७/७८ देखी २०७९ | ४००० | नगरपालिकाको नीति तथा प्राथमिकता | विस्तृत अध्ययन, नक्शाकंन र डि.पि. आर. समेत पर्यटन गुरुयोजना तयार तथा कार्यान्वयनको शुरुवात हुनेछ। |
| ४.२ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | पर्यटकहरु आकर्षण तथा आवागमनमा वृद्धि गर्ने | सालबसाली | २९७९० | नगरपालिकाको नीति तथा प्राथमिकता | १० वटा पर्यटकीय स्तरका होटल, पर्यटन पार्क/भ्यू टावर र ३ स्थानमा पिकनिक निर्माण भई सुचारु हुनेछ। |
| ४.३ | पर्यटकीय सेवा क्षमता विकास कार्यक्रम | पर्यटनलाई व्यवसायको रुपमा विकास गर्ने | सालबसाली | ४९६५ | आवधिक योजनाको प्राथमिकता | ५० जनाले पर्यटकीय व्यवसायीको सीप तथा क्षमता विकास हुनेछ। |
| ४.४ | मौलिक संस्कृति संरक्षण तथा प्रवर्द्धन र संग्राहलयको स्थापना | स्थानीय संस्कृति संरक्षण र प्रवर्द्धन गर्ने | सालबसाली | ३९७२० | नगरपालिकाको नीति तथा प्राथमिकता | १ थारु संगालय स्थापना हुनेछ। |
| ४.५ | धार्मिक क्षेत्र संरक्षण, मेला तथा पर्व व्यवस्थापन | मौलिक धार्मिक, साँस्कृतिक र कलाको संरक्षण र सम्बर्द्धन गर्ने | सालबसाली | १३२४० | आवधिक योजनाको प्राथमिकता | ६ धार्मिक स्थल, ३ मेला तथा पर्वको संरक्षण र प्रवर्धन हुनेछ। |
| ४.६ | हरियाली पार्क र पुष्पबाटिका लगायत जैविक पार्कहरुको निर्माण | पर्यटकीय सेवा सुविधा र उपज बृद्धि गर्ने | २०७७/७८ देखी २०७९/८० | ४१३७५ | नगरपालिकाको नीति तथा प्राथमिकता | ३ वटा हरियाली पार्क र पुष्पबाटिका स्थापना हुनेछन् |
| ४.७ | पर्यटन सुचना केन्द्र स्थापना, बित्त चित्र निमाण र प्रचार प्रसार | पर्यटन प्रवर्धन र पर्यटकीय उपज र सेवा सुविधाको बजारीकरण गर्ने | सालबसाली | ६६२० | नगरपालिकाको नीति तथा प्राथमिकता | पर्यटकीय सूचना केन्द्र स्थापना हुने तथा नियमित रुपमा सूचना र सामाग्रीहरु अद्यावधिक हुनेछ। |
| ४.८ | होमस्टे स्थापना तथा व्यवस्थापन | मौलिक संस्कृति संरक्षण र पर्यटकीय उपजको विविधिकरण गर्ने | सालबसाली | ९९३० | नगरपालिकाको नीति तथा प्राथमिकता | ३ वटा थारु समुदायमा आधारित र अन्य होमस्टेहरु सञ्चालन हुनेछन् |
| | फ्रि वाईफाई जोन स्थापना | पर्यटकीय सेवा र सुविधा बृद्धि गर्ने | सालबसाली | ४९६५ | आवधिक योजनाको व्यवस्था | ५ पर्यटकीय स्थलमा फ्रि वाईफाई सेवा सञ्चालन गरिनेछ |
| **५.** | **उद्योग, व्यापार तथा व्यवसाय** | | | ० | | |
| ५.१ | कोभिड १९ बाट उद्योग व्यावसाय क्षेत्रमा परेको असर सम्बन्धी अध्ययन | आर्थिक पुनर्लाभ कार्यक्रम र राहत प्याकेज संचालन गर्ने | २०७७/७८ | १२०० | राष्ट्रिय नीति तथा प्राथमिकता | कोभिड १८ को प्रभाव सम्बन्धी अध्ययन तथा पुनर्लाभको कार्यक्रम तर्जुमा हुनेछ। |
| ५.२ | आद्योगिक तथा व्यावसायिक क्षेत्र राहत कार्यक्रम | साना उद्यमी तथा व्यवसायीलाई व्यवसाय संचालन गर्न प्रोत्साहन गर्ने | २०७७/७८ | १९८६० | राष्ट्रिय नीति तथा प्राथमिकता | ..... वटा उद्योग/व्यवसाय फर्मले ..... रकम राहत प्राप्त गर्नेछन्। |
| ५.३ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा | नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरणको व्यवस्था गर्ने | २०७७/७८ | १००० | नगरपालिकाको नीति तथा प्राथमिकता | व्यावसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा र कार्यान्वयन हुनेछ |
| ५.४ | औद्योगिक ग्रामको संभाव्यता अध्ययन, डिपिआर तयारी र स्थापना | उद्योग स्थापना र संचालन गर्न सहज बनाउने | २०७७/७८ देखी २०७९/८० | ६६२०० | राष्ट्रिय नीति तथा प्राथमिकता | औद्योगिक ग्रामको संभाव्यता अध्ययन भई डिपिआर तयार हुनेछ। |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ५.५ | स्थानीय कच्चा पदार्थ ज्ञान, सीप र प्रविधिको अध्ययन, संरक्षण, विकास र प्रवर्धन कार्यक्रम | उद्योग व्यवसाय सिर्जनाको वातावरण तयार गर्ने | सालबसाली | ८२७५ | राष्ट्रिय नीति तथा प्राथमिकता | ६० वटा नयाँ उद्यम तथा व्यवसाय सिर्जना र विकास हुनेछन् । |
| ५.६ | व्यवसाय सिर्जना तथा उद्यमशीलता विकास तालिम | उद्यम, व्यवसाय र रोजगारी सिर्जना गर्ने | सालबसाली | ६६२० | राष्ट्रिय नीति तथा प्राथमिकता | ..जनाले व्यवसाय सिर्जना, उद्यमशिलता र व्यवसाय योजना सम्बन्धी तालिम र व्यहारिक ज्ञानबाट लाभान्वित हुनेछन् । |
| ५.७ | नमुना उद्योग स्थापना र संचालन (हस्तकला, घरेलु, कुटीर र साना) | हस्तकला, घरेलु, कुटिर तथा साना उद्योग सिर्जना र विस्तार गर्ने | सालबसाली | ९९३० | राष्ट्रिय नीति तथा प्राथमिकता | ... घरेलु, साना तथा मझौला उद्योग स्थापना हुनेछन् । |
| ५.८ | व्यवसाय विस्तार र स्तरोन्नति कार्यक्रम | औद्योगिक विकासको आधार तयार गर्ने | सालबसाली | ४९६५ | आवधिक योजनाको प्राथमिकता | .... व्यवसाय विस्तार र स्तरोन्नति हुनेछन् । |
| ५.९ | कृषि, वन तथा पर्यटनमा आधारित उद्योग प्रवर्धन कार्यक्रम | उद्योग व्यवसायको विविधिकरण गरी रोजगारी बढाउने | सालबसाली | ५९५८ | आवधिक योजनाको प्राथमिकता | ... वटा कृषि, वन र पर्यटनमा आधारित उद्यम व्यवसाय संचालन हुनेछ । |
| ५.१० | कोशेली (सौगात) घर संचालन | स्थानीय उत्पादनको बजारीकरणको विकास र विस्तार गर्ने | सालबसाली | ५२९६ | आवधिक योजनाको प्राथमिकता | एक कोशेली (सौगात) घर स्थापना भई व्यवस्थित रुपमा संचालन हुनेछ |
| ५.११ | परम्परागत सिप र पेशाको आधुनीकरण सिलाई, कृषि औजार, छाला जुत्ता मादल, सारंगी, बेत बाँस र ढकिया) | परम्परागत सिप, पेशा र व्यवसायको आधुनीकरण गरी प्रवर्द्धन गर्ने | सालबसाली | ४९६५ | आवधिक योजनाको प्राथमिकता | १५ वटा व्यवसायहरुको सुधार हुनेछ। |
| ५.१२ | औद्योगिक सुचना र सुरक्षा व्यवस्थापन कार्यक्रम | औद्योगिक वातावरण स्थापना गर्न सहयोग पुऱ्याउने | सालबसाली | १९८६ | राष्ट्रिय नीतिको प्राथमिकता | नयाँ तथा विद्यमान लगानीकर्ता र उद्यमीहरु बृद्धि हुनेछन् । |
| ६. | **श्रम तथा रोजगार** | | | ० | | |
| ६.१ | वेरोजगार तथा विदेशबाट फर्किएका व्यक्तिको लगत संकलन र अद्यावधिक | निर्दिष्ट सीप, क्षमता र योग्यता समेत व्यक्तिगत विवरण तयार गर्ने | २०७७/७८ | १००० | नगरपालिकाको नीति तथा प्राथमिकता | व्यक्तिगत विवरण समेत लगत अद्यावधिक हुनेछ । |
| ६.२ | नगरस्तरीय रोजगार योजना तर्जुमा | तत्कालिन ताथ दीर्घकालिन रोजगारीको आधार तयार गर्ने | २०७७/७८ | १५०० | राष्ट्रिय नीति तथा प्राथमिकता | कम्तीमा १२ वटा रोजगारमूलक आयोजना/कार्यक्रम संचालन हुनेछ । |
| ६.३ | श्रम वैंकको स्थापना र संचालन | वेरोजगार रोजगारी प्रदान गर्ने र विकास निर्माणका आयोजना स्थानीय व्यक्तिबाट संचाल गर्ने | सालबसाली | ४९६५ | आवधिक योजनाको प्राथमिकता | श्रम वैंकको स्थापना र संचालन हुनेछ। |
| ६.४ | स्थानीय रोजगार प्रवर्धन कार्यक्रम | सीपयुक्त, अनुभवी र दक्ष स्थानीय व्यक्तिको पलायन रोक्ने | सालबसाली | १४८९५ | राष्ट्रिय नीति तथा प्राथमिकता | .... जना रोजगार कार्यक्रमबाट लाभान्वित भएका हुनेछन् । |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ६.५ | श्रमिक सामाजिक सुरक्षा कार्यक्रम | श्रमिकको न्युनतम सुरक्षा सुनिश्चित हुने व्यवस्था गर्ने | सालबसाली | ४९६५ | राष्ट्रिय नीति तथा प्राथमिकता | ..... श्रमिक सामाजिक सुरक्षाबाट लाभान्वित हुनेछन् । |
| ६.६ | दक्ष प्राविधिक जनशक्ति उत्पादन कार्यक्रम | स्थानीय तथा बजारको माग अनुसार दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्ने | सालबसाली | ६६२० | राष्ट्रिय नीति तथा प्राथमिकता | ... सपयुक्त दक्ष प्राविधिक जनशक्ति उत्पादन हुनेछन् । |
| ६.७ | उद्यमशीलता र व्यवसायिक विकास कार्यक्रम | उद्यम व्यवसाय तथा रोजगारी सिर्जना गर्ने | सालबसाली | ३३१० | नगरपालिकाको नीति तथा प्राथमिकता | ..... जना उद्यमशिलता विकास कार्यक्रमबाट लाभान्वित हुनेछन् । |
| ७. | **वित्तिय सेवा** | | | ० | | |
| ७.१ | वित्तीय सेवा विस्तार कार्यक्रम | नगरवासीमा सबै प्रकारको वित्तिय सेवामा पहुँच बढाउने | सालबसाली | १९८६ | राष्ट्रिय नीति तथा प्राथमिकता | ... वटा शाखा र इकाई स्थापना तथा विस्तार हुनेछन् । |
| ७.२ | लगानीको संभाव्य क्षेत्र तथा लगानी सम्बन्धी सम्बन्धी अध्ययन | लगानीको संभाव्य क्षेत्र, उपक्षेत्र र आयोजनाको पहिचान र प्राथमिकता निर्धारण गर्ने | २०७७/७८ | ३००० | नगरपालिकाको नीति तथा प्राथमिकता | लगानीय संभाव्य आयोजना तथा कार्यक्रमको पहिचान र प्राथमिकता निर्धारण हनेछन् । |
| ७.३ | सहकारी संस्था क्षमता विकास कार्यक्रम | सहकारी मार्फत वित्तिय पहुँच बृद्धि गर्ने | सालबसाली | १६५५ | राष्ट्रिय नीति तथा प्राथमिकता | .... सहकारी संस्थाहरुको उत्पादन, प्रशोधन र बजारीकरणमा क्षमता विकास हुनेछ । |
| ७.४ | वित्तिय साक्षरता र पहुँच विस्तार कार्यक्रम | लक्षित वर्गमा वित्तीय सेवा तथा सुविधाको पहुँच बृद्धि गर्ने | सालबसाली | १३२४ | राष्ट्रिय नीति तथा प्राथमिकता | लक्षित क्षेत्र, वर्ग तथा समुदायमा वित्तीय सेवा र सुविधाको सहज पहुँच बृद्धि हुनेछ। |
| ७.५ | विप्रेषण पुँजी परिचालन कार्यक्रम | विप्रेषणलाई उत्पादन क्षेत्र लगानी गर्न प्रोत्साहन गर्ने | सालबसाली | ३३१० | नगरपालिकाको नीति तथा प्राथमिकता | .... विप्रेषण परिचालन सम्बन्धी अध्ययन भई ६० पुजिको उत्पादन क्षेत्रमा परिचालन हुनेछ । |
| ७.७ | नियमन तथा अनुगमन र समन्वय | प्राथमिकताको क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्ने | सालबसाली | १६५५ | नगरपालिकाको नीति तथा प्राथमिकता | न.पा. व्यवसायी र वित्तीय संस्था बीच समन्वय र साझेदारीमा अभिबृद्धि हुनेछ । |
| | **कूल जम्मा** | | | ८०९२९० | | |
| | चालु | | | ३३७०९७ | | |
| | पुजिगत | | | ४७२१२६ | | |

## ३.९ जोखिम पक्ष तथा अनुमान

आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । नगरपालिका क्षेत्रमा कृषिको व्यवसायीकरण, कृषि पर्यटन, जैविक तथा वातावरणमैत्री कृषि प्रवर्धन, उच्च मूल्यका कृषि उपजको प्रवर्धन, खाद्य स्वच्छता, पोषण र माटो व्यवस्थापन, पशु नश्ल सुधार, पशु आहार व्यवस्थापन र मत्स्य उत्पादन लगायत कृषि क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा कृषि उत्पादन, व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ । सहकारी संस्थालाई उत्पादन र उद्यमशिलताका क्षेत्रमा अग्रसर गराउन, जैविक खेती, उत्पादन, प्रशोधन र बजारीकरण सँग जोड्ने, संस्थाका सदस्यहरुलाई स्थानीय, राष्ट्रिय अन्तराष्ट्रिय बजारको माग अनुसारको ज्ञान, सीप र प्रविधि प्रदान गर्न, क्षमता तथा उद्यमशिलता विकास कृषि र गैर कृषि उत्पादन, उत्पादकत्व र बजारीकरणमा परिचालन गर्न आवश्यक छ । संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, कृषि प्रविधि, विउविजन, यान्त्रिकीकरण, भरपर्दो सिंचाई प्रणाली, भूस्वामित्व, पशु आहार, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ । यसका अलवा जलवायु परिवर्तनको असर, कृषि उपजको आयात र कृषि जमीन उपयोगमा परिवर्तन यस क्षेत्रका संभावित जोखिम पक्षको रुपमा रहेका छन् । छिमेकी मूलक भारतसँग प्रतिष्पर्धा र कृषि उपजनको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् । संघ, प्रदेश र स्थानीय सरकार, सहयोगी संस्था र रोजगारदातासँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत गरी कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ ।

# परिच्छेद ४
# सामाजिक विकास योजना

## ४.१ पृष्ठभूमि

नेपालको संविधानले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबैको सहज पहुँच, सामाजिक न्याय र सामाजिक सुरक्षाको यथोचित व्यवस्थापन, स्वस्थ्य तथा सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ। संविधानतः शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरु मौलिक हकको रुपमा स्थापित भइसकेका छन्। नेपालले लिएको दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ। नेपाल सरकारले तर्जुमा गरेको १५ औं राष्ट्रिय योजनाले सामाजिक विकास गुणस्तरीय जीवन तथा समृद्धिको आधार हो भन्ने कुरालाई मनन गर्दै समतामूलक सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना निर्माणमा योगदान गर्दै हरेक नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्ने कुरालाई विशेष महत्वकासाथ उठान गरेको छ।

शिक्षालाई वैज्ञानिक, व्यावसायिक, प्राविधिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको मुल नीतिअनुसार संरचनागत तथा नीतिगत आधारहरु परिपक्क बन्दै गएका छन्। कोभिड १९ को पछिको अवस्थामा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँचको सुनिश्चितता तर्फ थप अग्रसरता जरुरी देखिएको छ। सामाजिक न्याय तथा सामाजिक सुरक्षामा सबैको पहुँच कायम गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ। साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकास स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ। सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधारको रुपमा लिई नेपाल सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ। कोहलपुर नगरपालिकाको समृद्धीका लागि शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकुद जस्ता क्षेत्रमा भएका सम्भावना, अवसर र विद्यमान अवस्था सहित समस्या तथा चूनौतिको विश्लेषण गरिएको छ।

## ४.२ विद्यमान अवस्था, संभावना तथा अवसर

पुर्ण साक्षर घोषणा भईसकेको यस नगरमा पुर्ण साक्षरताको निरन्तरता कायम गर्ने कुरालाई नगरले अवसरको रुपमा लिएको छ। नगरपालिकामा बालविकास केन्द्र, आधारभुत तथा माध्यमिक विद्यालय, क्याम्पस, नसिंग कलेज तथा प्राविधिक शिक्षालय समेत सामुदायिक तथा संस्थागत गरी १७२ वटा शैक्षिक संस्थाहरु रहेका छन्। यस नगरपालिका क्षेत्र भित्र व्यवस्थापन, शिक्षा, मानविकी गरी ३ वटा स्नातक तहको र २ वटा स्नातकोत्तर तहको अध्यापन हुने कलेज रहेका र उक्त कलेजमा ११०० विद्यार्थीहरु अध्ययन रहेका छन्। साथै एक एमबिबिएस तथा पोष्ट ग्राजुएट तहको अध्यापन गर्ने मेडिकल कलेज तथा शिक्षण अस्पतालमा प्रत्येक शैक्षिक सत्रमा २०० जना विद्यार्थी अध्ययनरत रहेका छन्। उपरोक्त कलेजमा जम्मा १८४२ जना विद्यार्थी रहेका छन्। यसैगरी नगर क्षेत्रमा २ वटा विद्यालयमा प्राविधिक धार संचालन रहेको र २ वटा प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र संचालनमा रहेका छन्। उक्त प्राविधिक विद्यालयमा विभिन्न स्थानका ४२५ विद्यार्थीहरु अध्ययनरत रहेको देखिन्छ। २०७३ सालको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाको औषत साक्षरता दर ९० प्रतिशत रहेको देखिन्छ भने महिला साक्षरता दर ८७.३ प्रतिशत रहेको देखिन्छ। साथै स्नातकोत्तर वा सो भन्दा माथिको शैक्षिक स्तर भएको जनसंख्या ६,१८० जना रहेको छ।

यसैगरी नगरपालिकामा ३७ वटा पूर्व प्राथमिक तहको अध्यापन गर्ने बालविकास केन्द्र संचालनमा रहेका छन् र उक्त केन्द्रहरुमा ३ देखी ५ बर्ष उमेर समूहका ८,३७९ बालबालिका अध्ययनरत छन् । नगर क्षेत्रमा ८० वटा सामुदायिक र नीजि आधारभूत तहको विद्यालय संचालन रहेका छन् र उक्त विद्यालयमा ३३,८६८ जना विद्यार्थी अध्ययनरत छन् । नगर क्षेत्रमा ३९ वटा माद्यामिक तहका सार्वजनिक र सामुदायिक विद्यालयहरु संचालनमा रहेका र उक्त विद्यालहरुमा ५२,८७० विद्यार्थीहरु अध्ययनरत देखिन्छन् । दृष्टिविहिनहरुका लागि १ वटा स्रोत कक्षा संचालनमा रहेका र उक्त कक्षामा हाल १९ जना विद्यार्थी अध्ययनरत रहेका छन् । यस नगरपालिकामा प्रविणता पत्रतह र स्नातक तहको १ वटा नर्सिङ कलेज संचालन रहेको र उक्त कलेजमा १२७ जना विद्यार्थी अध्ययन रहेको देखिन्छ । शैक्षिक संस्थाकै रुपमा १ वटा सामुदायिक पुस्तकालय तथा सामुदायिक अध्ययन केन्द्र रहेको छ भने १ वटा अपाङ्गता भएका शिशु दिवा स्याहार केन्द्र संचालनमा रहेका छन् ।

यस नगरपालिका भित्रका विभिन्न तहका विद्यालयहरुमा कूल २७८ शिक्षक, ८१ वटा बाल कक्षा शिक्षक, ११ जना कर्मचारी र विद्यालय सहयोगी २८ जना कार्यरत रहेका छन् । योजनाबद्ध र व्यवस्थित शहरी विकासमा फड्को मार्दै गरेको यस नगरपालिकामा ३ वटा स्वास्थ्य चौकी, ७ वटा आधारभुत स्वास्थ्य केन्द्र, १ शहरी स्वास्थ्य केन्द्र, १ आयुर्वेद औषधालय, १ मेडिकल कलेज तथा शिक्षण अस्पताल, २ वटा नीजि अस्पताल र १ वटा पोलिक्लिनिक समेत १६ वटा स्वास्थ्य संस्थाबाट निशुल्क तथा सशुल्क स्वास्थ्य सेवा उपलब्ध भैरहेको छ । उपरोक्त स्वास्थ्य संस्थाहरुबाट आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षा, सूचना र संचार लगायत जटिल शल्य चिकित्सा जस्ता सघन उपचार सेवा उपलब्ध भैरहेका छन् । उपरोक्त सार्वजनिक,  नीजि अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा विशेषज्ञ चिकित्सक समेत ३०१ जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन् । जसमध्ये विशेषज्ञ चिकित्सक र चिकित्सकको अनुपात ३६ प्रतिशत रहेको छ ।

नगरपालिका क्षेत्रमा सेवा प्रदान गर्ने ८ वटा सरकारी तथा सार्वजनिक स्वास्थ्य संस्था/अस्तपालमा कूल ५८२ शैया (वेड) रहेको छ । उक्त स्वास्थ्य संस्थाहरुका २६ वटा भवन रहेका छन् । नगर क्षेत्रमा ४ वडा एम्बुलेन्स संचालनमा रहेका छन् । नगरपालिकाको कूल घरपरिवार मध्ये ९९.६ प्रतिशत परिवार विरामी हुँदा उपचारको लागि अस्पताल वा स्वास्थ्य संस्थामा जाने गरेको देखिन्छ । निमोनिया, झाडापखाला जस्ता सर्ने रोग र मुटु रोग, उच्च रक्तचाप जस्ता नसर्ने रोगबाट गत एक बर्षमा १०४ जनाको मृत्यु भएको देखिन्छ । दीर्घरोगबाट एक बर्षमा मृत्यु हुनेको संख्या ४७ जना रहेका छन् ।  यस नगरपालिकामा खोप कभरेजको अवस्था हेर्दा विसिजि, ९९.५, पेण्टाभ्यालेण्ट ९९.५, पोलियो ९९.० र दादुरा १०० प्रतिशत रहेको छ । परिवार नियोजनका साधनको प्रयोग दर ६६ प्रतिशत रहेको देखिन्छ ।

यस नगरपालिकामा पाइप प्रणालीबाट वितरित खानेपानी सुविधा मुख्य शहरी क्षेत्रमा मात्र उपलब्ध रहेको हुँदा सोको सुविधा उपलब्ध घरपरिवार १२.४ प्रतिशत मात्र रहेको छ । शहरोन्मुख तथा ग्रामीण परिवेशमा ट्युवेलको प्रयोग गर्ने घरपरिवार ८७ प्रतिशत रहेको छ । करिब १ प्रतिशत घरपरिवारले अझै पनि इनार, जरुवा र अन्य श्रोतको खानेपानी प्रयोग गर्ने गरेको देखिन्छ । नगरपालिका क्षेत्रमा बसोबास गर्ने कूल १७,६८९ घरपरिवार मध्ये सेफ्टिट्याङ्कमा जडान भएको शौचालय भएका घरपरिवार ७ प्रतिशत, वायोग्यास प्लाण्टमा जडान शौचालय भएका १.४ प्रतिशत र साधरण पक्की शौचालय भएका ६१ प्रतिशत र कच्ची शौचालय भएका घरपरिवार ३० प्रतिशत गरी ९८.३ प्रतिशत घरपरिवारसँग मात्र चर्पी उपलब्ध रहेको छ । यस नगरपालिका क्षेत्र भित्र जोखिमयुक्त अवस्थामा हात धुने अभ्यास गर्ने घरपरिवार ९९.४ प्रतिशत रहेको छ ।

हालका दिनमा नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तीकरण क्षेत्रमा १८ वटा संघ/संस्था क्रियाशिल रहेका छन् । नगरपालिकामा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, श्रोत तथा वातावरण संरक्षण, जेसी, सामाजिक परिचालन, नेतृत्व विकास, मानव अधिकार, सुशासन र सहकारी विकास लगायतका विषयमा सचेतनामूलक तालिम प्राप्त गर्ने कूल ६७,०८३ जना मध्ये महिलाको अनुपात ४४

प्रतिशत रहेको छ । लैंगिक समानताको दृष्टिकोण यस नगर क्षेत्र भित्र बसोबास गर्ने घर परिवार मध्ये घर व्यवहार वा कारोबारमा महिला र पुरुष दुवैको सहभागिता हुने घरपरिवारको अनुपात ५७ प्रतिशत रहेको छ भने सार्वजनिक काममा महिला तथा पुरुष दुवैको सहभागिता हुने परिवारको अनुपात ६१ प्रतिशत रहेको छ । नगरपालिकामा ७ वटा अपांग संजाल समन्वय समिति, ९० महिला समुह, १५ महिला समिति, ८ वटा महिला सहकारी, १३ वटा किशोरी क्लब, १४ वटा बालक्लव, १ नगर बाल संजाल क्रियाशिल रहेका छन् । उक्त क्लबहरुमा ५२७ जना बालबालिका आवद्ध रहेका छन् र सो मध्ये बालिकाका अनुपात ५८ प्रतिशत रहेको छ ।

यसैगरी नगरपालिकाको पहलमा स्थानीय स्तरमा विकास निर्माण कार्यमा सहयोग र सहजीकरण गर्न, विकास कायको निगरानी गर्न, जनसुमदाय परिचालन गर्न टोलस्तमा टोल विकास संस्था, युवा क्लब तथा अन्य सामुदायिक संस्थाहरु क्रियाशिल रहेका छन् । यसैगरी बालबालिकासँग सम्बन्धीत क्षेत्रमा क्रियाशिल संघ/संस्थाहरुले बाल संरक्षण, विकास तथा सहभागिता अभिबृद्धिमा पैरबी गर्न र सो सम्बन्धी कार्यहरु संचालन गरीरहेका छन् । हालका दिनमा एकातिर महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अन्य लक्षित वर्गमा अधिकार बारे उनीहरुमा सचेतनाको वृद्धि हुँदै गएको छ भने अर्कोतिर आर्थिक, सामाजिक र राजनीति अवसरमा समेत बढोत्तरी भएको छ ।

नगरपालिकामा महिला तथा बालवालिका शाखा स्थापना भई महिला, बालबालिका र लक्षित वर्ग सशक्तिकरण, संरचना र प्रोत्साहनका कार्यक्रमहरु संचालनमा रहेका छन् । यस नगरपालिका क्षेत्रमा वडा नम्बर १ मा खेलकुद एकेडेमी रहेको, हरेक वडामा युवा क्लवहरु रहेका, नगरमा ५ वटा खेलकुद क्लवहरु रहेका छन् । नगरपालिका भित्र १० वटा युवा क्लबहरु क्रियाशिल रहेका छनु, जसमा ७७७ जना युवाहरु आबद्ध रहेका छन् । नगर क्षेत्र भित्र वडा नं. ११ मा क्रिकेट खेलमैदान र वडा नम्बर १३ रानीघाटमा खेलमैदान तथा ६ वटा माध्यमिक विद्यालयमा फराकिला खेल मैदान रहेका छन् । नगरपालिकामा वार्षिक रुपमा मेयर कप तथा राष्ट्रपति शिल्ड तथा प्रतियोगिताहरु संचालन हुने गरेको छ । यस नगरपालिकामा महिला क्रिकेट प्रतियोगिता संचालन हुने गरको छ । यसै गरी नगर क्षेत्रको विभिन्न ७ स्थानमा खेलकुद तथा मनोरञ्जन स्थलहरु रहेका छन् । यस नगरमा निजीक्षेत्रबाट स्विमिंग पुलहरु तथा फिटनेस जीम क्लवहरु पनि सञ्चालनमा रहेका छन ।

थारु समुदायको बाहुल्य रहेको यस नगरपालिकामा थारु भाषा, कला संस्कृतिको संरक्षणका लागि होमस्टे सञ्चालमा रहेका छन् । यसै गरी पूर्णिमा साहित्य प्रतिष्ठान स्थापना तथा संचालनमा रहेको, दलित तथा सिल्पी समुदायको संस्कृति, कला संरक्षणका लागि दलित संग्रालय निर्माणाधिन अवस्थामा रहेको र थारु संग्रालय निर्माणको वडा नं. १४ मा स्थानको व्यवस्था गरिएको छ । वडा नं. ४ मा बौद्ध विहार निर्माण र मुस्लिम तथा थारुहरुले मनाउने ताजिया मेला संचालन, नगर क्षेत्रमा फाइन आर्ट (Fine Art) पाठशाला संचालन, थारु समुदायमा देउथान तथा सवै वडाहरुमा मठमन्दिर र सो अन्तर्गत धार्मिक अनुष्ठानहरु संचालन यस नगरका प्रमुख साँस्कृतिक संभावनाहरु हुन् ।

## ४.३ समस्या र चूनौति

पुर्ण साक्षरता घोषित यस नगरपालिकामा गुणस्तरीय, व्यवसायिक र जीवपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरु विकास हुन सकेको छैन । समुदायको जनसंख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ । यस नगरका अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त रहेको छैन भने विद्यार्थी संख्या अनुसार शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको छ । शिक्षाको क्षेत्रमा ठुलो संम्भावना बोकेको यस नगरमा २ वटा मात्र विद्यालयमा मात्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन हुनु अर्को समस्याको रुपमा देखिएको छ । विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्था नभएका कारण प्रायः जसो विद्यालयमा वालमैत्री संरचना र सिकाई लागू हुन सकिरहेको छैन ।

विद्यालय छोड्ने दर दिनप्रति दिन बढ्नु, वालविकास केन्द्रहरुमा वालमैत्री सिकाई तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु, वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु पनि चुनौतीको रुपमा रहेको देखिन्छ । आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अविभावकहरुमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासित विहिनता अवस्था समेत देखिन थालेको छ। विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबीच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाई रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार हुन सकेको छैन। शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर, शिक्षक र सुचना प्रविधि साधनहरुको उपलब्धता, पुस्तकालयको अभाव, शैक्षिक संग्रालय स्थापना नहुनु र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको छ । यसका साथै विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनपयोगी, व्यवसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा विद्यार्थी र अविभावकहरुमा विद्यमान शिक्षा प्रणाली प्रति नै वितृष्णा बढ्दै गएको स्थिति देखिन्छ ।

नगरपालिका योजनाबद्ध र व्यवस्थित शहरतर्फ उन्मुख भई अगाडी बढीरहेको अवस्थामा समेत जनस्वास्थ्य जस्तो संवेदनशिल विषयमा सबै नगरवासीको सहज पहुँच नहुनु, प्रयाप्त मात्रामा प्रयोगशाला र सबै खालका परीक्षण र सघन उपचारको व्यवस्था नहुनु जस्ता समस्या तथा चुनौतीहरु रहेका छन् । नगरमा आधारभुत स्वास्थ्य संस्था तथा जनशक्तिको अभाव, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला व्यवस्थापन गर्ने इन्सिनेरेटरको व्यवस्था नहुनु जस्ता समस्या रहेका छन् । स्थानीय स्तरमा चिकित्सक/विशेषज्ञ सेवाको उपलब्धता पहुँच नभएको कारण विशिष्ट स्वाथ्य उपचारको लागि नेपालगञ्ज, काठमाडौं र भारतको लखनउ जानुपर्ने वाध्यता रहेको छ । सवै स्वास्थ्य संस्थाहरुमा क्षयरोग, कुष्ठ रोगको कार्यक्रम संचालन नहुनु लगायत प्रयोगशाला र नियमित परीक्षण सेवा उपलब्ध हुन सकेको छैन। स्वास्थ्य चौकीहरुमा आवश्यक कोठा सहितको भवन लगायतका पूर्वाधार तथा समाग्री र वर्थिङ्ग सेन्टरको कमी रहेको छ । विरामीलाई स्वास्थ्य संस्थामा समयमै लैजान नगर क्षेत्रमा एम्वुलेन्स सेवा प्रर्याप्त रहेको छैन ।

कोभिड १९ जस्ता स्वास्थ्य सम्बन्धी महामारीको अवस्थालाई सम्बोधन छुट्टै अस्तापल, आइसोलेसन वार्ड, प्रयोगशाला तथा परीक्षण सामाग्री र किट, सघन उपचार कक्ष, भेन्टीलेटर र सो अनुसारको स्वास्थ्यकर्मी व्यवस्था हुन नसकेको देखिन्छ। अस्पताल बाहेक स्थानीय स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको नियमिततामा र औषधीको प्रर्याप्ततामा कमीका कारण उपलब्ध स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन । समाजमा विद्यमान रुढीवादी सोच र मानसिकताको कारण अझैपनि घरमा सुत्केरी हुने प्रचलन कायम रहेको छ भने आङ खस्ने र यौन संक्रमण बारे लुकाउने र परिवार नियोजनको साधनको उपयोगमा संकुचित सोच कायम रहेको छ । बालबालिकाको नियमित तौल, अनुगमनमा ध्यान दिने गरिएको देखिदैन । खानपिन र पौष्टिकताको ख्याल गर्ने आनिबानी र धुम्रपान र मद्यमानको कुलतका कारण स्वास्थ्यमा नकारात्मक प्रभाव परेको देखिन्छ। नगरपालिकामा स्वास्थ्य विमा कार्यक्रममा नगरका बासिन्दाको पहुँच अत्यन्त न्युन रहेको छ ।

यस नगरपालिकामा खानेपानी तथा सरसफाई सुविधामा बढोत्तरीका बावजुद स्वच्छ पानीको उपलब्धता र खानेपानी प्रणाली व्यवस्थित हुन सकेको देखिदैन । शुद्ध खानेपानी उपभोग बारे जनचेतनाको कमी हुनु, पानी शुद्धिकरण गर्ने सामग्रीको सहज पहुँच नहुनु जस्ता समस्या रहेका छन् । खुला दिशा मुक्त क्षेत्र घोषणा भएता पनि यसको पूर्ण कार्यान्वयनमा कमी रहेको छ भने सार्वजनिक सौचालयको व्यवस्था नहुँदा पूर्ण सरसफाई कायम राख्न कठिनाई रहेको तथा बजार क्षेत्रमा घुम्ती शौचालयको अभाव रहेको छ । सञ्चालित खानेपानी आयोजनाको नियमित मर्मतसंभार र दिगोपनाको कमी रहेका कारण पुनःनयाँ निर्माण गर्नुपर्ने अवस्था रहेको छ।

संस्थागत तहमा तथा घरपरिवारमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी कुहिने फोहोरबाट कम्पोष्ट मल र नकुहिने फोहोरको पुन:प्रयोग तथा विसर्जन गर्ने प्रविधि विस्तार र हस्तान्तरण र ल्याण्डफिल साइट व्यवस्था

हुन नसक्दा फोहोरमैला व्यवस्थापनको समस्या बढ्दै गएको छ । यसैगरी फोहोर जलाउने जस्ता वातावरणीय दृष्टिकोणले गलत अभ्यास कायम रहेका छन् । खाद्यान्न लगायत बजारका रेडिमेट सरसमानको प्रयोगको बृद्धिसँगै प्लास्टिक तथा सिसाजन्य फोहोरमा बृद्धि हुँदै गएको छ । यस प्रकारका प्लाष्टिक तथा सिसाजन्य फोहोर स्वास्थ्य संस्थाबाट बिसर्जन हुने खतराजन्य फोहोर व्यवस्थापन यस क्षेत्रको प्रमुख चूनौतिको रुपमा रहेको छ ।

यस नगरपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास भएता पनि रणनीतिक पहल र अपेक्षाकृत सुधार हुन सकेको देखिदैन । नगरपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूवार्धार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक तथा महिला प्रतिको सोच र व्यवहार अझपनि सकारात्मक वन्न सकिरहेको छैन । उपरोक्त वर्गमाथि हिंसाजन्य व्यवहार कायमै देखिन्छ ।

लक्षित वर्गमा अधिकार र कर्तव्य सम्बन्धी सचेतनामा कमी रहेको छ । महिलामा बहुकार्य वोझको अवस्था कायमै रहेको छ । लक्षित वर्ग सशक्तीकरण सम्बन्धी तालिम प्रभावकारी हुन नसक्दा उनीहरुको अवस्थामा आशातित सुधार हुन सकेको छैन । बालश्रम र हिंसा उत्मूलन हुन सकेका छैनन् । लक्षित वर्गमा आत्मविस्वासको कमी रहेको छ । सामाजिक सुरक्षा वृत्ती वितरणमा समस्या र गुनासो कायमै रहेको छ । भाषिक र सचेतना लगायतका समस्याका कारण थारु र मधेशी समुदायमा अधिकारको अभ्यास, सेवासुविधा पहुँच र उपयोग तथा संस्थागत विकासको समेत कमी रहेको अवस्था छ ।

नगरमा युवा तथा खेलकुदका क्षेत्रमा प्रर्याप्त सम्भावना तथा अवसर हुदा हुदै यस नगरपालिकामा व्यवसायिक रुपमा खेलकुद प्रशिक्षण, विकास र खेलाडी उत्पादनमा कमी रहेको छ । नगरपालिकामा क्षेत्र भित्र प्रर्याप्त संख्यामा खेलमैदान, कुनै कभर्ड हल तथा खेलकुद पूर्वाधार नरहेको, पेशागत खेल प्रशिक्षक र प्रशिक्षणको व्यवस्था नभएको, खेलाडीको सम्मान गर्ने प्रचलन नभएको र नियमित खेल आयोजना कमी रहेको कारणले खेलकुदको विकास हुन सकेको छैन । वाह्य रोजगारीमा आकर्षण बढी हुनु, स्थानीय रुपमा स्वरोजगारका अवसरमा कमी तथा युवा पलायन, युवा वेरोजगारीको युवाहरुलाई रचनात्मक काममा लगाउन नसकेको यस नगरपालिकाको प्रमुख चूनौतिको रुपमा रहेका छन् ।

यस नगरपालिकामा भाषा, मौलिक कला तथा साँस्कृतिक सम्पदा प्रचुर संभावना भएर पनि सोको संरक्षण, प्रवर्धन र प्रचार प्रसारमा कमी रहेको देखिन्छ । कला, भाषा र सँस्कृति प्रवर्धनको लागि स्थापित पूर्णिमा साहित्य प्रतिष्ठानको भवन नभएको तथा साहित्यका विधाहरुमा प्रशिक्षणको अभाव रहेको छ । नगर क्षेत्रमा थारु संग्रालय निर्माण हुन बजेट लगायत स्थानको समस्या देखिएको छ भने थारु लगायत अन्य समुदायका परम्परागत भेषभुषा, बाजागाजा र सरसामानको लोप हुदैगएको छ । स्थानीयस्तरमा रहेका विभिन्न गुम्बा, मठ मन्दिरहरुको समोचित व्यवस्थापन हुन सकेको छैन । नगरपालिका भित्रका विभिन्न स्थानहरुम मठमन्दिरहरुको निर्माण अधुरा रहेका छन् र थारु समुदायहरुमा रहेको देउथान व्यवस्थित रुपमा संचालन जस्ता चुनौतीहरु यस क्षेत्रमा विद्यमान छन्।

## ४.४ अवसर

पश्चिम नेपालको भौगोलिक संगमस्थलको रुपमा रहेको यस नगरपालिका कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश प्रवेशद्धारको रुपमा समेत रहेको छ । यस नगरपालिका भौगोलिक र अन्तरआबद्धताको दृष्टिले रणनीतिक स्थानमा अवस्थित रहेको छ । सुगमता र पूर्वाधारको दृष्टिकोणबाट समेत सुगम रहेको कारण यस नगरपालिका शैक्षिक र सघन स्वास्थ्य उपचारको केन्द्रको रुपमा विकास गर्न सकिने अवसर रहेको देखिन्छ ।

## ४.५ आवधिक योजना अनुसार विषय क्षेत्र सोच, लक्ष्य, उद्देश्य र रणनीति

### ४.५.१ दीर्घकालीन सोच

नगरपालिकाको सामाजिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

- स्वस्थ्य, शिक्षित, समावेशी, सुसँस्कृत र सभ्य समाजको सिर्जना

### ४.५.२ लक्ष्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- स्वस्थ, सशक्त, शिक्षित, सिर्जनशिल, सीपयुक्त र सुयोग्य मानवीय श्रोतको विकास गर्ने

### ४.५.३ उद्देश्य

नगरपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. नगरलाई गुणस्तरीय र जीवनपयोगी विद्यालय, प्राविधिक एवं उच्च शिक्षाको केन्द्रको रुपमा विकास गर्नु
२. सबै प्रकारको स्वास्थ्य सेवा तथा पोषण सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु
३. स्वच्छ खानेपानीको सुविधा, स्वच्छता र स्वस्थ व्यवहारमा अभिवृद्धी गर्नु
४. विपन्न, जोखिममा रहेका, विशेष संरक्षणको आवश्यकता भएका तथा पछाडि परेका वर्गको सक्षमता र संलग्नता र आत्मविश्वासमा अभिबृद्धी गर्नु
५. युवाको नवप्रवर्तनशिलता, सक्षमता, उद्यमशिलता, कार्यकुशलता र क्रियाशिलतमा अभिबृद्धि गर्नु
६. स्थानीय सम्पदा, कला, भाषा र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्नु ।

### ४.५.४ रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न सामाजिक विकास क्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ :

#### *उद्देश्य १ सँग सम्बन्धित*

१. गुणस्तरीय, व्यावसायिक तथा जीवनपयोगी शिक्षाको सुनिश्चितता गर्ने
२. सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रको स्थापना गरी विद्यालयको अनुगमन र निरिक्षणलाई व्यवस्थित गने
३. विद्यालय शिक्षाको सबै तहको शिक्षामा गुणस्तर सुनिश्चितता गर्ने
४. विद्यालयको संस्थागत सक्षमता वृद्धि गर्ने

#### *उद्देश्य २ सँग सम्बन्धित*

१. आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन
२. स्थानीय स्वास्थ्य संस्थाको सुदृढीकरण तथा सेवाको गुणस्तर अभिबृद्धि गन
३. स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउन आवश्यक पूर्वाधार निर्माण गर्ने

#### *उद्देश्य ३ सँग सम्बन्धित*

१. स्वच्छ खानेपानी आपुर्ती लाई जनस्वास्थ्य र पूर्ण सरसफाई रणनीतिको रुपमा विकास गर्ने
२. स्वच्छ खानेपानी सुविधा बाट बञ्चित सबै घरपरिवारमा खानेपानीको पहुँच सुनिश्चित गर्ने
३. फोहोरमैला व्यवस्थापनको आधार तयार गर्ने
४. वातावरणीय स्वच्छता र सरसफाई प्रभावकारी बनाउन

#### *उद्देश्य ४ सँग सम्बन्धित*

१. विपन्न,महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गको सक्षमता र आत्मविश्वासमा अभिबृद्धि गर्ने
२. स्थानीय संरचना, नीति तथा निर्णय प्रक्रियामा लक्षित वर्गको संलग्नता सुनिश्चित गर्ने ।
३. समावेशी स्थानीय निति, कानुन र कार्यक्रम तर्जुमा गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने
४. अपांगमैत्री, बालमैत्री तथा महिलामैत्री नीति र पूर्वाधार निर्माणमा जोड दिने
ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा र सेवालाई सुनिश्चित गर्ने

### *उद्देश्य ५ सँग सम्बन्धित*

१. अनुशासन, उद्यमशिलता र स्वरोजगारको माध्यमबाट युवा वर्गको आत्मविश्वासमा अभिवृद्धि गर्ने
२. युवा वर्गमा नवप्रर्वतन तथा उद्यमशिल सँस्कृतिको विकास गर्ने
३. खेलकुदको पूर्वाधार, प्रक्षिक्षण तथा खेलाडिको क्षमता बिकास र प्रोत्साहनको व्यबस्था गर्ने

### *उद्देश्य ६ सँग सम्बन्धित*

- स्थानीय कला तथा संस्कृतिको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने
- स्थानीय साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक सम्पदाको संरक्षण र प्रवर्धन गरी पर्यटन विकासको अवसरमा अभिबृद्धी गर्ने

## ४.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सामाजिक क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालिन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

***तालिका ३.१ : सामाजिक क्षेत्र विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालिन लक्ष्य***

| सुचक | इकाई | आधार वर्ष (२०७६/७७) | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | ५५३४ | ६००० | ६५०० | ७००० |
| उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १७०० | १८०० | १८५० | १९०० |
| अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | ६० | ५० | ४५ | ३० |
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्य संस्था जाने जनसंख्या | प्रतिशत | ९९.५ | ९९.६ | ९९.८ | १०० |
| कक्षा १० को जिपिए औसत | प्रतिशत | २.८-२.४ | २.४-२.८ | | ३.२-२.८ |
| सरकारी, गैर सरकारी र निजी क्षेत्रमा रोजगार | जना | | | | |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ५७५ | ७०० | ७५० | ८०० |
| विधालय विचैमा छोड्ने विद्यार्थी | संख्या | ९५०० | ९२५० | ९००० | ८५०० |
| विद्यालय वाहिर रहेका (५-१५ वर्ष) बालबालिका | प्रतिशत | | | | |
| प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्षका बालबालिका | जना | १०६० | १२५० | १५०० | १८०० |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | ६५ | ७० | ७५ | ८० |
| कक्षा १० को निरन्तरता दर | प्रतिशत | ६० | ६५ | ६८ | ७० |
| बालमैत्री सिकाई विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | | | | |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | | | | |
| कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ०.२४ | ०.२० | ०.१५ | ०.१२ |
| पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | २७ | ५० | ६० | ७० |
| जन्मदा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | प्रतिशत | | | | |
| स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ४.१७ | १० | १२ | १५ |
| झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | ५७६ | ४०० | ३५० | ३०० |
| स्वाशप्रश्वासको संक्रमण (ARI) दर (प्रति हजारमा) | जना | १७९९ | १५०० | १३५० | १२०० |
| परिवार नियोजनका साधनको प्रयोग दर | संख्या | २७२७० | २८००० | २८४०० | २८८०० |
| आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९८ | ९८.५ | ९९.० | ९९.५ |
| आधारभुत सुविधा उपलब्ध स्वास्थ्य संस्था | संख्या | ३ | ४ | ६ | ८ |
| निजीधारा उपलब्ध घरपरिवार | संख्या | २००० | ३००० | ४००० | ५००० |
| पाइपबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | संख्या | २१८५ | ३००० | ५००० | ७००० |
| सुरक्षित शौचालय भएका घरधुरी | संख्या | १५०५२ | १५५५२ | १६००० | १६५०० |
| जोखिमयुक्त अवस्थामा साबुन पानीले हातधुने | प्रतिशत | ९९.४३ | ९९.५ | ९९.८ | १०० |
| फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | संख्या | ११३४३ | १५०० | १४००० | १५००० |
| नेतृत्वदायी पदमा महिला र लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/संरचना | संख्या | ० | ६ | ७ | ८ |
| सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ० | १० | १२ | १५ |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | २९१२ | ३१६२ | ३४०० | ३६०० |
| घर व्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार | संख्या | ३५४८ | ३६०० | ३८०० | ४००० |

| सुचक | इकाई | आधार वर्ष (२०७६/७७) | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| सक्रिय युवा क्लब, संजाल तथा संस्था | संख्या | १० | १५ | २० | २५ |
| क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ७७७ | १२०० | १४०० | १६०० |
| उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | ० | १००० | १५०० | २००० |
| कभर्ड हल तथा खेलकुद मैदान | संख्या | २ | १ | १ | १ |
| जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | ५० | ६० | ७० | ८० |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ० | १ | २ | ३ |
| संरक्षित ऐतिहासिक सार्वजनिक पोखरी | संख्या | २ | ३ | ४ | ६ |
| स्थानीय कला, संस्कृति, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ० | २ | ३ | ४ |

## ४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

सामाजिक विकास विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

***तालिका ३.२ : आर्थिक क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान***

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.लाखमा) | | | | खर्चको स्रोत (रु. लाखमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०७७/७८ | ३३४७०० | ११८१२० | २१६५८० | ० | | | |
| २०७८/७९ | ३५६५७० | १२६४५२ | २३०११८ | ० | | | |
| २०७९/८० | ३८३७४२ | १३७०४० | २४६७०२ | | | | |
| **जम्मा** | १०७५०१२ | ३८१६१२ | ६९३४०० | | | | |

## ४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सामाजिक विकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ३.६ : सामाजिक विकास तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १. | शिक्षा | | | | | |
| १.१ | सामुदायिक विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण सुदृढीकरण कार्यक्रम | सामुदायिक विद्यालयको आकर्षण वृद्धि गर्ने | सालवसाली | २७५५० | नीति तथा कार्यक्रम | सामुदायिक विद्यालयमा विद्यार्थी संख्यमा बृद्धि हुनेछ |
| १.२ | शिक्षक क्षमता विकास कार्यक्रम | सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्ने | सालवसाली | ८२७५ | नीति तथा कार्यक्रम | विद्यालय तहको उतिर्ण दरमा १५ प्रतिशतले बृद्धि हुनेछ |
| १.३ | विद्यालयको सन्तुलित वितरण कार्यक्रम | विद्यालयको पहुँच सुनिश्चित गर्ने | २०७७/७८ | १०००० | नीति तथा कार्यक्रम | ... सामुदायिक विद्यालय मर्ज हुने र .. नयाँ थपिनेछन् |
| १.४ | सार्वजनिक गुठी विद्यालय सबलीकरण कार्यक्रम | गुठी विद्यालयको मूलप्रवाहीकरण गर्ने | सालवसाली | ३३१० | नीति तथा कार्यक्रम | गुठको १ विद्यालय शिक्षाको मूलप्रवाहमा समाहित हुनेछन् |
| १.५ | बालविकास केन्द्र सबलीकरण कार्यक्रम | बालवालिकाको पठन पाठनको वातावरण तयार गर्ने | सालबसाली | ६६२० | नीति तथा कार्यक्रम | ३७ वटा बाल विकास केन्द्रहरु व्यवस्थित हुनेछन् |
| १.६ | अपांगता भएका बालवालिकाको लागि एकीकृत विद्यालयको स्थापना र सञ्चालन | समावेशी शिक्षाका पहुँच बृद्धि गर्ने | २०७७/७८ देखी २०७८/७९ | ७९४४ | नीति तथा कार्यक्रम | अपांगता भएका बालवालिकाको लागि २ वटा एकीकृत विद्यालयको स्थापना र सञ्चालन हुनेछन् |
| १.७ | उच्च शिक्षामा किशोर र युवाहरुको सहभागितामा वृद्धि सचेतना कार्यक्रम | उच्च शिक्षामा विद्यार्थी प्रवेश र टिकाउ बृद्धि गर्ने | सालवसाली | ६९५१ | नीति तथा कार्यक्रम | उच्य शिक्षामा विद्यार्थी भर्ना र टिकाउ दर वृद्धि हुनेछ। |
| १.८ | वडामा पुस्तकालय स्थापना र संचालन | अध्ययन र सिकाई अभ्यास बृद्धि गर्ने | २०७७/७८ देखी २०७८/७९ | १०५९२ | नीति तथा कार्यक्रम | १५ वटै वडामा १-१ वटा पुस्तकालय हुनेछ। |
| १.९ | विद्यालयमा कम्प्युटर ल्याव र शिक्षक आपूर्ति तथा व्यवस्थापन कार्यक्रम | सिकाई उपलब्धी दर बृद्धि गर्ने | सालबसाली | २४८२५ | नीति तथा कार्यक्रम | ११६ बिद्यालयमा सञ्चालन हुनेछ। |
| १.१० | सामुदायिक सिकाई केन्द्रको सुदृढीकरण र परिचालन कार्यक्रम | समुदाय स्तरमा सिकाई अविवृद्धि गर्न | सालबसाली | ३९७५ | नीति तथा कार्यक्रम | १५ वडामा सामुदायिक सिकाई केन्द्र संचालन हुनेछ |
| १.११ | शिक्षक सिकाई केन्द स्थापना र परिचालन कार्यक्रम | विद्यालय शिक्षाको गुणस्तर बृद्धि गर्ने | सालबसाली | १५००० | नीति तथा कार्यक्रम | ... सिकाई केन्द्रको स्थापना र सञ्चालन हुनेछ। |
| १.१२ | कोहलपुर शैक्षिक हबको अवधारणा तर्जुमा र कार्यान्वयन | नेपालकै एक शैक्षिक केन्दको रुपमा विकास गर्ने | २०७७/७८ देखी २०७८/७९ | १६५५० | नीति तथा कार्यक्रम | कोहलपुरलाई देशको एक शैक्षिक केन्द्रको विकास हुनेछ |
| १.१३ | शिक्षा शाखा र विद्यालयका लागि लघु, अन्तरदेशीय र अन्तराष्ट्रिय शैक्षिक भ्रमण | शिक्षण शिकाई उपलब्धीमूलक र प्रभावकारी बनाउने | सालवसाली | ३३१० | नीति तथा कार्यक्रम | आ.व.मा १ पटक शैक्षिक भ्रमण आयोजना हुनेछ। |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १.१४ | विद्यार्थी कृषि अभ्यास कार्यक्रम (नर्सरी, उत्पादन, तरकारी, फलफुल र मौरीपालन) | जीवनपयोगी र व्यवहारिक शिक्षा र सिकाईमा बृद्धि गर्ने | सालबसाली | ११९१६ | आवधिक योजनाको प्राथमिकता | १० वटा बिद्यालयस्थापना गरिने |
| १.१५ | विद्यालयमा निर्माण अभ्यास केन्द्र र सूचना प्रविधि प्रयोगशाााला स्थापना ( स्थानीय आयोजनाको प्राविधिक अध्ययन, सर्वेक्षण, डिजाइन, लागत अनुमान, सुपरीवेक्षण र विलिङ तथा सूचना प्रविधिको उपयोग बारे पठनपाठन, अभ्यास र सीप हस्तान्तरण) | शिक्षालाई विकास तथा उत्पादन प्रक्रियासँग जोड्ने र बजारको माग अनुसारको मानव संशाधन उत्पादन गर्ने | सालवसाली | ९९३० | आवधिक योजनाको प्राथमिकता | १० वटा विद्यालयमा स्थापना भई सो अनुसार पठनपाठन हुनेछ। |
| १.१६ | प्राविधिक (कृषि, निर्माण IT) विद्यालय स्थापना तथा धार संचालन | प्राविधिक शिक्षामा पहुँच र अध्ययनको प्रभावकारित बढाउने | २०७७/७८ देखी २०७९/८० | ३९७२० | नीति तथा कार्यक्रम | कृषि, निर्माण IT विषयमा १-१ वटा विद्यालय स्थापना हुनेछन्। |
| १.१७ | अभिभावक शिक्षा र सचेतना कार्यक्रम | विद्यालय शिक्षामा निरन्तरता दर कायम गर्ने | सालवसाली | २९७९ | नीति तथा कार्यक्रम | ८० वटै विद्यालय र १४२ वटै वस्तहरुमा संचालन हुनेछ। |
| १.१८ | क्याम्पसको स्तरोन्नति कार्यक्रम | उच्च शिक्षा पहुँच बृद्धि गर्ने | सालबसाली | ३९७२० | नीति तथा कार्यक्रम | उच्च शिक्षामा विद्यार्थीको संख्या २०% ले बृद्धि हुनेछ। |
| १.१९ | शैक्षिक अध्ययन तथा अनुसन्धान कार्यक्रम | अनुसन्धान र प्रमाणमा आधारित विकास कार्यलाई प्रवद्धन गर्ने | सालबसाली | ४९६५ | आवधिक विकास योजनाको प्राथमिकता | बार्षिक कम्तीमा २ वटा विषयमा अनुसन्धान भई प्रतिवेदन प्रकाशन हुनेछ। |
| १.२० | छात्रावृति कोष स्थापना (बार्षिक) | विद्यालय शिक्षामा विपन्न र लक्षित वर्गलाई प्रोत्साहन गर्ने | सालबसाली | ४९६५० | नीति तथा कार्यक्रम | .... वटै विद्यालयमा स्थापना हुनेछ। |
| १.२१ | कार्यालय संचालन र चालु कार्यक्रम | शैक्षिक सेवा सुचारु गर्ने | सालबसाली | ६६२० | ससर्त अनुदान कार्यक्रम | विद्यालय व्यवस्थित रुपमा संचालन हुनेछन्। |
| २. | **स्वास्थ्य** | | | ० | | |
| २.१ | स्वास्थ्य सेवा विस्तार तथा सुदृढीकरण कार्यक्रम (प्रयोगशाला, कम्प्युटर, इन्टरनेट र पावर व्याकअप सुविधा, कोल्डचेन मेन्टेन गर्न रेफ्रिजरेटर खरिद आदी) | स्वास्थ्य सेवा थप सहज र व्यवस्थित गर्न | सालवसाली | १४८९५ | राष्ट्रिय, प्रदेश र न.पा. को नीति | ७ वटा स्वास्थ्य संस्थाको सुदृढीकरण भई सेवाको स्तरमा बृद्धि हुनेछ। |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| २.२ | स्वास्थ्य संस्था पूर्वाधार विकास कार्यक्रम (भवन निर्माण, वर्थिङ सेन्टर, बैठक तथा तालिम कक्ष, आइसोलेशन वार्ड, करेशा बारी, बगैचा र इन्सिनेरेटर) | स्वास्थ्य सेवालाई प्रहावमा सहज वनाउन | सालबसाली | ३९७२० | राष्ट्रिय, प्रदेश र न.पा. को नीति | ..वटा स्वास्थ्य संस्था भवन, ... वथिङ सेन्टर, १ वटा तालिम हल र ३० वटा आइसोलेशन वार्ड निर्माण भई संचालन हुनेछ। |
| २.३ | सुरक्षित मातृत्व र पोषण कार्यक्रम | मातृ स्वास्थ्य सुधार गर्न | सालवसाली | ८२७५ | राष्ट्रिय, प्रदेश र न.पा. को नीति | सुरक्षित मातृत्व र पोषण सेवा १५ प्रतिशतले बृद्धि हुनेछ। |
| २.४ | मेडिकल उपकरण र औषधी व्यवस्थापन कार्यक्रम | स्वास्थ्य सेवालाई सहज उपलब्ध गराउन | सालवसाली | ११५८५ | नीति तथा कार्यक्रमको प्राथमिकता | ७ वटा स्वास्थ्य संस्था उपकरण र औषधीको नियमित आपूर्ति हुनेछ। |
| २.५ | स्वास्थ्य शिक्षा, सूचना र संचार कार्यक्रम | जनतालाई स्वास्थ्य रहने जनचेतना जगाउन | सालवसाली | ५९५८ | राष्ट्रिय, प्रदेश र न.पा. को नीति | सामाजिक संजाल, विद्युतीय र प्रिण्ट र प्रत्यक्ष माध्यमबाट प्रसार र प्रसारण हुनेछ। |
| २.६ | स्वास्थ्य उपचार सहयोग कार्यक्रम ( विपन्न र विशेष अवस्था परिवारका सदस्यका लागि प्रति व्यक्ति रु. ५०० उपचार सहयोग प्रदान गर्ने) | लक्षित वर्गलाई स्वास्थ्य सेवा पहुँच वृद्धि गर्न | सालवसाली | ३३१० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | बार्षिक .... जनाले सहयोग प्राप्त गर्नेछन्। |
| २.७ | १५ शैयाको अस्पताल निर्माण र संचालन | सघन उपचारको व्यवस्था गर्ने | | ६२८९० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | ग्रामीण क्षेत्र केन्द्रित गी अस्पताल निर्माण भई संचालन हुनेछ। |
| २.८ | सिकलसेल एनिमिया उपचार, ARV तथा सर्पदंशको उपचार व्यवस्थापन | सवै प्रकारका रोगको उपचारमा सहज बनाउन | सालबसाली | ३९७२ | स्थानीय प्राथमिकता | २ वटा स्थानमा सर्पदंशको उपचार सेवा उपलब्ध हुनेछ। |
| २.९ | स्वास्थ्यकमी पेशागत तालिम तथा महिला स्वास्थ्य स्वयमसेविका तालिम | स्वास्थ्य सेवा गुणस्तर कायम राख्न | सालबसाली | २६४८ | राष्ट्रिय, प्रदेश र न.पा. को नीति | ... स्वास्थ्यकर्मी र स्वयं सेविकाले तालिम प्राप्त गर्नेछन् |
| २.१० | आयुर्वेद चिकित्सालय स्थापना तथा आयुर्वेद स्वास्थ्य क्लिनिक संचालन | स्वस्थ्य जीवन र रोग उपचारका लागि आयुर्वेद पद्धतिको प्रवर्धन गर्ने | सालबसाली | ३३१०० | राष्ट्रिय, प्रदेश र नगरपालिकाको नीति | ....थप आयुवेद चिकित्सालय र आयुर्वेद सेवा संचालन हुनेछ। |
| २.११ | आयुर्वेदिक औषधी उत्पादन र फार्मेसी संचालन | नगरवासीको स्वास्थ्य सेवामा सहँज उपलब्ध गराउने | सालबसाली | ३३१० | राष्ट्रिय, प्रदेश र न.पा. को नीति | .. थप आयुर्वेद फार्मेसी स्थापना हुनेछ। |
| २.१२ | स्थानीय जडिबुटीबारे अध्ययन, पहिचान, संकलन तथा प्रशोधन | स्थानीय स्तरमा उपलब्ध जडिबुटीको प्रयोग बढाउने | सालबसाली | ५२९६ | नीति तथा कार्यक्रमको प्राथमिकता | नगरको २ स्थानमा जडिबुटी संकलन तथा प्रशोधन केन्द्रको स्थापना हुनेछ। |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| २.१३ | कोभिड-१९ लगायत महामारी रोग रोकथाम र उपचार रोग प्रतिरोधात्मक आर्युवेद औषधीहरु वितरण कार्यक्रम | नगरवासीलाई आयुर्वेद उपचारमा प्रोत्साहन गर्न | सालवसाली | १३२४ | राष्ट्रिय, प्रदेश र न.पा. को नीति | .... जना लाभान्वित हुनेछन । |
| २.१३ | योग केन्द्र स्थापना र कक्षा संचालन | नगरवासीलाई योग अभ्यासमा प्रोत्साहन गर्न | २०७७/७८ देखी २०७९/८० | १२५७८ | नीति तथा कार्यक्रमको प्राथमिकता | प्रत्येक वडामा १-१ वटा गरी १५ योग केन्द्र संचालन हुनेछ । |
| २.१४ | योगाभ्यास र औषधिको प्रयोग संबन्धी जनचेतना कार्यक्रम | नगरवासीको जिवन स्वास्थ्य बनाउन | सालबसाली | १६५५ | नीति तथा कार्यक्रमको प्राथमिकता | १४२ वटै टोलमा संचालन हुनेछ । |
| २.१५ | मनोसामाजिक सहजकर्ता तालिम | सवै प्रकारको रोग उपचारमा सहँज बनाउन | सालवसाली | ९९३ | नीति तथा कार्यक्रमको प्राथमिकता | ३० जना मनोसामाजिक सहजकर्ताको विकास र परिचालन हुनेछन् । |
| २.१६ | स्वास्थ्य सेवा कार्यालय संचालन र चालु कार्यक्रम | स्वास्थ्य सेवा निरन्तर सपलब्ध गराउने | सालबसाली | ४६३४ | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | .. २०००० घरपरिवार लाभन्वित हुनेछन् । |
| **३.** | **खानेपानी तथा सरसफाई** | | | ० | | |
| ३.१ | एक घर एक धारा कार्यक्रम | सुरक्षित खानेपानी सुविधा सहज उपलब्ध गराउने | २०७७/७८ देखी २०७८/७९ | १४८९५० | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | ३५ प्रतिशत घरपरिवारले नीजि धाराको पानी उपयोग गर्नेछन् । |
| ३.२ | मौजुदा र साना खानेपानी आयोजना मर्मत सुधार व्यवस्थापन कार्यक्रम | खानेपानी सुविधाको उपलब्धता सहज बनाउने | सालवसाली | १८२०५ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | ..... वटा मौजुदा साना तथा ठूला आयोजनाको मर्मत सुधार भई सूचारु हुनेछन् । |
| ३.३ | आयोजना निर्माण र मर्मत संभार प्राविधिक उत्पादन र परिचालन | खानेपानी र सरसफाई सम्बन्धी प्राविधिक सीप हस्तान्तरण गर्ने | सालबसाली | २३१७ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | बार्षिक २५ जनाको दरले ७५ जना युवाले प्राविधिक सीप गर्नेछन् । |
| ३.४ | पानीको गुणस्तर मापन | स्वच्छ खानपानीको व्यवस्था गर्ने | सालवसाली | १३२४ | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | समुदाय र घरपरिवारमा पानीको गुणस्तर मापनको सुविधा सहज रुपमा उपलब्ध हुनेछ । |
| ३.५ | दिशाजन्य लेदो फोहोर विसर्जन स्थल निर्माण ट्रिटमेन्ट प्लान्ट स्थापना | नगरपालिका क्षेत्रमा स्वच्छ वातावरण तयार गर्ने | २०७७/७८ देखी २०७९/८० | ३९७२० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | एक स्थानमा दिशाजन्य लेदो फोहोर विसर्जन स्थल निर्माण, ट्रिटमेन्ट प्लान्ट संचालन हुनेछ । |
| ३.६ | सार्वजनिक शौचालय तथा बजार क्षेत्रमा घुम्ती शौचालय निर्माण | पूर्ण सरसफाई र खुला दिशामुक्त क्षेत्र निरन्तरता कायम राख्ने | २०७७/७८ देखी २०७९/८० | १३२४० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | १० थप सार्वजनिक शौचालय निर्माण भई संचालन हुनेछ |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ३.७ | कुहिने र नकुहिने फोहोर व्यवस्थापन | फोहोर विसर्जन परिमाण घटाउने र व्यवस्थापन सहज बनाउने | सालबसाली | ४९६५ | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | शहरी क्षेत्रमा बसोबास गर्ने करिब ६००० घरपरिवार उपयुक्त प्रविधि हस्तान्तरण हुनेछ । |
| ३.८ | स्वच्छता, स्वच्छ व्यवहार र स्वच्छ खानेपानी बारे जनचेतना कार्यक्रम | स्वच्छता र स्वच्छ व्यवहारको अभिबृद्धि गर्ने | सालवसाली | १९८६ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | १४२ वस्तीका करिब १८०० घरपरिवार लाभान्वित हुनेछन् । |
| ३.९ | पूर्ण सरसफाई तथा स्वच्छ टोल कार्यक्रम | नगर क्षेत्रमा स्वच्छता कायम गर्ने | सालवसाली | २६४८ | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | बार्षिक रुपमा समुदायको स्वस्फुर्त सहभागितामा कार्यक्रम संचालन हुनेछ |
| ४. | **महिला, वालबालिका तथा सामाजिक समावेशीकरण** | | | ० | | |
| ४.१ | लक्षित वर्ग सशक्तीकरण तथा संस्थागत विकास कार्यक्रम (नेतृत्व विकास, कार्यालय व्यवस्थापन, कोष तथा लेखा र अभिलेख व्यवस्थापन, संजाल गठन तथा क्षमता विकास आदी) | लक्षित वर्गको क्षमता अभिवृद्धि तथा सामाजिक समावेशीकरणलाई निर्णय तथा विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | सालवसाली | ५६२७ | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | लक्षित वर्ग क्षमता विकासबाट बार्षिक ६ वटा समूह तथा सस्थाहरु लाभान्वित हुनेछन् । |
| ४.२ | लक्षित वर्ग स्वरोजगार र आयमूलक कार्यक्रम (अचार, मुडा तथा फर्निचर, निर्माण, मोवाइल, मेकानिक्स, विद्युत, ड्राइभिङ्ग, अगरवत्ती, साबुन, ढाँका बुनाई, सिलाई कटाई, हस्तकला, बुटिक आदी) | स्थानीय स्तरमा रोजगार सृजना गरी आय आर्जन वृद्धि गर्ने | सालवसाली | ८२७५ | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | विभिन्न स्वरोजगार र आयमूलक कार्यक्रमबाट बार्षिक २०० जना लक्षित वर्ग तथा समुदायका व्यक्तिहरु लाभान्वित हुनेछन् । |
| ४.३ | लक्षित वर्ग पूर्वाधार विकास कार्यक्रम | लक्षित वर्ग लक्षित सामुदायिक, सहकारी भवन, चौतारी, अध्ययन केन्द्र, पुस्तकालय आदी निर्माण गर्ने | सालबसाली | १९८६० | प्रदेश र नगरपालिकाको नीति तथा कार्यक्रम | बार्षिक २ वटाका दरले भवन, चौतारी, केन्द्र वा पुस्तकालय निर्माण भई संचालन हुनेछन । |
| ४.४ | महिला समूह, सहकारी तथा टोल विकास संस्था सुदृढीकरण कार्यक्रम | संस्थागत तथा क्षमता अभिबृद्धि गर्ने | सालवसाली | ४६३४ | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | १० वटा सहकारी, समूह, टोल विकास संस्थाहरुको दर्ता, संस्थागत विकास र सामाजिक जागरण र उद्यमशिलतामा क्रियाशिल हुनेछन् |
| ४.५ | बाल विकास कार्यक्रम | बाल विकास लगायत वाल अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने | सालबसाली | ३३१० | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | बाल विकास केन्द्र, बाल कक्षा तथा शिक्षण र मनोरञ्जनका क्रियाकलाप व्यवस्थित हुनेछन् । |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ४.६ | जातिय विभेद मुक्त क्षेत्र घोषणा र नियम पालना कार्यक्रम | जातिय विभेद न्युनिकरण गर्ने | सालबसाली | २६४८ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | जातीय विभेदका घटना कमी आउने र सार्वजनिक हुनेछन् । |
| ४.७ | जोखिममा परेका महिला वालवालिका लागि पुर्नस्थापना केन्द्र स्थापना र सञ्चालन | जोखिममा परेका र विशेष संरक्षण आवश्यक भएका महिला वालवालिका लागि पुर्नस्थापना गर्ने | २०७७/७८ देखी २०७८/७९ | १९८६० | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | नगर क्षेत्रमा जोखिममा परेका महिला वालवालिका पुर्नस्थापना केन्द्र स्थापना र सञ्चालन हुनेछ |
| ४.८ | हिंसा पीडित संरक्षण कोष स्थापना र संचालन | हिंसा पीडितहरुको जीवनयापन र जीविकोपार्जनमा सहज बनाउने | सालवसाली | २९७९ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | रु. १० लाखको कोष खडा हुनेछ । |
| ४.९ | अन्तरपुस्ता अनुभव हस्तान्तरण तथा सम्मान कार्यक्रम | ज्येष्ठ नागरिकको ज्ञान तथा अनुभवको उपयोग गर्ने | सालवसाली | ९९३ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | चौमासिक रुपमा उद्यम, व्यवसाय, शिक्षा, कृषि र बजार लगायतका विषयमा सम्बाद कार्यक्रम सूचारु हुनेछ । |
| ४.१० | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र | ज्येष्ठ नागरिकको जविनयापनमा सहँज बनाउँने | सालबसाली | १३२४० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | ३ वटा ज्येष्ठ नागरिक दिवा केन्द्र स्थापना हुने |
| **५.** | **युवा तथा खेलकुद** | | | ० | | |
| ५.१ | युवा पुनःर्स्थापना र परामर्श कार्यक्रम | दुव्यर्सनी तथा कुलत प्रभावित युवालाई सिर्जनशिल क्षेत्रमा रुपान्तरण गर्ने | सालबसाली | ७२८२ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | दुव्यसनी युवाहरु सिर्जनशिल र उद्यमशिल कार्यमा सहभागि हुनेछन। |
| ५.२ | युवा उद्यमशिलता तथा स्वरोजगार कार्यक्रम | युवा रोजगारी सृजना गर्ने | सालवसाली | ९९३० | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | १५०० युवाहरु स्वरोजगार तथा रोगार हुनेछन् । |
| ५.२ | युवा नेतृत्व विकास तथा सामाजिक उद्यमशिलता विकास कार्यक्रम | स्थानीय शासन, विकास, उद्यम र अभियानमूलक कार्यहरुमा युवाको नेतृत्व र सहभागितामा बृद्धि हुनेछ | सालवसाली | २३१७ | राष्ट्रिय, प्रदेश र न.पा.को नीति तथा कार्यक्रम | नगरस्तरका कम्तीमा २० प्रतिशत संयन्त्र तथा अभियान युवाको नेतृत्वमा संचालन हुनेछन् । |
| ५.३ | खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नति | नगरपालिकामा खेलकुद विकास गर्न | सालसाली | ५९५८० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | ...वटा खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नति हुने |
| ५.४ | विद्यालय र सार्वजनिक साना, मझौला, ठुला खेल मैदान सबलीकरण कार्यक्रम | नगरपालिकामा खेलकुद विकास गर्न | सालवसाली | १६५५० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | विद्यमान ६ वटा खेलमैदानहरु स्तरोन्नति हुनेछन् । |
| ५.५ | खेलकुद एकेडेमी स्थापना र सञ्चालन | नगरपालिकामा खेलकुद विकास गर्न | २०७७/७८ देखी २०७९/८० | १९८६० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | एकेडेमी स्थापना भई कम्तीमा ३ वटा क्षेत्रमा प्रशिक्षण सञ्चालन हुनेछ |
| ५.६ | खेल शिक्षक र पेशागत प्रशिक्षक विकास तथा परिचालन कार्यक्रम | खलकुदलाई व्यवस्थित विकास गर्न | सालवसाली | २३१७ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | पेशागत खेल प्रशिक्षक र प्रशिक्षकको व्यवस्था हुनेछ । |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ५.७ | खेलकुद विकास र प्रवर्धन कार्यक्रम | नगरपालिकामा खेलकुद विकास गर्न | सालवसाली | ३९७२ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | बार्षिक रुपमा ४ प्रकारका प्रकारका खेल प्रतियोगिताहरु संचालन हुनेछन् |
| ५.८ | अपाङ्गमैत्री विषेश खेलहरु सञ्चालन | खेलकुदमा समावेसी प्रबद्धन गर्न | सालवसाली | १६५५ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | बार्षिक कम्तीमा १ वटा अपाङ्गमैत्री खेलकुद कार्यक्रम संचालन हुनेछ । |
| ५.९ | लागुपदार्थ दुर्व्यसन विरुद्ध सचेतना तथा निगरानी कार्यक्रम | सव्य नगर निर्माण गर्न | सालवसाली | १३२४ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | समुदायमा सचेतना र निगरानीका कार्यक्रम नियमित संचालन हुनेछन् । |
| ५.१० | सेवा आयोग कक्षा संचालन | सरकारी सेवा प्रवेशमा युवाहरुलाई सहज बनाई रोजगार सृजना गर्न | सालवसाली | १९८६ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | विभिन्न सेवाका सेवा आयोगका कक्षाहरु नियमित संचालन हुनेछन् । |
| ६. | **संस्कृति, भाषा, कला तथा साहित्य** | | | ० | | |
| ६.१ | साँस्कृतिक सम्पदाहरुको पहिचान, अध्ययन, अनुसन्धान तथा अभिलेखन | उपलब्ध उत्कृष्ट साँस्कृतिक सम्पदाको संरक्षण र प्रवद्धन गर्ने | सालवसाली | १६५५ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | विद्यमान साँस्कृतिक सम्पदाहरुको पहिचान, अध्ययन, अनुसन्धान तथा अभिलेखन हुनेछ । |
| ६.२ | पूर्णिमा साहित्य प्रतिष्ठान भवन निर्माण | कला साहित्य सम्बन्धी अध्ययन, संवाद, अभिलेखन र प्रकाशनलाई व्यवस्थित गर्ने | सालबसाली | २६४८० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | प्रतिष्ठानबाट अध्ययन, अभिलेखन र संबाद र प्रकाशनका कार्यहरु नियमित हुनेछन् । |
| ६.३ | थारु संग्राहलय र संस्कृति कला केन्द्रको स्थापना | थारु कला संस्कृति संरक्षण तथा प्रवर्द्धन गर्ने | २०७७/७८ देखि २०७८/७९ सम्म | ४९६५० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | थारु संस्कृति कला र सिर्जनाको विकास र प्रवर्द्धन हुनेछ । |
| ६.४ | साँस्कृतिक सम्पदा संरक्षण, पूर्वाधार निर्माण र सुधार कार्यक्रम | साँस्कृतिक सम्पदा प्रवर्धनको लागि पूर्वाधार निर्माण र सुधार गर्ने | सालबसाली | १९८६० | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | सम्पदा संरक्षण सम्बन्धी कम्तीमा ३ पूर्वाधारको विकास र सुधार हुनेछ । |
| ६.५ | सँस्कृति प्रवर्द्धन, योग तथा ध्यान कक्षा | योग र ध्यानको माध्यमबाट सँस्कृति र सम्पदाको संरक्षण गर्ने | सालबसाली | ५२९६ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | स्वस्थ तन र मनको विकासमा सहयोग पुग्नेछ । |
| ६.६ | स्थानीय गुम्बा, मठमन्दिर र मस्जिद संरक्षण तथा सम्बर्धन कार्यक्रम | धार्मिक सम्पदाको संरक्षण, शिक्षा र पर्यटन मार्फत प्रवर्द्धन गर्ने | सालवसाली | ३९७२ | नगरपालिकाको नीति तथा कार्यक्रमको प्राथमिकता | शैक्षिक र पर्यटकीय गतिविधिमा बृद्धि हुनेछ । |
| | जम्मा | | | १०७५०१२ | | |
| | चालु | | | ४५५४२५ | | |
| | पुँजीगत | | | ८२३१९६ | | |

## ४.९ जोखिम पक्ष तथा अनुमान

संघीय व्यवस्था अनुसारको शैक्षिक संरचना तथा नीतिगत व्यवस्था, जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास र शैक्षिक सूचना व्यवस्था जस्ता कार्यहरु प्रभावकारी रुपमा संचालन हुने अपेक्षा गरिएको छ। सो नभएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

विगत तीन दशकमा स्वास्थ्य क्षेत्रमा सह्रानिय उपलव्धी हासिल भएता पनि स्वास्थ्यको अवस्था सवै वर्ग, क्षेत्रमा समान रहेको छैन। बढ्दो अव्यवस्थित शहरीकरणका कारण एकातिर सरूवा रोगको नियन्त्रणमा चुनौती रहेको छ भने बद्लिदो खानपान र जीवनशैलीका कारण नसर्ने रोगको भार बढ्दो छ। साथै जलवायु परिर्वतनका कारण नयाँ रोग तथा प्राकृतिक प्रकोपका कारण स्वास्थ्य प्रणालीमा ठूलो चुनौती थपिएको छ। स्वास्थ्य क्षेत्र महंगो हुनुका साथै सर्वसाधारणको पहुँच बाहिर जाने खतरा छ। कोभिड १९ विश्वव्यापी महामारीले स्वास्थ्य क्षेत्रमा ठूलो चूनौति ल्याएको छ। विद्यमान स्वास्थ्य प्रणाली कोभिड १९ लगायत अन्य माहामारी र अन्य स्वास्थ्य समस्यालाई सम्बोधन गर्न नसक्ने अवस्था देखिएको छ। माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ।

पूर्वाधार, प्रयोगशाला, अनुसन्धान र सुविधाको उपलब्धता, प्रशिक्षण, संगठन संरचना र जनशक्तिको व्यवस्था र क्षमता अभिबृद्धी भए अपेक्षित नतिजा हासिल गर्न जोखिम नहुन सक्छ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ।

# परिच्छेद ५
# पूर्वाधार विकास

## ५.१ पष्ठभूमि

कुनै पनि स्थान/क्षेत्रको समष्टिगत आर्थिक, सामाजिक र भौतिक सेवा तथा सुविधा प्रवाह गर्न भौतिक पूर्वाधार विकास क्षेत्रको भूमिका प्राथमिक तथा महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुने र सो मार्फत बजार सूचना, सेवा सुविधाको स्तर, पहुँच र उपयोग जस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ । तर पूर्वाधार विकास र विस्तारबाट दिगो लाभ लिन पूर्वाधारको दिगो निर्माण र संचालनका साथसाथै यसबाट वातावरणमा पर्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरुको अवलम्बन जरुरत पर्दछ। नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा संचालन गरी सामाजिक, आर्थिक र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

अन्तरराष्ट्रिय प्रतिवद्धता प्रस्तुत दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, शहरी गरिबीलाई कम गर्ने तथा सबैलाई हरियाली र खुल्ला ठाउँहरु उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ। यसै लक्ष्य अनुरुप भूउपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधारको विकास द्रुत गतिमा गर्ने, बढी फलदायी र वातावरणमैत्री आयोजना कार्यान्वयन गर्ने, निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयन गर्न जरुरी छ ।

उपरोक्त पृष्ठभूमिमा आधारित भई विकास प्रतिफललाई नगर विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न पूर्वाधार विकास क्षेत्रमा मूलतः आवास, वस्ती विकास र शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो संचालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्र यस योजनामा समावेश गरिएको छ । नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, संभावना र अवसर, समस्या तथा चूनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ५.२ विद्यमान अवस्था, संभावना तथा अवसर

नगरपालिकाको मुख्य गरी शहरी क्षेत्रमा नगर विकास समितिको प्राविधिक सहयोग र नगरपालिकाको सहजीकरणमा सडक, नाली, पेटी, जग्गा एकीकरण र विकास तथा विद्युतीकरण जस्ता पूर्वाधार निर्माण भएका छन्। नगरपालिकामा राष्ट्रिय भवनसंहिता अनुरुप नगरपालिकाको भवन संहिता २०७२ तयार तथा स्वीकृत भई घरनक्शा पास तथा भवन निर्माण मापदण्ड संचालनमा रहेको छ। यसैगरी नगरपालिकामा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड तयार भई कार्यान्वयनमा रहेको छ र यसै अनुसार घरनक्शा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य रहेको छ।

....... सालमा नगर क्षेत्रको योजनावद्ध विकासका लागि नगर विकास समितिको पहलमा नगरपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, आद्यौगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरुको विचमा ग्रिन वेल्टको अवधारणा सहितको भूउपयोग क्षेत्र निर्धारण खाका तयार गरिएको छ। तर यसको आधारमा भूउपयोग योजना र सो को आधारमा वस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी तत्काल कार्यान्वयन गर्नु पर्ने देखिएको छ । नगरपालिका क्षेत्रबाट विसर्जन हुने फोहोरमैला सुरक्षित व्यवस्थापन गर्न.............. मा ल्याण्डफिल साइट निर्माण गर्न डिपिआर तयार भई निर्माण कार्य प्रारम्भ भएको छ।

नगरपालिकामा लामोदुरीको बसपार्क र छोटो दुरीको गरी २ वटा बस पार्क संचालनमा रहेका छन् । नगरपालिकाको सहमतीमा छिमेकी वैजनाथ गाउँपालिकाको वडा नम्बर ३ मा प्रदेशस्तरीय औद्योगिक ग्राम

स्थापनाको प्रक्रिया अगाडि बढाइएको छ । नगरपालिकाको १ स्थानमा शितभण्डार समेत र अर्को १ स्थानमा तरकारी तथा फलफल संकलन र बजार केन्द्र संचालनमा रहेका छन् ।

नगरपालिकाको १५ वटा वडा कार्यालयहरु मध्ये वडा नम्बर २, ५, १०, ११ र १४ का वडा कार्यालयहरु आफ्नै भवनमा संचालनमा रहेका छन् भने बाँकी वडाका वडा कार्यालयहरु भाडाको घरमा संचालनमा रहेका छन् । यस नगरपालिकामा बसोबास गर्ने कूल १७,६८९ घरपरिवार मध्ये ६३ प्रतिशत पक्की, २५ प्रतिशत अर्धकच्ची र बाँकी १२ प्रतिशत घर कच्ची रहको देखिन्छ। कूल घरपरिवारमा मध्ये ९४ प्रतिशतको परिवार आफ्नै घर भएको बाँकी ६ प्रतिशत भाडामा बसोबास गरेको स्थिति पत्रमा उल्लिखित तथ्याङ्कले देखाएको छ ।

नेपालको कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशको प्रवेशद्धारको रुपमा रहेको यस नगरपालिका भएर पूर्वपश्चिम तथा रत्न राष्ट्रिय लोकमार्ग गएको छ । स्थिति पत्र (प्रोफाइल) को विवरण अनुसार यस नगरपालिकामा पक्की सडक ४३.५ कि.मि., ग्राभेल सडक ६३.७ कि.मि. र कच्ची सडक १४० कि.मि. समेत कूल २४७ कि.मि. सडक रहेको देखिन्छ । राष्ट्रिय लोकमार्ग वाहेक नगरपालिकामा करिब २२ कि.मि. पक्की सडक रहेको छ भने नगरपालिकाको १५ वटै वडाहरु १२ हैं महिना संचालन हुने सडक सञ्जालमा जोडिएका छन् । नगरपालिकाले सडकको चौडाई र स्तरको आधारमा क, ख र ग गरी तीन वर्गमा नगरस्तरीय सडकलाई वर्गीकरण गरी सडकको क्षेत्राधिकार निर्धारण गरेको छ । जस अनुसार सडकको चौडाई, १२, ८ र ६ मिटर कायम गरिएको छ। नगरपालिकाको विभिन्न वडा तथा रणनीतिक स्थलहरु जोड्ने प्रमुख सडकहरु जोड्दा चक्रपथ निर्माण हुने संभावना देखिएको छ । यसबाट नगरपालिका भूउपयोगका कृषि र आवास क्षेत्रको सिमाको रुपमा समेत कार्य गर्न सक्ने देखिन्छ ।

राष्ट्रिय लोकमार्गमा समेत गरी यस नगरपालिका क्षेत्रमा मझौला र सानो स्पानका गरी ८ वटा पक्की पुल, २ वटा झोलुङ्गे पुल र ५० भन्दा बढी स्थानमा कल्भर्टहरु रहेका छन् । यस नगरपालिकामा लामोदुरी र छोटो दुरीका गरी २ वटा बसपार्क संचालनमा रहेका छन् । नगर क्षेत्र भित्र पैदल मार्ग ८.६ कि.मि. रहेको स्थिति पत्रबाट देखिन्छ । यस नगरपालिका नेपालको संघीय राजधानी काठमाडौ, प्रदेश नं. ५ को अस्थायी राजधानी बुटवल, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशको राजधानी क्रमशः सुर्खेत, गोदावरी, देशकै प्रमुख शहरहरुसँग अन्तरआवद्धता सहज रहेको छ । यो नगरपालिका पश्चिम नेपालको आवासीय, व्यापारिक, पर्यटकीय र शैक्षिक संगम वा केन्द्रको रुपमा स्थापित भैरहेको छ ।

यस नगर क्षेत्रका सबै वडा र वस्तीहरुमा विद्युत सेवा उपलब्ध रहेको छ । नगरपालिकाको लगभग शतप्रतिशत घरपरिवारले राष्ट्रिय प्रसारण लाईनबाट वितरित विद्युत सेवा उपयोग गरिरहेको देखिन्छ। नगर क्षेत्रको १ प्रतिशत घरधुरीमा सोलार प्रणाली र १० प्रतिशत घरपरिवारमा वायोग्यास प्लाण्ट उपलब्ध रहेको छ । नगरपालिका भित्रको ग्रामीण वस्तीहरुमा ४०० जती घरधुरीमा सुधारिएको चुल्हो जडान भएको देखिन्छ । एलपि ग्यास, वायोग्यास, विद्युत हिटर समेत खाना पकाउन स्वच्छ उर्जा प्रयोग गर्ने वा धुवाँमुक्त घरको प्रतिशत ९० प्रतिशत जती रहेको अनुमान गरिएको छ ।

नगरपालिका क्षेत्र भित्रको रत्न राजमार्गको मुख्य सडक, चोकहरुमा ६० वटा जती पोलहरुमा सोलार सडक वत्ती जडान रहेको छ भने अन्य स्थानमा सडक बत्तीको सुविधा पुग्न सकेको छैन । यस नगरपालिका क्षेत्रमा विद्युतको कूल ग्राहक संख्या १२,८४४ रहेका र सो मध्ये ग्राहर्स्थ लाइन ९४ प्रतिशत, औद्योगिक र व्यापारिक लाइन संख्या १-१ प्रतिशत रहेका छन् । सिचाईको लागि विद्युत लाईन ४७४ वटा रहेका छन् । नगर क्षेत्र भित्र विद्यूतको स्वीचिङ्ग स्टेशन ५ वटा, ट्रान्सफर्मर संख्या ५८ वडा रहेका छन् ।

नगरपालिकाको लगभग सबै क्षेत्र सूचना तथा संचारमा सुविधाको पहुँचको रहेको देखिन्छ । नगरपालिकाको कूल जनसंख्या मध्ये ७३ प्रतिशत जनसंख्यासँग टेलिफोनको लाइन उपलब्ध रहेको देखिन्छ । नगरपालिकामा बसोबास

गर्ने कूल घरपरिवार मध्ये ८३ प्रतिशतसँग टेलिभिजन, ३१ प्रतिशत घरपरिवारसँग कम्प्युटर र १३ प्रतिशतसँग इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको देखिन्छ ।

नगरपालिका भित्र कार्यपालिका कार्यालय, १५ वटै वडा कार्यालयहरु, ६ वटा माद्यामिक विद्यालय तथा रझेना, कोहलपुर सम्शेरगञ्ज स्वास्थ्य चौकीहरुमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ । नगरपालिकामा इन्टरएक्टिभ वेवसाइट, मोबाइल एप्स् र विभिन्न ८ प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन संचालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । नगरपालिकाको इन्टरएक्टिभ वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईन मार्फत सूचनाहरु नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ ।

नगरपालिका क्षेत्रमा एक दर्जन जतरी एफएम रेडियो, स्याटलाइट प्रविधिमा आधारित नेपाल टेलिभिजनको प्रसारण केन्द्र संचालन रहेको छ। नगरपालिकामा दर्ता भएका विभिन्न ...... पत्रपत्रिका प्रकाशन भैरहेको राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरु प्रकाशन भएकै दिन उपलब्ध हुने गरेका छन् ।

## ५.३ समस्या र चूनौति

आवास क्षेत्रमा नगर विकास समितिबाट तयार तथा स्वीकृत जग्गाको प्लटिङको क्षेत्रफल धेरै कम रहेकोले भवन निर्माण मापदण्ड पालना गर्न गराउने एकालित कठिनाई देखिएको छ भने अर्कोतिर यसबाट व्यवस्थित आवास निर्माणमा चूनौति थपिएको छ । पश्चिम नेपालको आवासीय शहरको रुपमा विकास तर्फ लम्कदै गरेको यस नगरपालिका क्षेत्रमो भवन संहिता २०७२ लागू हुनु भन्दा अगाडि बनेका नीजि, व्यावसायिक, सरकारी र सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी भए नभएको एकिन गरी सो अनुसार नियमन हुन सकेको छैन । लामो दुरीको बसपार्कमा सवारी साधन पार्किङ र यातायातको सहज व्यवस्थापनको लागि क्षेत्र कम भएको नगरपालिकाको अन्य क्षेत्रमा पार्किङ स्थलको व्यवस्था हुन सकेको छैन ।

नगरपालिकामा भएको तरकारी तथा फलफूल बजारमा पानी निकासको लागि नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, शित भण्डार र अन्य पूर्वाधार र सूविधाको कमी रहेको छ। नगर विकास समितिले प्रस्ताव गरेको भूउपयोगको क्षेत्र अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार वस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण, औद्योगिक र ग्रिनवेल्टको लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन । नगरपालिका क्षेत्रका केही वस्तीहरु कटान तथा डुवानको समस्याका कारण करिब २८०० जती घरपरिवारहरुमा बाढीको जोखिम रहेको छ । ग्रामीण वस्तीहरुमा गुजुमुजु परेका फुसको छाना भएको घरहरु रहेको र शहरी क्षेत्रका घरहरुमा पनि लाइटिनिङ रडको व्यवस्था नभएको हुँदा आगलागीको जोखिममा रहेका छन् । बाँके राष्ट्रिय निकुञ्ज क्षेत्र र मध्यवर्ती क्षेत्रसँग जोडिएका ग्रामीण वस्तीहरुमा मानव वन्यजन्तु द्वन्द्धको समेत जोखिम रहेको छ ।

नगरको शहरी तथा ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धीमूलक र प्रभावकारी बनाउन नगर कार्यपालिकाको एकीकृत भवन, वडा भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरुको कमी रहेको छ । नगरपालिकामा दमकल र एम्बुलेन्स, विपद्को समयमा सुरक्षित आश्रय स्थल, गोदाम घर र विपदको अवस्थामा उद्धारको सरसामग्रीको कमी रहेको देखिन्छ । नगरपालिकामा बसोबास गर्ने कूल १७,६८९ घरपरिवार मध्ये अझसम्म पनि १२ प्रतिशत परिवार कच्ची तथा असुरक्षित घरमा बसोबास गरेको देखिन्छ ।

नगर क्षेत्रमा निर्माण भएका सडकहरुमा नाली र शहरी क्षेत्रमा ढल तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन । नगरपालिकाले निर्धारण गरेको सडक अधिकार क्षेत्र भित्र घर, पर्खाल, विद्युत तथा टेलिफोनको पोलहरु र खानेपानीको लाइनहरु रहेको र विद्युतीय अण्डरग्राउण्ड नभै तारहरु छरिएकोले गर्दा सडकको अधिकार क्षेत्र सुरक्षित हुन, सडकको दायावायाँ वृक्षरोपण गरी सुन्दरता कायम गर्न नसकेको देखिन्छ । नगर क्षेत्रको विभिन्न

स्थानमा सडक अधिकार क्षेत्र अतिक्रमण रहेको, नगरका सडकहरुको रेखाङ्कन, नक्शाङ्कन, नामाकरण र प्राथमिकता निर्धारण हुन नसकेको, सडक सुरक्षाका संकेतहरु नहुँदा दुर्घटनाका घटना भैरहेको, राजमार्गमा पैदलयात्रु पार गर्ने क्रसिङ्गको व्यवस्था नभएको अवस्था देखिन्छ ।

वडाका सबै केन्द्रहरु पक्की सडक संजालमा जोडिन सकेको छैन । नगरपालिकामा पक्की, ग्राभेल र कच्ची सडकहरुमा विभिन्न स्थानमा खाल्डाखुल्डी रहेको र आवश्यक स्थानहरुमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ । सडक निर्माण तथा यातायात संचालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन । वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ । सडक निर्माणसँग आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरु प्राथमिकता साथ संचालन गर्न सकिएको छैन ।

यस नगरपालिकाको सल्यानसँग सिमा जोडिएका तथा अन्य वस्तीहका केही घरहरुमा विद्यूत पहुँच पुग्न सकेको छैन । यस नगरपालिका १० प्रतिशत घरधुरीले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । वायोग्यास, सुधाएिको चुल्हो तथा स्वस्थ उर्जाको प्रयोग अवस्था न्यून रहेको देखिन्छ । नगरपालिकाको शहरी तथा व्यापारिक क्षेत्रमा विद्युतको पोलहरु पुराना रहेको, तारहरु यत्रतत्र छरिएर रहेको र विद्युत लाईनलाई हासम्म भूमिगत रुपमा प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरुमा उद्योग व्यावसाय संचालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ । नगरपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । नगर क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य नगर विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ ।

नगरपालिका केही घरपरिवासँग मोबाइल फोन समेत पहुँच नभएको अवस्था छ भने अझै २० प्रतिशत घरपरिवारमा कम्प्युटर, इन्टरनेट र टेलिभिजनको पहुँच नभएको देखिन्छ । कतिपय वस्ती र स्थानहरुमा मोबाइल टेलिफोन सेवाको गुणस्तरीयता कमजोर रहेको छ । नगर क्षेत्र भित्र, सवै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ । विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन ।

## ५.४ अवसर

पूर्व पश्चिम लोकमार्ग र कर्णाली राजमार्गको विस्तारित रुप उत्तर दक्षिण भएर गएको रत्न राजमार्गको संगम केन्द्र र पश्चिम नेपालको व्यापारिक नाका तथा केन्द्र नेपालगञ्जसँग जोडिएको, नेपालगञ्ज क्षेत्रीय विमान स्थलसँग नजिक र सहज पहुँच भएको यो नगरपालिकाको व्यवस्थित बसोबासको शहरको रुपमा विकास गर्न सक्ने अवसर देखिन्छ ।

## ५.५ आवधिक योजना अनुसार विषय क्षेत्र सोच, लक्ष्य, उद्देश्य र रणनीति

### ५.५.१ दीर्घकालीन सोच

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ योजनावद्ध, गुणस्तरीय र वातावरणमैत्री पूर्वाधारयुक्त व्यवस्थित शहरको निर्माण

### ५.५.२ लक्ष्य

नगरपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

⌘ बसोबास, व्यावसाय, बजार, शहरी सुविधा र अन्तरआवद्धता सहज, सुरक्षित र व्यवस्थित बनाउने

### ५.५.३ उद्देश्य

नगरपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- वातावरणमैत्री, सुरक्षित र व्यवस्थित वस्ती, आवास र शहरी सुविधामा अभिबृद्धि गर्नु,
- सुदृढ यातायात, बजार तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्नु,
- विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि गर्नु र
- सूचना तथा संचार प्रविधिको उपलब्धता, गुणस्तर र उपयोगमा अभिबृद्धि गर्नु ।

### ५.५.४ रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अवलम्बर गरिनेछ :

***उद्देश्य १ सँग सम्बन्धित***

१. वडा कार्यालयलाई सेवा प्रवाह केन्दको विकास गर्ने

२. नगरको व्यवस्थित विकासको लागि भूउपयोग क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्र निर्धारण गर्ने

३. भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजनाको आधारमा सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने

४. नगरपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने

***उद्देश्य २ सँग सम्बन्धित***

१. आवागमन र सेवा सुविधामा पहुँच बृद्धि गर्ने

२. सडक अधिकार क्षेत्र र मापदण्ड तयार गर्ने

३. कृषि, उद्योग र पर्यटन तथा सामाजिक सेवा प्रवाहलाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरण मैत्री र उत्थानशिल पूर्वाधारको विकास र विस्तार गर्ने

***उद्देश्य ३ सँग सम्बन्धित***

१. विद्युत लाइन तथा क्षमता वृद्दी गर्ने

२. नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने

***उद्देश्य ४ सँग सम्बन्धित***

१. इन्टरनेट सेवाको पहुँच अभिबृद्धि गर्ने

२. टेलिफोन सेवा प्रभावकारी बनाउने

३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने

## ५.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

पूर्वाधार क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालिन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ३.१ : आर्थिक विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालिन लक्ष्य***

| सूचक | इकाई | आ.व. ०७६/७७ उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| **१. आवास, बस्ती तथा शहरी विकास** | | | | | |
| आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | ३ | ३ | ४ | ५ |
| सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ११ | १० | ९ | ८ |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | ५० | ५० | ६० | ७५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | प्रतिशत | ४० | ४५ | ५० | ६० |

| सूचक | इकाई | आ.व. ०७६/७७ उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २० | २१ | २२ | २४ |
| व्यवस्थित नालाको लम्बाई | कि.मि. | २० | २२ | ३० | ३५ |
| चट्याङ रहित घर निर्माण | प्रतिशत | १० | १५ | २० | २५ |
| **२. सडक तथा यातायात** | | | | | |
| सडक घनत्व (प्रति वर्ग कि.मी. सडक लम्बाई) | कि.मि. | ५९७ | ५९० | ५७५ | ५५० |
| पक्की सडकमा पुग्न लाग्ने औषत समय | मिनेट | २० | १८ | १५ | १२ |
| १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ११८ | १३० | १५० | १८० |
| पक्की घरमा बसोबास गर्ने परिवार | संख्या | ५५०१ | ५८०० | ६००० | ६५०० |
| स्वस्थ उर्जाको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १७४९४ | १७५०० | १७७०० | १८००० |
| पक्की सडक | कि.मि. | ४३.५ | ५० | ७५ | ९० |
| ग्राभेल सडक | कि.मि. | ६४ | ७० | ९० | ११० |
| पक्की पुल | संख्या | ८ | ९ | ११ | १४ |
| नियमित मर्मत संभार हुने सडकको लम्बाई | संख्या | ० | २ | ३ | ५ |
| वायोइञ्जिनिरिङ्ग प्रविधी प्रयोग र सडक किनार वृक्षारोपण सडक लम्बाई | कि.मि. | २० | २५ | ३० | ३५ |
| **३. विद्युत तथा वैकल्पिक उर्जा** | | | | | |
| सडक वत्ती जडान भएका स्थान | संख्या | ५ | ६ | ८ | १० |
| विद्युत् सेवा उपलब्ध घरधुरी | संख्या | १७४३० | १८००० | १९००० | २०००० |
| सुधारिएको ऊर्जा प्रयोग गर्ने परिवार | संख्या | ९५ | ९५ | ९६ | ९७ |
| धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | ६८ | १०० | २०० | ३०० |
| सोलार प्रणाली भएका घरपरिवार | संख्या | ६४ | १७७ | २५० | ३०० |
| **४. सूचना तथा संचार प्रविधि** | | | | | |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ५७ | ६० | ६८ | ७५ |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ५५.४ | ६० | ६६ | ७५ |
| टेलिफोन/मोबाइल प्रयोगकर्ता | संख्या | ४६१०७ | ४८००० | ५२००० | ५५००० |
| स्थानीय स्तरका प्रकाशन र प्रसारण | संख्या | १६ | १६ | १७ | १८ |
| ईन्टरनेट सञ्चालन रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय | वटा | ६० | ६५ | ७२ | ८० |

## ५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

पूर्वाधार विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

***तालिका ३.२ : आर्थिक क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान***

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.लाखमा) | | | | खर्चको स्रोत (रु. लाखमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०७७/७८ | १२७३९२० | २५४७८४ | १०१९१३६ | ० | | | |
| २०७८/७९ | १३७३१४० | २७४६२८ | १०९८५१२ | ० | | | |
| २०७९/८० | ११६७९१४ | २३३५८३ | ९३४३३१ | ० | | | |
| **जम्मा** | ३८१४९७४ | ७६२९९५ | ३०५१९७९ | ० | | | |

## ५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

पूर्वाधार विकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६ : शहरी तथा पूर्वाधार विकास कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १. | **वस्ती, आवास र शहरी विकास** | | | | | |
| १.१ | व्यवस्थित नयाँ बसपार्क निर्माण | लामोदुरीको यातायात संचालन व्यवस्थित गर्ने | २०७७/७८ देखी २०७९/८० | ४९६५०० | भौतिक विकास योजना र डिपिआरको आधारमा निर्माण गर्ने | ..... स्थानमा लामोदुरीको सवारी साधनको लागि आधुनिक र व्यवस्थित वसपार्क निर्माण हुने |
| १.२ | पार्किङ स्थल निर्माण | बढ्दै गएको सवारी साधनको पाकिङ्ग व्यवस्थित गरी आम्दानी गर्ने | सालबसाली | ९९३० | जग्गाको उपलब्धता र संभाव्यताको आधारमा निर्माण गर्ने | नगर क्षेत्रको विभिन्न ६ स्थानमा व्यवस्थित पार्किङ स्थल निर्माण भई संचालनमा आउने |
| १.३ | तरकारी तथा फलफूल बजार स्तरोन्नति आयोजना | तरकारी र फलफूल खरिद विक्री र बजार व्यवस्थित र सहज बनाउने | २०७७/७८ देखी २०७९/८० | २०११२ | संभाव्यता अध्ययनको आधारमा निर्माण गर्ने | हालको तरकारी र फलफूल बजारमा पानी निकास, फोहोरमैला व्यवस्थापन, शौचालय र शित भण्डारण थप भएको क्षेत्र समेत विस्तार हुने |
| १.४ | भूउपयोग क्षेत्र निर्धारण गरी नक्शाकंन | नगरको विकासलाई व्यवस्थित र दीगो बनाउने | २०७७/७८ | ३९७२० | भूउपयोग नीति २०७२ को आधारमा तयार गर्ने | नक्शाङ्कन समेत भूउपयोग क्षेत्र निर्धारण भई योजना तयार हुने |
| १.५ | ल्याण्ड पुलिङ प्रणालीबाट नमूना आवास क्षेत्र विकास आयोजना | बसोबास विस्तार गर्ने एवं सुरक्षित र व्यवस्थित बनाउने | २०७७/७८ देखी २०७९/८० | ४२२४०० | नमूनाको रुपमा विकास गर्ने | भूउपयोग क्षेत्र अनुसार आवासीय क्षेत्रको २ स्थानमा व्यवस्थित आवास क्षेत्रको विकास हुने |
| १.६ | नगरस्तरीय औद्योगिक ग्राम स्थापना | नगरपालिकामा औद्योगिक विकासको प्रवर्धन गर्ने र व्यवस्थित बनाउने | २०७७/७८ देखी २०७९/८० | २९७९० | डिपिआरको आधारमा आधारभूत पूर्वाधार तयार हुने | वडा नं. ७ र ८ को सिमाना विन्द बासिनी वन क्षेत्र वा वडा नं. १४ को पार्वतीपुर मध्ये १ स्थानमा नगस्तरीय औद्योगिक क्षेत्र स्थापना हुने |
| १.७ | भूकम्प प्रतिरोधि संरचना निर्माण, प्रविधि, निर्माण सामाग्री र प्रबलीकरण सम्बन्धी सीप तथा क्षमता विकास तालिम | रोजगारी सिर्जना र बलियो भवन निर्माणलाई प्रवर्धन गर्ने | सालबसाली | १६५५० | मागको आधारमा संचालन गर्ने | बार्षिक २ जनाको दरले ६० इन्छुक युवालाई दक्ष बनाउने |
| १.८ | आधारभूत पूर्वाधारसहित बजार व्यवस्थापन | नगर क्षेत्रमा व्यवस्थित बजारको विकास गर्ने | सालबसाली | ५२९६० | जग्गाको उपलब्धता र संभाव्यता अध्ययन | नगरपालिकाको मदनचोक, चप्परगौडी, कौशिलानगरमा |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | आधारभूत पूर्वाधार समेत व्यवस्थित बजारको विकास गर्ने |
| १.९ | विद्युतीय शवदाह गृह | शवदाह समोचित व्यवस्थापन गर्ने | २०७७/७८ देखी २०७८/७९ | ३४८६०० | डिपिआर बमोजिम | एक व्यवस्थित विद्युतिय शहदाह गृह निर्माण हुने । |
| १.१० | अत्याधुनिक वधशाला | स्वस्थ मासु खरिद विक्री र सरसफाई व्यवस्थित गर्ने | २०७७/७८ देखी २०७८/७९ | २४०८०० | डिपिआरको आधारमा | वडा नं. ११ क्रिकेट मैदान दक्षिण पूर्व क्षेत्रमा एक व्यवस्थित अत्याधुनिक वधशाला निर्माण भई सूचारु हुने । |
| **२.** | **सडक, पुल तथा यातायात** | | | ० | | |
| २.१ | नगर चक्रपथ निर्माण | नगरपालिकाको पृष्ठभाग र शहरी क्षेत्र बीचको अन्तर सम्बन्ध बृद्धि गर्ने | २०७७/७८ देखी २०७९/८० | ४९६५०० | सडकको डिपिआर तयार गर्ने र सोको आधारमा निर्माण गर्ने | बाँकी सडक खण्डमा नयाँ निर्माण र चालु खण्डको सडक चौडा र स्तरोन्नति गरी १७ मि. चौडा पक्की सडक निर्माण भई सुचारु हुने |
| २.२ | पक्की सडक निर्माण | नगरपालिकाको भौतिक अवस्था र आवागमन व्यवस्थित गर्ने | २०७७/७८ देखी २०७९/८० | १९८६०० | नगर यातायात गुरुयोजनाको प्राथमिकता बमोजिम निर्माण गर्ने | प्राथमिकताक्रमको आधारमा ५ वटा नगरस्तरीय सडक समेत १५ कि.मि. थप पक्की सडक निर्माण गर्ने |
| २.३ | सडक ग्राभेल तथा स्तरोन्नती | ग्रामीण वस्ती र उत्पादन र यातायातलाई सहज र व्यवस्थित बनाउने | सालबसाली | १६५५०० | प्राथमिकता र डिपिआर बमोजिम | प्राथमिकताको आधारमा १० वटा सडकहरु मापदण्ड अनुसार चौडा नाला र सहायक पूर्वाधार निर्माण गरी स्तरोन्नति भएको हुनेछ । |
| २.४ | सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार | सडक र यातायात दीगो संचालन सुनिश्चत गर्ने | सालबसाली | ९९३०० | प्राविधिक मूल्याङ्कन अनुसार बार्षिक ३ कि.मि.का दरले मर्मत संभार गर्ने | प्राथमिकता अनुसार सडकको नियमित, आवधिक र आकस्मिक मर्मत संभार भई सडकको स्तर कायम हुनेछ । |
| २.५ | सडक नाला निर्माण | सडकको सुरक्षा र नगरको सरसफाई व्यवस्थित गर्ने | सालबसाली | २६४८०० | शहरी सुन्दरता र पानी निकास व्यवस्थित गर्न | १८ कि.मि सडक नाला निर्माण भई सडक व्यवस्थित भएको हुनेछ । |
| २.६ | आकासे पुल तथा अण्डर पास निर्माण | सडक सुरक्षा र क्रसिङलाई सुरक्षित र सहज बनाउने | २०७७/७८ देखी २०७९/८० | १६५५०० | सडक दुर्घटना घटाउन र आवत जावत सहज बनाउन | पूर्व पश्चिम लोकमार्ग र रत्न राजमार्गमा नगर क्षेत्रको मुख्ख बजार |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | | र चोकको ३ स्थानमा आकासे पुल तथा अण्डर पास निर्माण हुने |
| २.७ | सडक सुरक्षा संकेत निर्माण | सडक दुर्घटना न्यूनीकरण गर्ने | सालबसाली | ३३१०० | आवधिक योजना र नीति तथा कार्यक्रम आधारित | सडक दुर्घटनामा ३० प्रतिशतले कमी आउने |
| २.८ | सडक पुल निर्माण | आवागमन सहज र कम खर्चालु बनाउने | २०७७/७८ देखी २०७९/८० | ४९६५०० | आवधिक योजना र नीति तथा कार्यक्रममा आधारित | ७ वटा मोटरेवल पुल निर्माण भई आवागमन सहज हुने |
| २.९ | झोलुङ्गे पुल निर्माण | दुर्गम वस्तीहरुबाट शहर सम्मको आवत जावत सहज बनाउने | २०७७/७८ देखी २०७९/८० | २६४८० | प्राथमिकताक्रम आधारित | १ वटा झोलुङ्गे पुलको निर्माण भई दुर्गम गाउँ/वस्तीको आवागमन सहज हुनेछ । |
| २.१० | नगर यातायात गुरुयोजना अध्यावधिक | प्राथमिकता र मापदण्ड अनुसार सडक निर्माण र संचालन गर्ने | २०७७/७८ | २००० | गुरुयोजनाको समयावधि पुरा भएकोले | नगर क्षेत्रमा निर्माण हुने सडकहरुको नामाकरण, रेखाङ्कन, प्राथमिकताक्रम |
| २.११ | कल्भर्ट निर्माण | आवतजावत सहज बनाउने | सालबसाली | ८२७५० | माग र आवश्यक बमोजिम | निर्माण हुने सडकमा ४५ स्थानमा वक्स, कजवे र ह्युम पाईप कल्भर्ट निर्माण यातायात सुचारु हुनेछ । |
| **३.** | **विद्युत तथा स्वच्छ उर्जा** | | | ० | | |
| ३.१ | विद्युत पोल पुनर्स्थापना, लाइन क्षमता र ट्रान्सफर्मर विस्तार (सालबसाली) | विद्युतको वहुउद्देश्यीय उपयोगमा बृद्धि गर्ने | सालबसाली | ११५८५ | वस्ती र वडाको माग र आवश्यकता बमोजिम | नगर क्षेत्रको ग्रामीण वस्ती र अन्य स्थानको पुरानो विद्युत पोलहरुको पुनर्स्थापना, लाइन र ट्रान्सफर्मर क्षमता बृद्धि भई विद्युतको वहुउद्देश्यीय उपयोगमा बृद्धि हुनेछ। |
| ३.२ | मुख्य सडक, चोक, आवास क्षेत्रमा सडक वत्ती विस्तार | चोक, बजार र आवास क्षेत्रमा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्ने | सालबसाली | ९९३० | समुदाय र वस्तीको माग र वडाको प्राथमिकता अनुसार वडा प्राथमिकता अनुसार | १२० वटा पोलहरुमा सोलार प्रणालीमा आधारित सडक बत्ती जडान भई चोक, बजार र वस्तीमा उज्यालो कायम हुनेछ । |
| ३.३ | वैकल्पिक उर्जा प्रवर्धन र विस्तार | स्वच्छ उर्जाको प्रयोग बढाउने | सालबसाली | ८२७५ | वस्ती र वडाको मागको आधारमा | १००० घरधुरीमा वायोग्यास, सोलार विद्युतीय चुल्हो, सुधारिएको धुवारहित चुल्हो जडान भई संचालन हुनेछ । |

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ३.४ | विद्युत लाईन भूमिगत परियोजना | शहर सुन्दरता तथा सुरक्षामा बृद्धि गर्ने | २०७७/७८ देखी २०७९/८० | १२५७८ | विद्युत प्राविधिकरणसँग साझेदारी गर्ने | शहर र बजार क्षेत्रमा ३ कि.मि. भूमिगत विद्युत लाईन जडान भई सेवा सुचारु हुनेछ । |
| **४.** | **विद्युतीय सुशासन, सूचना र संचार** | | | ० | | |
| ४.१ | वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा पावर व्याकअप जडान | विद्युतीय प्रणालीमा आधारित सेवा प्रवाह सुचारु गर्ने | सालबसाली | २९७९० | उपलब्ध पूर्वाधार र सम्बन्धित संस्थाको प्रतिवद्धताको आधारमा | १५ वटा वडा कार्यालय, १६ वटा स्थास्थ्य संस्था र १२ मा.वि.मा पावर व्याकअव जडान हुनेछ । |
| ४.२ | कप्युटर, प्रिण्टर र इन्टरनेट जडान | सूचना प्रविधिमा आधारित सेवा र कार्य प्रणाली संचालन गर्ने | सालबसाली | २६४८० | उपलब्ध पूर्वाधार र सम्बन्धित संस्थाको प्रतिवद्धताको आधारमा | १५ वटा वडा कार्यालय, १६ वटा स्थास्थ्य संस्था र १२ वटा मा.वि.मा कप्युटर, प्रिण्टर र इन्टरनेट जडान विद्युत प्रणालीमा आधारित सेवा सुचारु हुनेछ । |
| ४.३ | सफ्टवयर र व्यवस्थापन सूचना प्रणाली लगायत विद्युतीय माध्यमबाट नियमित सुचना अद्यावधिक तथा प्रसारण र सेवा प्रवाह | विद्युतीय माध्यमबाट नियमित रुपमा विना रोकाबाट सेवा र सूचना प्रवाह गर्ने | सालबसाली | १९८६ | स्वीकृत आवधिक योजना र नीति तथा कार्यक्रम उल्लेख भए बमोजिम | राजस्व, योजना, प्रशासन, व्यावसाय दर्ता र नविकरण, सम्पत्ती व्यवस्थापन र पूर्वाधार विकास सम्बन्धी सूचना र सेवा प्रणाली सम्बन्धी सफ्टवयर संचालन भई सेवा अटोमेशन हुनेछ । |
| ४.४ | कोहलपुर विकास बुलेटिन चौमासिक रुपमा प्रकाशन र प्रसारण | नगर गतिविधि, उपलब्धी र सिकाईको प्रकासन र प्रसारण गर्ने | सालबसाली | ३३१० | नीति तथा कार्यक्रमको आधारमा | नगर गतिविधि, उपलब्धी र सफल अभ्यास छापा र अनलाईन माध्यमबाट नियमित रुपमा विकास बुलेटिन प्रकाशन भई प्रसारण हुनेछ । |
| ४.५ | रेडियो, टिभि, सोसल मिडियामार्फत नगरपालिका र सेवाग्राही सम्बाद कार्यक्रम संचालन | पदाधिकारी, कर्मचारी र सरोकारवालाको जवाफदेहिता अभिबृद्धि गर्ने | सालबसाली | २६४८ | आवधिक योजना र नीति तथा कार्यक्रमको आधारमा | साप्ताहिक रुपमा संवाद कार्यक्रम संचालन भई उपलब्ध सेवा, सुविधा र जनगुनासोबारे छलफल भई जवाफदेहितामा अभिबृद्धि हुनेछ । |
| | **कूल जम्मा** | | | **३८१४९७४** | | |
| | चालु | | | **७६२९९५** | | |
| | पुजिगत | | | **३०५१९७९** | | |

## ४.९ जोखिम पक्ष तथा अनुमान

वातावरणीय संवेदनशिलताको आधारमा वातावरणीय अध्ययन, प्राविधिक, आर्थिक सामाजिक संभाव्यता विस्तृत आयोजना प्रतिवेदन तयार तथा टेण्डर प्रक्रियासमेत समयमा स्रोतको व्यवस्थापन गरी गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढ्न सक्ने जोखिम रहन्छ। जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चितता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

# परिच्छेद ६
# वन, वातावरण तथा विपद व्यवस्थापन योजना

## ६.१ पृष्ठभूमि

नेपालको संविधानको भाग ३ धारा ३० ले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधरणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्ने सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दीगो उपयोग गर्ने व्यवस्था गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापनाको व्यवस्था सुनिश्चित गरेको छ।

उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन्। सोही अनुसार प्रदेश नीति तथा कानून पनि तयारीको अवस्थामा रहेका छन् भने स्थानीय सरकारहरु स्थानीय वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन तर्जुमा गरी कार्यान्वयनको प्रयास गर्दैछन्। उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील राष्ट्र निर्माण गर्दै दीगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपद्बाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य राखेको छ। संविधानमा विपद् व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र स्थानीय तहको भएको सन्दर्भलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विपद जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण स्थान दिएको छ। यसैगरी राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, वातावरण व्यवस्थापन नीति, राष्ट्रिय वन तथा जलवायु नीति लगायतका नीतिहरुले प्राकृतिक तथा गैर प्राकृतिक विपद् न्यूनीकरण, पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभलाई जस्ता विषयहरुमा स्पष्ट व्यवस्था गरेको छ।

संविधानको अनुसूची ८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। उपरोक्त संवैधानिक तथा नीतिगत कार्यसूचीको आधारमा योजनामा प्रस्तावित रणनीति, कार्यनीति तथा कार्यक्रमहरु समुदायमा आधारित संस्था र समूहको संस्थागत क्षमता विकास तथा प्रदेश र संघीय सरकारका सम्बन्धीत निकायसँग समन्वय र सहकार्यमा संचालन गर्ने गरी तर्जुमा तथा प्रस्तावित गरिएका छन्।

संविधान, संघ र प्रदेश नीति र कानूनी प्रावधान एवम् दीगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यो योजना तर्जुमा गरिएको छ। योजनामा वन, वातावरण र विपद व्यवस्थापन विषय क्षेत्रसँग सम्बन्धीत संभावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय

क्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरु समेत संलग्न गरी तर्जुमा गरिएको छ।

## ६.२ विद्यमान अवस्था, संभावना तथा अवसर

नगरपालिकाको कूल क्षेत्रफल १८४.२६ वर्ग कि.मि. मध्ये ६५.३ प्रतिशत अर्थात ११,९८४ हेक्टर क्षेत्र वनजङ्गलले ओगटेको छ। नगर क्षेत्रमा ३८ वटा सामुदायिक वन उपभोक्ता समूह क्रियाशिल रहेको देखिन्छ। उपरोक्त सामुदायिक वन उपभोक्ता समितिहरुबाट २,८२७ हेक्टर वन समुदायद्धारा व्यवस्थित भएको देखिन्छ। साथै उपरोक्त सामुदायिक वन समूहमा ३,४६५ घरपरिवार लाभन्वित भएको देखिन्छ। जुन नगरपालिका क्षेत्रमा बसोबास गर्ने कूल घरपरिवारको २० प्रतिशत हुन आउँछ। नगर क्षेत्रमा ३ वटा नीजि वन र मध्यवर्ती वन तथा राष्ट्रिय वन क्षेत्र पनि रहेको छ। यहाँको कुल वन क्षेत्रमध्ये करिब ६० प्रतिशत वन क्षेत्र जैविक विविधतायुक्त रहेको छ भने बाँकी वन क्षेत्र पनि उत्पादनमूलक र वैज्ञानिक वन व्यवस्थापनको लागि उपयुक्त रहेको छ।

नगरपालिकामा ३ वटा नीजि वन दर्ता भई संचालनमा रहेको छ। यसका साथै ग्रामीण क्षेत्रमा कृषि बनको रुपमा खेतबारीका डिल र खोला खोल्सीमा डाँलेघाँस, अम्रिसो, बाँस तथा सिसौ लगायतका बोट विरुवमा व्यवस्थापन गरिएको छ। नगर क्षेत्रका विभिन्न स्थानमा ...... वटा फर्निचर उद्योगहरु संचालनमा रहेका छन्। जडीबुटी संरक्षण, खेती, प्रवर्धन, व्यावसायिक उत्पादन र बजारीकरणको दृष्टिकोणले समेत नगरपालिकाको ग्रामीण क्षेत्र अत्यन्त सम्पन्न रहेको छ। प्रर्याप्त मात्रामा जडिबुटी उपलब्ध रहेको यस नगरपालिका क्षेत्र भित्र काष्ठ र गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन, खेती र प्रवर्धन गरी वनजन्य उद्यमको विकास गरी जीविकोपार्जनमा सुधार गर्न सकिने सम्भावना रहेको छ। यहाँ बाँस, वेत, कुरिलो, बोझो, अमला लगायत विभिन्न जडीबुटी पाइन्छ। एकातर्फ नगरपालिका क्षेत्रको जंगलमा बाँघ, विभिन्न जातका मृग र लगायतका संरक्षित वन्यजन्तुहरु पाइन्छन् भने बाँदर, दुम्सी र बाघले बालीनाली र पशुपंक्षीमा क्षती पुऱ्याइरहेका छन्।

यस नगरपालिकामा इटानाला, डुडुवाखोला, किरणनाला, रोहिणीखोला लगायत ८ वटा खोलानाला र भुतैयाताल लगायतका तालतलैयाहरु रहेका छन्। उक्त खोनानाला र तालतलैयाबाट सिंचाई, घरपालुवा जनावर र वन्यजन्तुको लागि पानी र नुहाउने सुविधा उपलब्ध भईरहेको छ। यसैगरी उपरोक्त खोलानालाबाट स्थानीय उपभोगको लागि गिट्टी र बालुवा समेत उपलब्ध हुने गरेको छ। उपरोक्त खोलानाला तथा तालको जलाधार क्षेत्रमा घना जंगलले ढाकेको, कृषि तथा सार्वजनिक क्षेत्रमा समेत हरियाली रहेको हुँदा यस नगरपालिका क्षेत्रमा पानीको श्रोत र जमीनको उर्वराशक्ति तुलनात्मक रुपमा राम्रो रहेको छ। वन, जमीन र जलश्रोत लगायत जलाधारका श्रोतको संरक्षण र व्यवस्थापनद्धारा नगरपालिकामा आर्थिक विकास र वातावरणीय सन्तुलन कायम गर्न सकिने संभावना रहेको छ।

नगरपालिकामा ६० प्रतिशत भन्दा बढी वन क्षेत्र, सार्वजनिक स्थान र नीजि खेतबारीमा हरियालीको अवस्था रहेको हुँदा हालसम्म वातावरण स्वच्छताको अवस्था देखिन्छ। हालसम्म वायु र जल प्रदूषणको स्थिति प्रारम्भिक अवस्थामा रहेको छ। तर शहरी क्षेत्रमा शहरी पूर्वाधार र सेवा सुविधाको बृद्धिसँग जनघनत्वमा बृद्धि हुँदै गएको छ। फलस्वरुप नगरपालिकाको शहरी क्षेत्रमा ठोस तथा तरल फोहोरमैलाको विसर्जनको मात्रा बढ्दै गएको देखिन्छ। नगरपालिकाको मुख्य शहरी क्षेत्रमा प्रति परिवार मासिक ४४.५ के.जि. फोहोर विसर्जन हुने गरेको छ। विसर्जन हुने फोहोरमैला मध्ये कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी घर कम्पाउण्डमा व्यवस्थापन गर्ने घरपरिवार ६४ प्रतिशत, नगरपालिकाद्धारा संकलन हुने प्रणालीमा विसर्जन गर्ने घरपरिवार २ प्रतिशत र तोकिएको स्थानमा फोहोर विसर्जन गर्ने घरपरिवार ३३ प्रतिशत रहेको छ। नगर पालिकाको मुख्य गरी शहरी क्षेत्रमा प्लाष्टिक लगायत प्रदुषणजन्य पदार्थको प्रयोग बढ्दै गईरहेको छ। तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिष्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ। यसैगरी मेडिकल कलेज लगायत अस्पताल र मेडिकल सेवाको बृद्धिसँगै अस्पतालजन्य फोहोर पनि बढ्दो क्रममा रहेको छ।

चर्पि उपलब्ध कूल १७,३९१ घरपरिवार मध्ये रिङ्ग भएको तथा नभएको खाल्डोमा चर्पीको फोहोरमैला विसर्जन गर्ने घरपरिवार ९१ प्रतिशत, सेफ्टिट्याङ्कमा मिसाउने ७ प्रतिशत र बायोग्यासमा प्लाण्टमा मिसाउने घरपरिवार मात्र १ प्रतिशत रहेका छन्। नगरपालिकाबाट विसर्जन हुने ठोस फाहोर व्यवस्थापनको लागि १५ वर्षको लागि सम्झौता गरी वडा नं. ९ को झण्डवामा स्यानिटरी ल्यान्डफिल साइटको संभाव्यता अध्ययन भई विस्तृत परियोजना प्रस्ताव सहित निर्माणको प्रक्रियामा रहेकोछ।

इन्धनको उपयोगमा विद्युत तथा एलपी ग्यासको प्रयोग बढ्दै गएता पनि नगरपालिकाका ग्रामीण तथा शहरी क्षेत्रका १० प्रतिशत परिवारले अझैपनि इन्धनको प्रमुख स्रोतको रुपमा दाउराको प्रयोग हुने गरेको देखिन्छ। उक्त घरपरिवारमा धुँवारहित चुल्हो उपयोगको अनुपमात नगण्य मात्रामा रहेको छ। नगरपालिकामा नीजि घर तथा संस्थागत फोहोर व्यवस्थापन र विसर्जनको लागि कम्पोष्ट विन, पिट, प्रशोधन केन्द्र, घरभित्र फोहोरमैला व्यवस्थापनको आवश्यकता देखिएको छ। संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन् । राजनैतिक नेतृत्व तथा जनप्रतिनिधि र समुदायमा समेत वातावरण संरक्षण र हरियाली व्यवस्थापनमा सचेतना बृद्धि हुँदै गएको छ।

यस नगरपालिका क्षेत्रमा पार्ने प्रभावका आधारमा विभिन्न विपद जोखिमहरु मध्ये हुरीवतास, आगलागी, बाढी, सडक दुर्घटना, भुकम्प र सर्पदंशको असर प्रमुख रुपमा देखिएका छन्। उपरोक्त विपद जोखिमहरुमा हाल विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ को असर मुख्य हुन गएको छ। विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक सम्बोधनको लागि नगरपालिकामा नगरस्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र स्थापना भई संचालनमा रहेको छ। नगरपालिकाको संवेदनशिल क्षेत्रमा डुवान र चट्याङ्गको लागि पुर्व सूचना यन्त्र जडान गरिएको छ। नगरपालिका केन्द्र र वडास्तरमा खोज उद्दार तालिम प्रदान गरिएको छ भने स्थानीय प्रतिकार्य दल निर्माण र खोज उद्दारका लागि सामग्रीको भण्डारण शुरुवात गरिएको छ।

विपद प्रतिकार्यको लागि नेपाल रेडक्रस सहजीकरणमा नगरपालिकाको विपद प्रतिकार्य योजना निर्माण भएको छ। प्रत्येक वडाहरुमा रेडक्रसकर्मी तथा स्वयंसेवकको रुपमा परिचालन गरिएको छ। कोभिड १९ महामारीको रोकथाम, नियन्त्रणको लागि नगरपालिका र रेडक्रसको समन्वयमा क्वारेन्टाईन र आइसोलेशन वार्डको व्यवस्थापन गरिएको छ। जलवायुजन्य प्रकोप रोकथाम र नियन्त्रणका लागि मौसमी क्यालेन्डर तयार गरी सार्वजनिक गरिएको छ। यसै गरी नगर क्षेत्रमा मलेरिया र डैंगु रोकथामा लागि झुल वितरण गरिएको छ।

नगरपालिकामा कोभिड १९ को रोकथाम, नियन्त्रण, परीक्षण र उपचारका लागि प्रदेश सरकार र नेपाल सरकार सम्बन्धीत निकायहरुसँग समन्वय गरी क्यारेण्टाइन, व्यवस्थापन, नियन्त्रणको लागि नागरिक सचेतना, सर्तकता र परिचालन, परीक्षण, संक्रमितको व्यवस्थापन र उपचारका लागि राष्ट्रिय र प्रदेश स्तरका र नीजि क्षेत्रका अस्पतालको लागि सहयोग परिचालन गरिएको छ। स्थानीय समुदायमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र सचेतनामा बृद्धी हुँदै गएको छ। यस नगरपालिकामा ८ वटा खोलानाला तालतलैया रहेका छन् र यसबाट सिंचाई सुविधा विस्तार गरी खडेरीको जोखिम न्यूनीकरण गर्न सकिने सम्भावना रहेको छ। नगरपालिकाको ग्रामीण क्षेत्रमा ताल पोखरी निर्माण संभावना र आवश्यकता रहेको छ। यसैगरी सुपरिचित राष्ट्रिय गौरवको सिक्टा सिंचाई आयोजना संचालन हुन सके यसबाट सिंचाई सुविधा उपलब्ध हुनुको साथै कृषि पर्यटनको समेत विकास हुने र सुख्खा खडेरी जस्ता विपदको असरलाई समेत कम गर्न सहयोग पुग्ने संभावना रहेको छ। यसका साथै यसबाट लागि नियन्णमा समेत सहयोग पुग्नेछ।

## ६.३ समस्या तथा चुनौती

यस नगरपालिकाको ६५ प्रतिशत भन्दा बढी क्षेत्र वनजङ्गले ढाकेको भएका पनि वातावरणीय स्वच्छता वाहेक यसबाट नगरबासीले व्यावसायिक आर्थिक लाभ लिन सकेका छैनन्। नगर क्षेत्र भित्र पर्ने सामुदायिक, मध्यवर्ती

र सरकारी वनसमेतको समूचित व्यवस्थापन हुन सकिरहेको छैन । वनको सीमाना स्पष्ट रहेको छैन र फलस्वरुप वन क्षेत्र अतिक्रमित हुने गरेको अवस्था देखिन्छ । यसै गरी हरेक वर्षजसो डढेलोबाट वन र जैविक विविधताको क्षति हुने गरेको छ । वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा नियन्त्रण तथा प्रति कार्ययोजना समेतको अभाव रहेको छ । वन, जैविक विविधता र जलाधारका श्रोतहरुको व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेकोछ ।

जलवायुजन्य अतिशय परिणाम (Climate Extremities) तथा अनिश्चिततालाई सम्बोधन गर्न नगरपालिका र स्थानीय नागरिकहरूमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । नगर क्षेत्रमा योजना बीना भू-उपयोग तथा स्वरुपमा परिवर्तन, भौतिक पूर्वाधार विकासमा अव्यवस्थित बृद्धि, जनसंख्या र शहरीकरणमा अनियन्त्रित बृद्धि भैरहेको छ । वन तथा वातावरण सम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्दा वन क्षेत्रमाथि चाप बढ्दो छ । उपलब्ध वन र वातावरणीय सम्पदाको दीगो तथा वैज्ञानिक व्यवस्थापन गरी यथोचित लाभ लिन नसकिरहेको अवस्था छ । कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी वस्ती र संरचना निर्माण हुनु, वनको उचित संरक्षण तथा वैज्ञानिक व्यवस्थापन हुन नसक्नु, वन, जमीन र जलस्रोतको बहुउपयोग हुन नसक्नु, वन डढेलो वर्षेनी बढेर जानु तथा विकास कार्यहरू वातावरणमैत्री नहुनु लगायतका समस्याहरू वन तथा वातावरण क्षेत्रका थप समस्याका रुपमा रहेका छन् ।

वैज्ञानिक वन व्यवस्थापन नहुँदा वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व कम रहेको छ । परम्परागत रुपमा घाँस दाउरा र काठ बाहेक वन क्षेत्रबाट आयआर्जन तथा उद्यम व्यवसायमूकल क्रियाकलाप संचालन गरी यथोचित लाभ लिन सएिको छैन । सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधको कमी देखिएको छ । चरिचरन क्षेत्रको उचित व्यवस्था नहुँदा वन क्षेत्रमा घरपालुवा जनावर चराउने चलन कायम रहेको छ। यसबाट जैविक विविधता र वनमा आधारित आयमूलक क्रियाकलापका नकारात्मक असर परेको छ । वैज्ञानिक वन व्यवस्थापन गरी काठ दाउराको उत्पादन र उपलब्धता बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप संचालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् ।

जलाधार क्षेत्र व्यवस्थापनको अवधारणा अनुसार नगरपालिका अन्तर्गतका सुक्ष्म जलाधार क्षेत्रहरु पहिचान, नक्शाङ्कन, आवश्यकता पहिचान, व्यवस्थापन योजना तथा कार्यक्रम तर्जुमा हुन सकेको छैन । फलस्वरुप जमीन जलश्रोत र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापन तथा दीगो संरक्षण हुन सकेको छैन । तदबन्धन तथा नदी नियन्त्रण बाहेक नगरपालिका तथा सम्बन्धीत निकायहरुबाट सुक्ष्म जलाधार क्षेत्रहरुको व्यवस्थापन तथा भूसंरक्षण सम्बन्धी कार्यक्रम र बजेट नगण्य मात्रामा लगानी हुने गरेको छ । जमीन र जलश्रोतको व्यवस्थापन गरी पानीको भण्डारण तथा जमीनको उर्वराशक्ति बढाउनु आवश्यक रहेको छ ।

वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पालना हुन सकेको छैन । सडक तथा पुल, सिंचाई कुलो, पोखरी तथा खानेपानी र भवन निर्माणमा टेवा पर्खाल लगायत संरक्षणको ध्यान दिन सकेको छैन । भू तथा जलाधार संरक्षण र व्यवस्थापनलाई विकासका पूर्वाधार निर्माणको साझा विषयको रुपमा लिई प्राथमिकता अनुसार संचालन हुन नसक्नु, सुक्ष्म जलाधार क्षेत्रको पहिचान तथा व्यवस्थापन योजना उपलब्ध नहुनु, तिनै तहका सरकार र सरोकारवाला निकायहरु बीच समन्वय र यससम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन् ।

नगरपालिकाको शहरी, बजार र ग्रामीण वस्ती रहेका क्षेत्रमा समेत प्लाष्टिकजन्य सामाग्री तथा बोतलहरुको प्रयोग बढ्दै गएको छ । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतल जस्ता फोहोरमैला र घर, व्यावसायिक स्थल तथा कार्यालयहरुबाट विसर्जन हुने फोहोर पानीको फलस्वरुप वातावरणीय प्रदूषण बढ्दो क्रममा रहेको छ । फोहोर वर्गीकरण, पुनःप्रयोग तथा व्यवस्थापन गर्ने बानी, व्यवहार र अभ्यासमा कमी रहेको

छ । प्लाष्टिक, सिसा तथा बोतल निरन्तर बढ्दै जाँदा प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरु जलाउने अभ्यास रहेको हुँदा वायु प्रदूषित हुनुका अतिरिक्त मानव स्वास्थ्यमा समेत असर पुग्ने भएकाले फोहोर व्यवस्थापनका लागि स्पष्ट अवधारणा र प्रक्रियासहित ठोस रणनीति अबलम्बन गर्नु पर्ने देखिन्छ ।

कृषि भूमिमा जैविक मल प्रयोग घट्दै गएको भने रासायनिक मलको प्रयोग बढ्दै गएको छ । यसबाट कृषि भूमिको गुणस्तरमा ह्रास हुँदै गएको छ । यसैगरी कृषि उत्पादनमा विषादीको प्रयोग पनि बढ्दै गएको छ । फलस्वरुप मानव स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ । स्वास्थ्य संस्था तथा संस्थागत क्षेत्रबाट उत्पादन हुने फोहोर व्यवस्थापन प्रभावकारी नहुँदा प्रदूषण बढ्दै गएको छ । वन क्षेत्र, खोला खोल्सामा जथाभावी फोहोर फाल्ने तथा फोहोर जम्मा गरेर खोला र नालीमा बगाउने प्रचलन बढ्दै जाँदा जल प्रदूषण पनि बढ्दो क्रममा रहेको छ ।

विश्वव्यापी रुपमा बढेको तापमान र जलवायु परिवर्तनको असरबाट यस नगर क्षेत्रको जैविक, भौतिक र आर्थिक तथा सामाजिक क्षेत्रमा नकारात्मक असरहरु समेत देखिन थालेका छन् । जलवायु परिवर्तनको प्रत्यक्ष असरको रुपमा अति वृष्टि, अनावृष्टी, सुख्खा खडेरी आदी देखिएका छन भने नदीनाला र जमीनमूनीको पानीको तह समेत घट्दै गएको महशुस गरिएको छ । बर्षायाममा ढुवान र नदी कटानको समस्या बढ्दै गएको देखिन्छ । ठोस तथा तरल फोहोरमैलाको पुनःप्रयोग संकलन, प्रसोधन र विसर्जन व्यवहारिक तथा नविन प्रयोग, स्वच्छ व्यवहारको अवलम्बर, जलवायु परिवर्तन असरसँग अनुकुलनका अभ्यासहरुको प्रयोग र वातावरणीय स्वच्छता कायम गर्नु आदि यस क्षेत्रमा देखिएका प्रमुख चुनौतिहरु हुन् ।

यस नगरवालिमा आगलागी (वन डडेलो समेत), हावाहुरी, भूकम्प, बाढी कटान तथा ढुवान तथा चट्याङ प्रकोपको रुपमा रहेका छन् । यीमध्ये आगलागी, बाढी, भुकम्प दोहोरिरहने प्रकोपको रुपमा रहेका छन् भने अन्य प्रकोपहरुको आवृत्ति पनि उच्च नै रहेको छ । एकातिर विश्वव्यापी कोभिड १९ लगायतका महामारी, आगलागी, बाढी विपद्जन्य घटनाका आवृत्ति (frequency) तथा सघनता (intensity) बढ्दै गएको छ भने अर्कोतिर विपद्सम्बन्धी पर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा संरचना निर्माण र विकास प्रक्रिया विपद् उत्थानशील हुन सकेको छैन । व्यवस्थित तथा वैज्ञानिक रुपमा भूमिको उपयोगको लागि भूउपयोग योजना निर्माण गरी कार्यान्वयन नहुँदा विकासका प्रयासहरू दीगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि संस्थागत तथा सामुदायिक क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि नगरपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ ।

नगरपालिकाको १५ वडा मध्ये १० वडाहरु बाढीको कटान र ढुवानको जोखिम रहेका छन् । नगर क्षेत्रका नाङगो तथा खाली क्षेत्र, अति चरीचरण हुने वन तथा चउर र कृषि क्षेत्र विभिन्न स्थानमा हुँदा भूक्षयको जोखिम रहेको छ । वनजंगलको संरक्षणसँगै जंगली जनावर विशेष गरी बाँदर, दुम्सी, बँदेल, बाघ र मृगल बालीनाली र पशुपंक्षीको क्षती पुर्‍याउने क्रम पनि बढ्दो क्रममा रहेको छ । विपद् पूर्वतयारी, न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभमा स्थानीय तथा समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । बजार क्षेत्र तथा प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिम उच्च भएता पनि जलवायु परिवतर्न अनुकुल कृषि बाली तथाा प्रणालीको विकास र विस्तार हुन सकेको छैन । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ बाट नागरिकलाई संक्रमणबाट बचाउने, संक्रमित नागरिकको उपचार र कोभिड १९ र बन्दाबन्दीले व्यापार र व्यवसायमा परेको असरबाट पुनर्लाभ ठूलो चुनौतिको रुपमा अगाडि आएको छ ।

## ६.४ अवसर

पाटेबाघ र जैविक विविधताको दृष्टिकोणबाट महत्वपूर्ण क्षेत्रको रुपमा बाँके राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रमा अवस्थित तथा कूल भूभागको ६० प्रतिशत भन्दा बढी क्षेत्र वन जङ्गलले ढाकिएको र हरियालीयुक्त क्षेत्र तथा कृषि विकास लागि समेत उपयुक्त रहेको यस नगरपालिकामा पर्यापर्यटन तथा कृषि पर्यटनको विकासको प्रचुर संभावना देखिन्छ ।

## ६.५ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस नगरपालिकाका वन तथा जैविक विविधता, भूसंरक्षण र जलाधार व्यवस्थापन, वातावरण र फोहोरमैला व्यवस्थापन तथा कोभिड १८ र विपद व्यवस्थापन लगायत स्थानीय तहको लागि उपलब्ध वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्रको उद्धेश्य, परिमाणात्मक लक्ष्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ६.५.१ सोच

नगरपालिकाको वातावरण र विपद व्यवस्थापन क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ प्राकृतिक स्रोतले सुसम्पन्न र वातावरणीय रुपले सन्तुलित, हरियाली, स्वच्छ वातावरणले युक्त रमणीय नगरको स्थापना

### ६.५.२ लक्ष्य

नगरपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

⌘ हरियाली, जैविक विविधता, जमीन र जलश्रोतको समोचित व्यवस्थापन, वातावरणमैत्री विकास तथा जलवायु र विपद उत्थानशिलता सुनिश्चित गर्ने

### ६.५.३ उद्देश्य

नगरपालिकाका वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- वन, हरियाली र जैविक विविधताको संरक्षण र सतत उपयोग वृद्दी गर्नु
- जल, जमीन र जलाधारका अन्य श्रोतको संरक्षण तथा उपयोगमा बृद्धी गर्नु
- पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाईमा अभिबृद्धि गर्नु
- विपद् जोखिम र विपद्जन्य क्षति न्यूनीकरण तथा विपद उत्थानशिलता बृद्धि गर्नु

### ६.५.४ रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

#### उद्देश्य १ सँग सम्बन्धित

- वन संरक्षण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति कार्यान्वयन गर्न सहयोग गर्ने
- वैज्ञानिक वन व्यवस्थापन प्रणाली अनुसार वन पैदावरको सतत उत्पादन बृद्धि गरी वन पैदावरको आपुर्ती सहज बनाउने र आम्दानीमा बृद्धि गर्ने
- वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम संचालन गरी रोजगारी र आम्दानीको श्रोत बृद्धि गर्ने

#### उद्देश्य २ सँग सम्बन्धित

- लघु जलाधार व्यवस्थापन योजनाको अवधारणा अनुसार भिरालोपनाको स्थायीकरण, भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधार संरक्षण गर्ने
- सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन काय संचालन गर्ने

#### उद्देश्य ३ सँग सम्बन्धित

- वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने

- सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने
- विकास निर्माण तथा उद्यम विकास र श्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था नियमपालनामा अभिबृद्धि गर्ने

**उद्देश्य ४ सँग सम्बन्धित**

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणाहरुलाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने
- विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने
- जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने

## ६.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

वातावरण तथा विपद व्यवस्थापना क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालिन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ३.१ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको नतिजा सूचक तथा मध्यमकालिन लक्ष्य***

| सूचक | इकाई | आ.व. ०७६/७७ उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| वनबाट नगरपालिकामा प्राप्त रोयल्टी | रु. हजारमा | ११६२ | १३३४ | २००८ | २८९१ |
| दहत्तर बहत्तर र जराजुरी विक्री शुल्क | रु. हजारमा | ३०० | ४५० | ५०० | ६०० |
| रुख विरुवाले ढाकेको/हरियाली क्षेत्र | हेक्टर | ११९८४ | ११९९० | १२००० | १२१०० |
| संरक्षित खेतबारीको क्षेत्रफल | हेक्टर | ४३२० | ४५०० | ५००० | ६००० |
| विपद्बाट प्रभावित घरपरिवार (२०७६/७७) | संख्या | | | | |
| अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | २३८६ | २००० | १५०० | १००० |
| वनमा आधारित उद्यमबाट रोजगार जना | संख्या | ५३० | ६०० | ८०० | १२०० |
| व्यवस्थित चरन क्षेत्र | हेक्टर | | | | |
| उत्पादित काठ | टन | | | | |
| उत्पादित गैह्रकाष्ठ वन पैदावर | के.जि. | | | | |
| वनमा आधारित उद्योग व्यवसाय | संख्या | ५३ | ६० | ८० | १२० |
| दर्ता निजी वन क्षेत्र | हेक्टर | ३ | ४ | ७ | १० |
| वृक्षारोपण गरिएको क्षेत्रफल | हेक्टर | | | | |
| वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | ३ | ५ | १० | १५ |
| संरक्षित बाढी संवेदनशील वस्ती | संख्या | १२५ | १२८ | १३३ | १४२ |
| जैविक प्रविधिबाट नियन्त्रित खोला किनार तथा सडक र नहरको लम्बाई | कि.मि. | १ | १.५ | २ | ३ |
| वायोइन्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | कि.मि. | ० | १ | ३ | ५ |
| संरक्षित तथा व्यवस्थित पोखरी | संख्या | ० | १ | ३ | ५ |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | ७ | ७ | १० | १५ |
| कम्पोष्ट-विन प्रयोग गर्ने तथा फोहोर वर्गीकरणको अभ्यास गर्ने परिवार | प्रतिशत | ६४ | ६५ | ७० | ७५ |
| परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३४ | ३२ | २५ | २० |
| संचालित व्यवस्थित सार्वजनिक शौचालय | संख्या | २ | ३ | ४ | ५ |
| स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए/नभएको | नभएको | भएको | भएको | भएको |
| नयाँ घरमा एक विरुवा अभियानबाट रोपिएका विरुवा | संख्या | ० | ५०० | १५०० | ३००० |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | | | | |

| सूचक | इकाई | आ.व. ०७६/७७ उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | | | | |
| विपदबाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | | | | |
| नदि कटान र डुवानबाट प्रभावित क्षेत्र | विघाहा | | | | |
| सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | | | | |
| स्थानीय विपद व्यवस्थित सूचना केन्द्रवाट ज्ञान तथा सिकाई प्राप्त गर्ने व्यक्ति | जना | | | | |
| विपद् व्यवस्थापन कोष रकम (बार्षिक) | रु. हजारमा | | | | |
| सुरक्षित, व्यवस्थित आवास क्षेत्र/वस्ती | संख्या | ९५ | ९८ | १०५ | ११५ |

## ६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

***तालिका ७.५. : वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको खर्च तथा स्रोत (रकम रु. हजारमा)***

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु. हजारमा) | | | | खर्चको स्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार |
| २०७७/७८ | १२२७०० | ४३४१० | ७७२९० | ० | | | |
| २०७८/७९ | १२५०७० | ३७८५१ | ८५०१९ | ० | | | |
| २०७९/८० | १३७५७७ | ४१६३६ | ९३५२१ | ० | | | |
| **जम्मा** | ३८५३४७ | १२२८९७ | २५५८३० | ० | | | |

## ६.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वातावरण तथा विपद व्यवस्थानि क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ७.६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| **१.** | **वन, हरियाली र जैविक विविधता** | | | | | |
| १.१ | वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम (ब्लक व्यवस्थापन र वन पैदावार ससर्त उत्पादन) | वनको सम्बर्द्धन र व्यवस्थापन बाट वनको हैसियत सुधार गर्ने तथा काठदाउरा जस्ता वन पैदावरको आपूर्तीमा बृद्धि गर्ने | सालबसाली | १३२४० | नेपाल सरकारको वन क्षेत्रको प्राथमिकता प्राप्त कार्यक्रम | ६०० हेक्टर क्षेत्रमा वैज्ञानिक वन व्यवस्थापन भई ६ लाख क्युफिट काठ उत्पादन हुने र १ वटा नरम काठ सिजनिङ्ग र ट्रिटमेण्ट प्लाष्ट स्थापना हुनेछ । |
| १.२ | जडीबुटी व्यवसायिक खेती प्रवर्द्धन र प्रशोधन (वेत, बाँस, अम्रिसो, जडिबुडी अन्य प्रजाती, कुरिलो, मेन्था, बोभ्रो, रुदिलो, सितलचिनी आदि) | गैह्रकाण्ठ वन पैदावरको उत्पादन वृद्धि र आयआर्जन गर्ने | सालबसाली | ९९३० | नेपाल सरकारको वन क्षेत्रको प्राथमिकता प्राप्त कार्यक्रम | १५०० हेक्टर जडिबुटीको प्राकृतिक व्यवस्थापन र ३०० विगाहा नीजि जग्गामा ३०० जडिबुटी खेती हुने र ३ वटा गैह्रकाष्ठ वन पैदावरमा आधारित उद्योग स्थापना हुनेछ । |
| १.३ | नीजि, कृषि वन र विरुवा उत्पादन कार्यक्रम | प्रविधियुक्त वृहत नर्सरी मार्फत गुणस्तरीय वहुवर्षिय विरुवा उत्पादनद्धारा शहरी, सार्वजनिक, निजी वन तथा कषि वन विकास र हरियाली प्रवर्धन गर्ने | सालबसाली | १६५५० | नगरपालिकाको प्राथमिकता प्राप्त कार्यक्रम | बार्षिक २ लाख वन र फलफुलका विरुवा उत्पादन मार्फत शहरी, नीजि र कृषी ६० हेक्टर क्षेत्रमा वृक्षारोपण भई हरियाली कायम तथा आय बृद्धि हुनेछ । |
| १.४ | वन डढेलो नियन्त्रण कार्यक्रम | वनको हैसियत सुधार गर्ने, जैविक विविधता र वातावरण संरक्षण गर्ने | सालबसाली | ३३१० | नेपाल सरकारको वन क्षेत्रको प्राथमिकता प्राप्त कार्यक्रम | ५ कि.मि. अग्नी रेखा निर्माण र सरसफाई र १०८ टोल तथा समुदायको सचेतना अभिबृद्धि र क्षमता विकास हुनेछ । |
| १.५ | वनबाटिका/इको पार्क स्थापना गर्ने | शहरी सुविधा, सुन्दरता र वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने | २०७७/७८ देखि २०७९/८० सम्म | ९९३० | नगरपालिको प्राथमिकता प्राप्त कार्यक्रम | .... हेक्टर क्षेत्रमा वनवाटिका स्थापना भई संचालन हुनेछ । |
| १.६ | आर्थिक र साँस्कृतिक रुपले महत्वपूर्ण किट, जीव जन्तु र बोटविरुवा रोपण तथा संरक्षण कार्यक्रम | आर्थिक र साँस्कृतिक रुपले महत्वपूर्ण किट, जीवजन्तु र | सालबसाली | ४९६५ | आवधिक योजना र | वन, कृषि क्षेत्र र वनबाटिकामा आर्थिक र साँस्कृतिक रुपले महत्वपूर्ण किट, जीवजन्तु र वोट विरुवाको संरक्षण हुनेछ । |

| क्र.सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | बोटविरुवा संरक्षण र सम्बर्धन गर्ने | | | नीति तथा कार्यक्रम | |
| १.७ | मौरीपालन श्रोत संरक्षण र प्रर्वधन कार्यक्रम | सामुदायिक वन, खाली जमीन र खेर गएको नीजि जमीनमा रुदिलो, चिउरी, सितल चीनी, बोतल ब्रस पाम, निम, असारे काफल लगायतका विरुवाहरु उत्पादन, रोपण र संरक्षणद्धारा मौरीको श्रोत संरक्षण गर्ने | सालबसाली | ६६२० | नगरपालिकाको प्राथमिकता प्राप्त कार्यक्रम | मौरीपालन व्यावसाय र मह उत्पादनमा बृद्धि हुनेछ। |
| १.८ | धार्मिक वन संरक्षण कार्यक्रम | धार्मिक क्षेत्रको वन विकास र संरक्षण गर्ने | सालबसासी | ३३१० | | ..... धार्मिक क्षेत्रको वन विकास र संरक्षण मार्फत हरियाली कायम र वातावरण कायम भएको हुनेछ। |
| १.९ | वनजन्तु संरक्षण कार्यक्रम | संरक्षण क्षेत्र भन्दा बाहिरका वन्यजन्तु र वासस्थानको संरक्षण गर्ने | सालबसाली | ३३१० | नगरपालिकाको नीति तथा कार्यक्रम र आवधिक योजना | संरक्षण क्षेत्र वाहिरका घाइते, टुहुरा वन्यजन्तुको स्याहार तथा उपचार केन्द्र स्थापना र संचालन हुने र इकोक्लब गठन र संरक्षण कार्यमा क्रियाशिल हुनेछ |
| १.१० | पर्यापर्यटन मार्गको संभाव्यता अध्ययन र कार्यक्रम संचालन | मध्यवर्ती तथा सामुदायिक र अन्य वन क्षेत्रमा पर्यापर्यटनको प्रवर्धन र विकास गर्ने | सालबसाली | ४९६५ | आवधिक योजना | .... वटा क्षेत्र/स्थानमा पर्यापर्यटन संचालन हुनेछ। |
| १.११ | वन, जैविक विविधता, वातावरण संरक्षण र विपद सम्बन्धी संरक्षण शिक्षा कार्यक्रम | वन, जैविक विविधता, वातावरण संरक्षण र विपद व्यवस्थापन बारे संरक्षण शिक्षा प्रदान गर्ने | सालबसाली | ३३१० | आवधिक योजना | वन, समूह, इको क्लब, सामुदायिक संस्था र टोल विकास संस्थामार्फत संचालन गर्ने |
| **२.** | **भूसंरक्षण र जलाधारका व्यवस्थापन** | | | ० | | |
| २.१ | खोलानाला खोल्सी नियन्त्रण, तटबन्धन र लघु जलाधार तथा भूसंरक्षण कार्यक्रम | भूक्षय, बाढी र कटान लगायतका प्रकोपको जोखिम न्यूनीकरण गरी उर्वराशक्ती र विकासका पूर्वाधारको संरक्षण गर्ने | सालबसाली | ४९६५० | नगरपालिकाको प्राथमिकता | ५ वटा प्राकृतिक जल पुनर्भरण पोखरी निर्माण, १० वटा वस्ती र ६०० हेक्टर कृषि भूमिको संरक्षण, १५ वटा खहरे र गल्छी नियन्त्रण ३ कि.मि. नदी किनार र ३०० हे. क्षतिग्रस्त भूमी पुनरुत्थान हुनेछ। |

| क्र.सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| २.२ | घरवगैचा, फलफूल र आयमूलक कार्यक्रम | | सालबसाली | ३३१० | नीति तथा कार्यक्रमको प्राथमिकता | ५०० घरमा मिनि वगैचा तथा ३० हेक्टरमा तलसी, निम लगायत जडिबुटी र उच्च मूल्यका विरुवा धार्मिक, साँस्कृतिक र आर्थिक रुपमा महत्वपूर्ण वोट विरुवा रोपण र संरक्षण हुनेछ । |
| २.३ | पानीका मुहान संरक्षण कार्यक्रम | जलाधार क्षेत्रको पानी मुहानको संरक्षण र पानीको श्रोत व्यवस्थापन गर्ने | सालबसाली | ३३१० | नीति तथा कार्यक्रमको प्राथमिकता | थारुबास क्षेत्र, धानी खहरे क्षेत्र र अन्य क्षेत्रका ... वटा खानेपानीको मुहानहरुको दीगो संरक्षण हुनेछ । |
| २.४ | संरक्षण ताल/पोखरी निर्माण तथा संरक्षण | पानीको पुनर्भरण र संचिति बृद्धि गर्ने | सालबसाली | ४९६५० | नीति तथा कार्यक्रमको प्राथमिकता | ...... स्थानमा प्राकृतिक पुनर्भरण पोखरी निर्माण भई व्यवस्थापन हुनेछ । |
| २.५ | विकासका पूर्वाधार संरक्षण | विकासका पूर्वाधारलाई दीगो र व्यवस्थित बनाउने | सालबसाली | ९९३० | नीति तथा कार्यक्रमको प्राथमिकता | सडक, पुल, कुलो, बाँध तथा भवन लगायतका विकासका पूर्वाधारको दीगो संरक्षण र संचालन हुनेछ । |
| २.६ | भू-उपयोग क्षेत्र पहिचान, निर्धारण तथा योजना तर्जुमा र कार्यान्वयन | जमीनको क्षमता, उपयोग र विकासको आवश्यकता र योजना जमीनको समोचित व्यवस्थापन र व्यवस्थित विकासको आधार तयार गर्ने | सालबसाली | ४५०० | नीति तथा कार्यक्रमको प्राथमिकता | निर्धारित भूउपयोगको क्षेत्र अनुसार भूमिको उपयोग र स्वरुपको र व्यवस्थापन हुनेछ । |
| **३.** | **वातावरण तथा सरसफाई व्यवस्थापन** | | | ० | | |
| ३.१ | पूर्ण सरसफाईको मापदण्ड र सूचकको पालना अभियान कार्यक्रम | घर, टोल र सार्वजनिक स्थलहरुमा पूर्ण सरफाई सुनिशिचत गर्ने | सालबसाली | १६५५ | नेपाल सरकारको प्राथकिता प्राप्त क्षेत्र | १८००० घरपरिवार, १४२ टोल र ८० सार्वजनिक निकायले सरसफाईको मापदण्ड र सूचक अनुसार सरसफाई अभियान संचालन हुनेछ । |
| ३.२ | वडा र टोल प्रतिस्पर्धामूलक सरसफाई कार्यक्रम | स्वस्थ तथा सरसफाई सम्बन्धी बानी र व्यवहारमा सकारात्मक परिवर्तन गर्ने | सालबसाली | १६५५ | नेपाल सरकारको प्राथकिता प्राप्त क्षेत्र | १५ वटै वडा र १४२ टोलहरु बीच सरसफाई सम्बन्धी कार्यक्रम चौमासिक रुपमा संचालन हुनेछ । |
| ३.३ | ल्याण्डफिल साइट निर्माण, फोहोर संकलन र प्रशोधन कार्यक्रम | नगर क्षेत्र विसर्जन हुने फोहोर मैलाको वर्गीकरण, पुनप्रयोग, | २०७७/७८ देखि | ९९३०० | नगरपालिकाको प्राथमिकताको आयोजना | प्रति दिन १३.५ मे.ट. फोहोरमैला वर्गीकरण, पुनप्रयोग, संकलन र भण्डारण, प्रशोधन र विसर्जनको व्यवस्था हुनेछ । |

| क्र.सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | | संकलन, भण्डारण, प्रशोधन र इन्सिमिनेशनको व्यवस्था गर्ने | २०७९/८० सम्म | | | |
| ३.४ | फोहोरमैला व्यवस्थापन कार्यक्रम ( प्रमुख सार्वजनिक स्थल, चोक, कार्यालय र मुख्य पदमार्ग र घरघरमा डष्ट विन, कम्पोष्ट विन, फोहोर खाडल निर्माण र सो सम्बन्धी तालिम) | प्रमुख चोक, सार्वजनिक स्थल, कार्यालय र घरघरमा फाहोर संकलन, वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने | सालबसाली | ३९७२ | नीति तथा कार्यक्रमको प्राथमिकता | नगर क्षेत्रको प्रमुख चोक, कार्यालय, सार्वजनिक स्थल, पदमार्ग र घरमा ६००० कम्पोष्ट विन, पिट र डस्टविनको व्यवस्था हुनेछ । |
| ३.५ | ज्येष्ठ नागरिक, चिल्ड्रेन र पर्यटकीय पार्क एवं बाटिका निर्माण र संचालन | स्वस्थ मनोरञ्जन स्थलको निर्माण र संचालन गर्ने | २०७७/७८ देखि २०७९/८० सम्म | १९८६० | नीति तथा कार्यक्रमको प्राथमिकता | प्रमुख बजार र बसोबास रहेको नजिक २ स्थानमा पार्क र वाटिका निर्माण हुनेछ । |
| ३.६ | संस्थागत गार्डेन स्थापना र व्यवस्थापन कार्यक्रम | कार्यालयमा सरसफाई र वातावरण सुधार सम्बन्धी नमूना प्रस्तुत गर्ने | सालबसाली | ३३१० | नीति तथा कार्यक्रमको प्राथमिकता | कार्यपालिका कार्यालय, वडा कार्यालय समेत ३० वटा सार्वजनिक कार्यालयमा व्यवस्थित वगैचा र स्वस्थ वातावरण निर्माण हुनेछ । |
| **४.** | **विपद् व्यवस्थापन** | | | ० | | |
| ४.१ | नगर विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा तथा अद्यावधिक | नगरपालिकाको कोभिड १९ समेत अन्य विपदको व्यवस्थापन र जलवायु उत्थानशिलतामा बृद्धि गर्ने | २०७७/७८ | ३००० | राष्ट्रिय प्राथमिकता | कोभिड १९ समेत विपदको जोखिम तथा क्षमता विश्लेषण समेत विपद रोकथाम, न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभ र जलवायु उत्थानशिल सम्बन्धी लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र लगानी योजना तयार हुनेछ । |
| ४.२ | सर्पदंश सेवा केन्द्र स्थापना र संचालन | सर्प टोकाईबाट उपचारको व्यवस्था गरी मानवीय क्षती कम गर्ने | २०७७/७८ देखि २०७९/८० सम्म | ९९३० | नगरपालिकाको प्राथमिकता | स्वास्थ्य संस्थासँग समायोजन गरी नगरको केन्द्रभन्दा टाढा रहेको २ स्थानमा सर्पदंश उपचार केन्द्र स्थापना र संचालन हुनेछ । |
| ४.३ | वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम संचालन | विपद व्यवस्थापनमा वडा र समुदायको क्षमता विकास र उत्थानशिलता बृद्धि गर्ने | सालबसाली | १६५५ | नीति तथा कार्यक्रमको प्राथमिकता | १५ वडामा १४२ समुदायलाई लक्षित गरी रोकथाम, पूर्व तयारी, खोज उद्दार, कृत्रिम अभ्यास, प्राथमिक उपचार, खोज उद्दार तालिम र सामाग्री व्यवस्थापन हुनेछ। |

| क्र.सं. | विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| ४.४ | कोभिड १९, आगलागी, बाढी, महामारी, भूकम्प जोखिम क्षेत्र, पहिचान, नक्शाङ्कन र पूर्व तयारी | नगर क्षेत्रका प्रमुख विपदहरुको जोखिम पहिचान, नक्शाकंन गरी जोखिम न्यूनीकरणको लागि पूर्व तयार गर्ने | २०७७/७८ | १५०० | नीति तथा कार्यक्रमको प्राथमिकता | कोभिड १८ लगायत नगर क्षेत्रका प्रमुख विपदको जोखिम पहिचान र नक्शाकंन गरी पूव तयारी कार्ययोजना तयार हुनेछ । |
| ४.५ | न्यूनतम पूर्वाधारसहितको आपत्कालीन आश्रय स्थलका लागि ट्रस हल र क्वारेण्टाइन निर्माण | विपदको समयमा सूरक्षाको लागि आपतकालिन आश्रय स्थल र महामारीको लागि क्यारेण्टाइनको व्यवस्था गर्ने | सालबसाली | १६५५० | नीति तथा कार्यक्रमको प्राथमिकता | १५ वटै वडाको केन्द्र वा पायक पर्ने ठाउँमा जग्गाको व्यवस्था सहित संरचना निर्माण र सामग्री व्यवस्था हुनेछ । |
| ४.६ | वन्यजन्तु (बाँदर, दुम्सी, बाघ, बँदेल आदि) बाट सुरक्षा कार्यक्रम | वन्यजन्तुबाट हुने मानवीय, बालीनाली र पशुधनको क्षती न्यूनीकरण गर्ने | सालबसाली | ३३१० | नीति तथा कार्यक्रमको प्राथमिकता | साइरन, खाडल, तारबार आदीको प्रयोग गरी नियन्त्रण क्षतिपूर्तिको व्यवस्था गर्ने |
| ४.७ | विपद व्यवस्थापन कोष बृद्धि र संचालन | विपदको प्रतिकार्य र राहतमा वृद्धि गर्ने | सालबसाली | ९९३० | नीति तथा कार्यक्रमको प्राथमिकता | जिल्ला विपद व्यवस्थापन कोष, नेपाल रेडक्रस र सम्बन्धित गैसस सँग साझेदारी गरी विपद कोषको क्षमता बृद्धि हुनेछ । |
| ४.८ | गोदाम घर निर्माण, विपद उद्धार तथा राहत सामग्री व्यवस्थापन कार्यक्रम | विपद उद्धार तथा राहत सामग्री व्यवस्थापनलाई सहज र व्यवस्थित बनाउने | सालबसाली | ९९३० | नीति तथा कार्यक्रमको प्राथमिकता | नगरपालिकामा विपद पूर्व तयारी, उद्धार र राहत सामाग्रीको भण्डारण र सहज आपूर्तीको व्यवस्था हुने |
| | **जम्मा** | | | **३८५३४७** | | |
| | **चालु** | | | **१२२८९७** | | |
| | **पुँजी** | | | **२५५८३०** | | |

## ६.८ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, मानव वन्यजन्तु द्धन्द्ध र स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।

# परिच्छेद ७
# सुशासन तथा संस्थागत विकास

## ७.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट प्रत्यक्ष अधिकारको संघीयताको मोडेलमा आधारित स्थानीय सरकारहरु स्थापना भई संविधान अनुसार विकास कार्यसम्पादन तथा सेवा प्रवाहमा क्रियाशिल रहेका छन् । स्थानीय सरकारलाई जनताको घरदैलोको सरकारको रुपमा हेरिएको हुन्छ । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग एवं समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा गरेका हुन्छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि चुलिएका छन् ।

चुलिदै गएका जनआकांक्षाको सम्बोधन परम्परागत र पुरानै सोच र तरिकाबाट संभव देखिदैन । बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह सिर्जनशिलत र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी देखिएको छ । अबका दिनमा स्थानीय सरकारहरुले संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई मध्यनजर गरी यस नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिबृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत परिचालन र योजना व्यवस्थापनको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ ।

## ७.२ विद्यमान स्थिति तथा संभावना

संविधानको अनुसूची ८ र ९ को अधिकार सूची अन्तर्गत नगर सभाबाट वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, सहकारी ऐन, न्यायिक समितिको फैसला कार्यान्वयन कार्यविधिलाई व्यवस्थित बनेको ऐन र आर्थिक तथा विनियोजन ऐन समेत ५ वटा विषयमा ऐन तयारी, प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । यसैगरी नगर कार्यपालिकाबाट स्थानीय तहको अधिकार सूची अनुसार कार्यविभाजन तथा कार्यसम्पादन नियमावली लगायत ४ विषयमा नियमावली र ११ विषयमा कार्यविधि निर्माण भई र सो को अभ्यासमा रहेका छन् । संविधान तथा प्रचलित कानून अनुसार नगर सभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिल हुन प्रयासरत रहेका छन् । साथै सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत गैसस र समुदायसमेतको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास समेत गरिएको छ ।

हाल नगरपालिकाको केन्द्र कोहलपुरमा ….. कोठा सहितको सभाहल र स्थानीय आपतकालिन कार्य संचालन केन्द समेत ….. वटा भवनमा नगर कार्यपालिका कार्यालय संचालनमा रहेको छ । यसैगरी वडा नम्बर २, ५, १०, ११ र १४ वडा कार्यालयहरु आफ्नै भवनमा र अन्य कार्यालय भाडामा संचालन गरी स्थानीय सरकार संचालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ । नगरपालिका तथा वडा कार्यालयको नाममा …… रोपनी जग्गा दर्ता रहेको छ । एकीकृत सेवा सहितको नगर कार्यपालिका, १५ वटै वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह भैरहेको र उपरोक्त कार्यालयहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ । कार्यालयमा ४ पाङग्रे २ जिप, १ वटा एस्काभेटर १,

दलकल, ...... ट्याक्टर, १७ थान मोटरसाईकल र कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ । संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल नगरपालिकामा विषय क्षेत्रगत समेत १३० जना कर्मचारी कार्यरत रहेका छन् ।

संघीय शासन व्यवस्था र स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शनको व्यवस्था अनुसार पहिलो पटक नगरपालिकाको विषयगत वस्तुस्थिति विवरण तथा समष्टिगत आर्थिक सामाजिक विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम सहितको आवधिक योजना तर्जुमा तयार गरी विकासको मार्गचित्र तयार गरिएको छ । साथै जनसंख्या र सेवा सुविधाको माग अनुसार भौतिक तथा शहरी विकास प्रक्रियालाई व्यवस्थित रुपमा संचालन गर्न शहरी विकास मन्त्रालयको सहयोगमा एकीकृत शहरी विकास योजनाको मस्यौदा समेत तयार भई स्वीकृतिको अवस्थामा रहेको छ ।

नगरपालिकको आवश्यकताको प्राथमिकता, उपलब्ध स्रोत र संभावनालाई व्यवस्थित गर्न यातायात गुरुयोजना र विपद प्रतिकार्य तर्जुमा भई अद्यावधिक गर्न लागिएको भूउपयोग, पर्यटन र वस्ती विकास गुरुयोजना तर्जुमा गर्ने योजना प्रस्ताव गरिएको छ । बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा टोल एवं तथा वस्तीबाटै शुरु गरी सहभागितामूलक प्रक्रिया अभ्यास हुँद आएको छ । नगरपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्थास्थ्य, शिक्षा, कृषि र यातायात क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा संचालन गर्न ऐन, नियम, कार्यविधि तथा सडकको मापदण्ड निर्धारण गरिएको छ । नगरपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ ।

राजस्व परामर्श समितिको अध्ययन र शिफारिशका आधारमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, घरवहाल कर तथा वहालविटौरी शुल्क लगायत सिफारिस तथा प्रमाणितका शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार गत आ.व. मा करिब ६ करोड ४५ लाख आन्तरिक आय संकलन गरिएको छ । नगरपालिकाको कूल आय बजेटमा आन्तरिक श्रोतको योगदान मात्र ८ प्रतिशत रहेको छ । आन्तरिक आयका क्षेत्रको संभाव्यता विश्लेषण गरी सुधारका कार्य संचालन गर्न राजस्व प्रक्षेपणसहितको राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनको क्रममा रहेको छ । साथै नगरपालिकासँग समन्वय र सहकार्य गर्ने गैर सरकारी संस्थाबाट नगरपालिका विकास कार्यमा बार्षिक अनुमानित १२ करोड ६२ लाख बराबरको लगानी हुने गरेको देखिन्छ ।

## ७.३ समस्या तथा चूनौति

नेपालको संविधान अनुसार राज्यको पुनसंरचना प्रक्रियामा साविकका कोहलपुर नगरपालिका, रझेना र शम्शेसगञ्ज गाउँ विकास समितिहरु समायोजना भई कोहलपुर नगरपालिका स्थापना भएको हो । संविधानले संवैधानिक व्यवस्था र कानून अनुसार स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट बनाउने, श्रोत परिचालन गर्ने र विकास कार्य संचालन र सेवा प्रवाह गर्ने व्यवस्था गरेको छ । देशको रणनीतिक स्थानमा अवस्थिति र विकासको अथाह संभावना भएर पनि नगरपालिकाको विकास र सेवा प्रवाह अपेक्षित रुपमा कमजोर रहेको छ । योजनाबद्ध तथा नतिजामूलक विकास उपलब्धी, संस्थागत विकास र सुशासन कायम गर्न फितलो शासन प्रणाली लगायतका समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् :

नेपालको संविधान व्यवस्था अनुसार नगरपालिकाले अझै कृषि प्रसार तथा व्यवसाय प्रवर्धन, आधारभूत स्वास्थ्य तथा सरसफाई, शहरी पूर्वाधार विकास, पर्यटन तथा खेलकुद विकास, कला तथा सँस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तिकरण लगायतका ३० भन्दा बढी विषयमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गर्न सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालनामा रहेको छ । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित गरी रोजगार, उत्पादनमूलक

तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत कमजोर रहेको छ। आ.व. २०७५/७६ मा सम्म वेरुजु रकम उलेख्य रहेको देखिन्छ।

नगरपालिकामा एकातिर संस्थागत सामर्थ्य प्रदर्शन हुने स्तरको पदाधिकारीको योग्यता र क्षमता अप्रर्याप्त रहेको छ भने निर्वाचित पदाधिकारी, प्रशासनिक र प्राविधिक कर्मचारीहरुमा न्यून निष्ठा, कमजोर मनोबल र जवाफदेहिता रहेको छ । योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा पारदर्शिताको कमी देखिन्छ । योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड पुरा गर्न आवश्यक स्रोत र दक्षतामा कमी रहेको छ। संस्थागत संरचना, मानवश्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ। नगरपालिकाको सेवा व्यवस्थापन प्रक्रियामा कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कार तथा वृत्ती विकासको योजनाको व्यवस्था उपलब्ध भएको देखिदैन। प्रमुख प्रशासकीय अधिकृतको छोटो समयमा हुने फेरबदल र संघीय निजामती र स्थानीय सेवा प्रतिको जवाफदेहितामा दोहोरोपनाले पनि योजना तथा बजेट तर्जुमा, श्रोत परिचालन, कार्यसम्पादन र नीति, योजना तथा कार्यक्रमको कार्यान्वयमा ढिलाई तथा कठिनाई हुने गरेको छ।

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार शाखा तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ । कार्यपालिका कार्यालयमा विषयगत शाखाहरु संचालनको लागि भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ। नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, वस्ती तथा भौतिक विकास, यातायात, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा तयार नभएकोले ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकता आधार र प्रक्रिया निर्धारण, मध्यकालिन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन।

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी तथा ऐन, कार्यविधि र कार्यप्रणाली नहुँदा आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, कराधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन । जसको कारण नगरपालिकाको विकासमा संघीय र प्रदेश सरकारको अनुदानमा मुख्य रुपमा भर पर्नु पर्ने अवस्था रहेको छ। आन्तरिक राजस्व तथा स्रोत परिचालनको क्षमता न्यून रहेको छ।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, नीजि क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन। उपयुक्त भौतिक र लगानीको वातावरण तयार गरी नगरपालिकामा स्थानीय गैसस, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा नीजि, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । प्रचुर संभावनाका बाबजुद नीजि क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

## ७.४ अवसर

संघीय संरचना अनुसार प्रदेश नं. ५ को पश्चिम क्षेत्रको रणनीतिक स्थानमा अवस्थित यस नगरपालिकामा बसोबास, औद्योगिक तथा पर्यटन विकास, शैक्षिक र स्वास्थ्य उपचारको केन्द्र, कृषि तथा जैविक विविधता जस्ता

अवसरहरु उपलब्ध रहेका छन् । संविधानिक अधिकर सहित संघीय शासन व्यवस्थामा आधारित स्थानीय सरकार नागरिकहरुमा शासन प्रक्रियामा नागरिकको पहुँच बृद्धि भएको । नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापद प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ। नगरपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा बृद्धि हुँदै गएको छ। नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र नगरपालिकाको संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग र रुची पनि क्रमशः बढ्दै गएको छ । साथै यस नगरपालिका विकास साझेदार, अन्तरराष्ट्रिय र राष्ट्रिय संघ/संस्था तथा नीजि क्षेत्रको लगानीको आकर्षण केन्द्रको रुपमा समेत स्थापित हुन सक्ने अवस्था रहेको छ ।

## ७.५ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको नीति, कानून तथा सुशासन, संगठन तथा क्षमता विकास, स्रोत परिचालन र विकास व्यवस्थापन लगायत स्थानीय तहको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ७.५.१ सोच

नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ सक्षम, जनमुखी, पारदर्शी र जवाफदेही नगर सरकारको स्थापना

### ७.५.१ लक्ष्य

यस नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

⌘ नगरपालिकाको सेवा प्रवाह, विकास उपलब्धी र जवाफदेहिताको स्तरमा गुणात्मक बृद्धि गर्नु

### ७.५.३ उद्देश्य

नगरपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. शहरी शासन तथा विकास नीति, कार्य संचालन प्रणाली एवं प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु,
२. संगठन क्षमता, मानव संशाधन, सेवा व्यवस्थापन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,
३. आन्तरिक र वाह्य श्रोत परिचालनमा बृद्धि तथा राजस्व प्रणाली सुदृढ बनाउनु,
४. शहरी योजना तथा विकास व्यवस्थापन प्रणाली सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु ।

### ७.५.४ विषयगत रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न सुशासन तथा संस्थागत विकास क्षेत्रमा देहायअनुसारका रणनीतिहरु अबलम्बन गरिनेछ ।

***उद्देश्य १ सँग सम्बन्धित***

- शहरी शासन तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने
- नगरपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय तथा आम नागरिकको अपनत्व बृद्धि गर्ने

***उद्देश्य २ सँग सम्बन्धित***

- स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने
- नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने ।

- कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित गर्ने

***उद्देश्य ३ सँग सम्बन्धित***

- आन्तरिक राजस्व बृद्धिमा जोड गर्ने
- राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने
- सरकारी तथा सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने
- स्रोत परिचालनका लागि गैसस, नीजि क्षेत्र, समुदाय, विकास साझेदार, प्रद्रेश र संघीय सरकारका निकायहरु सँग साझेदारी विकास गर्ने

***उद्देश्य ४ सँग सम्बन्धित***

- योजना व्यवस्थापन प्रक्रियालाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने
- योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने
- गैसस, नीजि क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिबृद्धि गर्ने

## ७.६ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सुशासन तथा संस्थागत विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालिन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ५.१०. : सुशासन तथा संस्थागत विकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालिन लक्ष्य***

| सूचक | एकाई | आ.व. २०७६/७७ उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| नगरपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ८० | ८० | ८२ | ८५ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | ८ | ९ | १० | १२ |
| सशक्तिकरण र क्षमता विकास कार्यक्रम बाट लाभन्वित विपन्न/पिछडिएको/लक्षित वर्ग | घरधुरी | | | | |
| कार्यालयमा कार्यरत प्राविधिक मानव संशाधन | संख्या | | | | |
| नगरपालिका क्रियाशिल र साझेदार गर्ने गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ११ | १२ | १४ | १५ |
| स्वीकृत भएका नीति र कानून | संख्या | | | | |
| – ऐन | संख्या | ६ | १० | १४ | १८ |
| – नियम तथा विनियम | संख्या | ४ | ५ | ६ | ७ |
| – निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | १६ | १८ | २० | २२ |
| क्रियाशिल नीतिगत समिति तथा संयन्त्र | संख्या | ७ | ८ | १० | १२ |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारको प्रकार | प्रकार | ३ | ३ | ३ | ४ |
| स्थानीय कानून, नीति र योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण र सुझाव लिने माध्यम | प्रकार | ३ | ४ | ५ | ६ |
| पेश भएका नीति, योजना तथा सेवाप्रवाह सम्बन्धी गुनासो सम्बोधन (अभिलेख मध्ये) | प्रतिशत | ६० | ६० | ७० | ८० |
| नगरपाालिका पेश भएका नीति, योजना र सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो | प्रतिशत | | | | |
| नगरपालिकामा कार्यरत मानव संशाधन | संख्या | १८४ | १९० | २२० | २५० |
| नगरपालिका तथा वडा कार्यालय भवन | संख्या | ३ | ८ | १० | १२ |
| वडा तहमा सुचारु सेवा तथा श्रोत केन्द्र (स्वास्थ्य, शिक्षा, कृषि, पशु सेवा, महिला र बालबालिका, वातावरण, सरसफाई आदी) | संख्या | १३ | १५ | १५ | १५ |

| सूचक | एकाई | आ.व. २०७६/७७ उपलब्धी | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| नगरपालिकामा संचालित संघ र प्रदेश स्तरका आयोजना तथा कार्यक्रम एवं इकाई (वार्षिक) | संख्या | | | | |
| शहरी शासन, योजना तर्जुमा र सेवा प्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | ५ | २ | ३ | ४ |
| क्षमता विकास कार्यक्रमबाट लाभान्वित जनप्रतिनिधि र नागरिक समाज | वटा | | | | |
| बार्षिक आन्तरिक आय रकम | रु.हजारमा | ३००७२ | ६४५०० | ९२८८० | १३३७४८ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | रु.हजारमा | ९४०५० | १०४५९० | ११६३५४ | १४४१६६ |
| वित्तिय समानीकरण अनुदान | रु.हजारमा | १९१५०० | १९२९८९ | २३४२०२ | २८४२९० |
| कुल बार्षिक बजेट | रु.हजारमा | ८०११७० | १५०७२७२ | १९६३८०८२ | २५६७९१७ |
| बार्षिक वास्तविक खर्च रकम | प्रतिशत | ६७.६७ | ७५ | ८५ | ९५ |
| समपुरक तथा विशेष अनुदान रकम | रु.हजारमा | २८६६७ | ८८५०० | १०२७४४० | १३८३६० |
| अ/गैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम | रु.हजारमा | १२६२०० | १३८८२० | १६७९७२ | २०३२४६ |
| समुदायको लगानी तथा योगदान रकम | रु.हजारमा | ११७९९ | १४२७६ | १७२७४ | १९००२ |
| निजी क्षेत्रको लगानी | रु.हजारमा | ४०४६४ | ४२५२२ | ५१४५२ | ६२२५६ |
| लक्षित वर्गको बजेट | प्रतिशत | १५ | १५ | २० | २५ |
| खण्डीकृत विषयगत र श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभएको | नभएको | नभएको | भएको हुने | अद्यावधिक हुने |
| स्वीकृत स्थानीय गौरवका आयोजना | संख्या | २५ | २५ | २७ | ३० |
| स्वीकृत स्थानीय रणनीतिक/गुरुयोजना (बालबालिका र विपद व्यवस्थापन) | विषयक्षेत्र | २ | ३ | ४ | ५ |
| नतिजामूलक ढाँचामा योजना तर्जुमा | भए/नभएको | नभएको | तर्जुमा हुने | तर्जुमा हुने | तर्जुमा हुने |
| अनुगमन तथा मूल्याङ्कन ढाँचा र योजना | भए/नभएको | नभएको | तर्जुमा हुने | तर्जुमा हुने | तर्जुमा हुने |
| समयमा सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | ७० | ७२ | ८० | ९० |
| आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | २ | ३ | ४ | ४ |
| योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व | प्रतिशत | | | | |

## ७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

सुशासन तथा संस्थागत विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

***तालिका ५.११ : सुशासन तथा संस्थागत विकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोत अनुमान***

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु. लाखमा) | | | | खर्चको स्रोत (रु. लाखमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | प्रदेश सरकार | नेपाल सकार |
| २०७७/७८ | ५८५०० | ३५६६० | २२८४० | ० | | | |
| २०७८/७९ | ४९१८० | २५९७० | २३२१० | ० | | | |
| २०७९/८० | ५५९९८ | ३०४६७ | २५५३१ | ० | | | |
| **जम्मा** | **१६३६७८** | **९२०९७** | **७१५८१** | **०** | | | |

## ७.८ कार्यक्रम तथा आयोजना संक्षिप्त विवरण

सुशासन तथा संस्थागत विकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ७.६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| **१.** | **शहरी शासन तथा विकास नीति** | | | | | |
| १.१ | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, संशोधन, एकीकरण, प्रवोधीकरण तथा प्रकाशन | संविधानको अनुसूची ८ र ९ मा उल्लिखित विषय क्षेत्र मध्ये बाँकी रहेका विषयमा नीति ऐन, नियम र कार्यबिधि तर्जुमा गर्ने | सालबसाली | २९७९ | संविधान र कानूनी व्यवस्था पालना गर्न | विभिन्न २० विषय क्षेत्रसँग सम्बन्धित नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तयार र प्रवोधिकरण हुनेछ । |
| १.२ | सुशासन तथा जबाफदेहिता प्रवर्द्धन कार्यक्रम | सामाजिक जवाफदेहिता प्रवर्धन एकीकृत संयन्त्र सम्बन्धी मार्गानिर्देशिका तयारी र नियमित अभ्यास गर्ने | सालबसाली | १६५५ | नागरिकको र विश्वास बढाउन | सामाजिक जवाफदेहिताको एकीकृत औजारको चौमासिक रुपमा अभ्यास हुनेछ। |
| १.३ | नागरिक पृष्ठपोषण र वहश कार्यक्रम | नगरपालिकाको नागरिक प्रतिको जवाफदेहिता अभिबृद्धि गर्ने | सालबसाली | १९८६ | नागरिक पृष्ठपोषण प्राप्त गर्न | नागरिकको सहभागितामा २५ प्रतिशतले बृद्धि हुनेछ । |
| १.४ | सूचना प्रविधिमैत्री शासन प्रवर्धन | सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउने | सालबसाली | ३३१० | राष्ट्रिय नीति र कार्यक्रम | सेवाग्राहीको संख्यामा बद्धि र गुनासोमा कमी आउनेछ । |
| १.५ | विवाद मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | कानूनी सचेतना बृद्धि गर्ने तथा सामाजिक मेलमिलाप र सद्भाव अभिबृद्धि गर्ने | सालबसाली | २३१७ | संविधान र कानूनी व्यवस्था दायित्व पुरा गर्न | शान्तिपूर्ण प्रक्रियाद्धारा विवाद निरुपणमा ३० प्रतिशतले बृद्धि हुनेछ । |
| १.६ | शहरी विकास नीति, योजना, सेवा प्रवाह र कार्यक्रम सम्बन्धी अध्ययन तथा सर्वेक्षण कार्यक्रम | नीति, योजना तथा कार्यक्रमको सान्दर्भिकता, उपलब्धी, कार्यकुशलता, प्रभावकारीता र दीगोपनाको लेखाजोखालाई प्रमाणमा आधारित बनाउने | सालबसाली | ३६४१ | स्थानीय नीति, योजना र शासनलाई विश्वसनीय बनाउन | बर्षमा कम्तीमा एक विषयमा अध्ययन तथा अनुसन्धान भएको हुनेछ । |
| १.७ | सदाचार नीति तर्जुमा | पदाधिकारी र कर्मचारी प्रति निगरानी बृद्धि गर्ने | सालबसाली | १३२४ | राष्ट्रिय नीति | नागरिकको सन्तुष्टीको स्तरमा एक तिहाइले बृद्धि हुनेछ । |
| **२.** | **संगठन तथा क्षमता विकास** | | | ० | | |
| २.१ | कार्यालय व्यवस्थापन एवं भौतिक निर्माण तथा सुधार कार्यक्रम | सेवा प्रवाह र कार्यसम्पादनलाई सहज र सेवाग्राही मैत्री बनाउने | सालबसाली | ६६२०० | नीति तथा कार्यक्रमको प्राथमिकता | सबै विषयगत शाखा र वडा कार्यालय र न्यूनतम भौतिक सुविधा उपलब्ध हुनेछ । |
| २.२ | स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन (LISA) कार्यक्रम | कार्यसम्पादनको स्वमूल्याकंन पद्धतिको अभ्यास र सो अनुसार क्षमता विकास कार्यक्रम संचालन गर्ने | सालबसाली | २३१७ | राष्ट्रिय नीतिको नियमपालना | संस्थागत कार्य सम्पादनमा २० प्रतिशतले सुधार हुनेछ। |

| क्र.सं. | क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानित लागत (रु. हजारमा) | पृष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| २.३ | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिबृद्धि कार्यक्रम | क्षमता अभिबृद्धीद्धारा सेवा प्रवाह र कार्यसम्पादनलाई उपलब्धीमूलक बनाउने | सालबसाली | ४९६५ | कार्यसम्पादन बृद्धि गर्न | जनप्रतिनिधि, कर्मचारी र नागरिक संस्थाको कार्य सम्पादनमा ४० प्रतिशतले बृद्धि हुनेछ । |
| २.४ | अन्तर स्थानीय तह अध्ययन, परामर्श र टिम विल्डिङ कार्यक्रम | सफल अभ्यास तथा नविन कार्यक्रमको विस्तार गर्ने | सालबसाली | ३३१० | सहकार्य बृद्धि र नागरिक विस्वास वृद्धी गर्न | पदाधिकारी, कर्मचारीको टिम विल्डिङ हुनेछ । |
| २.५ | कर्मचारी प्रोत्साहन कार्यक्रम | कर्मचारीको मनोबल बृद्धि तथा कार्यसम्पादनमा सुधार गर्ने | सालबसाली | १६५५ | कार्यसम्पादनमा सुधार गर्न | ८० प्रतिशत कर्मचारीको कार्य सम्पादनमा बृद्धि हुनेछ । |
| २.६ | संगठन विकास तथा सुदृढीकरण कार्यक्रम | संगठनलाई कार्यसम्पादनमा आधारित र सेवाग्राही मैत्री बनाउने | सालबसाली | २६४८ | संविधानिक र कानूनी दायित्व पुरा गर्न | स्थानीय प्राथमिकता र सेवाग्राहीको चाहाना अनुसार संगठन स्वरुपको विकास हुनेछ । |
| २.७ | सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम | सेवा प्रवाहलाई सहज, सेवाग्राहीमैत्री र पारदर्शी बनाउने | सालबसाली | ८२७५ | भौतिक वातावरण व्यवस्थित बनाउन | सेवाग्राहीको सहभागिता र सन्तुष्टीमा बृद्धि हुनेछ । |
| २.८ | न्यायिक समिति र मेलमिलाप केन्द्र संचालन तथा न्यायिक सम्पादन कार्यक्रम | स्थानीय न्यायिक कार्य सम्पादन प्रभावकारी बनाउने | सालबसाली | ३३१० | नीति र कार्यक्रम को प्राथमिकता | न्यायिक समितिको कार्य सम्पादन सुधार हुनेछ । |
| २.९ | टोल विकास संस्था गठन तथा परिचालन | वस्ती तथा समुदायस्तरमा विकास कार्य संचालन र उपलब्धीको बहश मंचको विकास गर्ने | सालबसाली | ३३१० | सरकार नागरिक सम्बन्ध विकास गर्न | १०२ वटा टोलहरुमा टोल विकास संस्थाहरु विकास निर्माण, श्रोत परिचालन र नागरिक निगरानीमा बृद्धि हुनेछ । |
| २.१० | लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम | लक्षित वर्गको सबाललाई मूलप्रवाहीकरण गर्ने | सालबसाली | २३१७ | आत्मविश्वास अभिबृद्धि गर्न | लक्षित वर्गको सहभागिता र विस्वासमा बृद्धि हुनेछ । |
| २.११ | गै.स.स. समन्वय डेस्क स्थापना तथा संचालन | श्रोत परिचालन र विकास कार्यको प्रभावकारिता अभिबृद्धि गर्ने | सालबसाली | १६५५ | समन्वय र साझेदारीमा अभिबृद्धि गर्न | गैससमँग साझेदारीमा बृद्धी भई श्रोतको अधिकतम परिचालन हुनेछ । |
| ३. | **राजस्व तथा श्रोत परिचालन** | | | ० | | |
| ३.१ | आन्तरिक आयको संभाव्यता अध्ययन तथा प्रक्षेपण (राजश्व सुधार कार्ययोजना तर्जुमा र परिमार्जन) | संविधान र कानून अनुसार कर, शुल्क, दस्तुर, विक्री लगायत स्रोतको दायरा, दर र कर प्रशासनमा सुधार मार्फत आन्तरिक आय बृद्धि गर्ने र कानून सम्मत बनाउने | २०७७/७८ | १२०० | आन्तरिक आय बृद्धि गर्न | आन्तरिक आयमा २० प्रतिशतले बार्षिक बृद्धि हुनेछ र राजस्व परिचालन संविधान र कानूनको पालनामा बृद्धि हुनेछ । |

| क्र.सं. | क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| ३.२ | करदाता शिक्षा कार्यक्रम | स्थानीय करको विषय क्षेत्र, दायरा, दर, छुट र भुक्तानी प्रक्रिया बारे जानकारी गराउने र असुली बढाउने | सालबसाली | ३३१० | नीति र कार्यक्रमको प्राथमिकता | करदाताको सहभागिता र सहयोगमा बृद्धि हुनेछ । |
| ३.३ | करदाता प्रोत्साहन कार्यक्रम | समयमा कर र दस्तुर भुक्तानी गर्ने र छुट सुविधा उपयोग गर्न सहजीकरण गर्ने | सालबसाली | १३२४ | कर असुली प्रभावकारी बनाउन | लक्ष्य अनुसार कर असुली प्रतिशतमा बृद्धि हुनेछ । |
| ३.४ | राजस्व शाखा सुदृढीकरण कार्यक्रम | कर प्रशासन र अभिलेख लाई सेवाग्राहीमैत्री र व्यवस्थित बनाउने | सालबसाली | १९८६ | नागरिक सन्तुष्टी बढाउन | नागरिकको सन्तुष्टीको स्तरमा ४० प्रतिशतले बृद्धि हुनेछ । |
| ३.५ | आन्तरिक नियन्त्रण प्रणाली स्थापना र सुदृढीकरण | खर्च तथा वित्तीय जोखिम घटाउने र खर्चलाई पारदर्शी र व्यवस्थित बनाउने | सालबसाली | १६५५ | वित्तीय जोखिम घटाउन | वित्तीय जोखिम २० प्रतिशतले कमी आउनेछ। |
| ३.६ | अन्तर स्थानीय तह, संघीय तथा प्रदेश सरकार, निजि क्षेत्र र विकास साझेदार समन्वय तथा अन्तरसम्बाद कार्यक्रम | श्रोत परिचालनमा बृद्धि गर्ने | सालबसाली | २६४८ | नीति तथा कार्यक्रमको प्राथमिकता | श्रोत परिचालनमा २० प्रतिशतले बृद्धि हुनेछ । |
| ३.७ | राजस्व प्रशासन तथा वित्तिय व्यवस्थापन सुधार कार्यक्रम | स्थानीय राजस्व र खर्च प्रणालीलाई प्रविधिमैत्री र व्यवस्थित बनाउने | सालबसाली | १३२४ | नागरिकको विश्वास बृद्धि गर्न | राजस्व प्रशासन प्रणालीमा सुधार हुनेछ । |
| ४ | **शहरी योजना तथा विकास व्यवस्थापन** | | | ० | | |
| ४.१ | पूर्व संभाव्यता अध्ययन तथा डिपिआर र आयोजना वैक तयारी | बार्षिक योजनालाई ठोस र उपलब्धी बनाउन आयोजना बैंक तयार गर्ने | २०७७/७८ | ७५०० | राष्ट्रिय नीति | आयोजनाको संख्यामा ६० प्रतिशतले कमी हुने र सम्पन्न हुने आयोजनाको संख्यामा बृद्धि हुनेछ । |
| ४.२ | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली संचालन | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, प्रभाव लेखाजोखा र यस सम्बन्धी ज्ञानलाई व्यवस्थित बनाउने | २०७७/७८ | १५०० | योजनालाई नतिजा र प्रमाणमा आधारित बनाउन | योजना प्रणालीलाई नतिजा र श्रोतसँग आवद्ध हुनेछ । |
| ४.३ | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | प्राथमिकता विषय क्षेत्रको नक्शाकंन समेत विस्तृत योजना तयार गर्ने | सालबसाली | ५९५८ | नीति र कार्यक्रमको प्राथमिकता | नगरपालिकाले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरुको नक्शासहित विस्तत योजनाको खाका तयार हुनेछ । |
| ४.४ | मध्यमकालिन खर्च संरचना तयारी तथा आवधिक योजनाको मद्यावधी समीक्षा र अद्यावधिक | आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति अनुसार महत्वपूर्ण आयोजना तथा कार्यक्रममा बजेट विनियोजन सुनिश्चित गर्ने | २०७८/७९ र २०७९/८० | ४००० | कानूनी व्यवस्था नियमपालना | नगर गौरव लगायत महत्वपूर्ण आयोजना तथा कार्यक्रम श्रोतको सुनिश्चिता हुने र सार्वजनिक श्रोत विनियोजन प्रभावकारी हुनेछ । |

| क्र.सं. | क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानित लागत (रु. हजारमा) | पृष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| ४.५ | तेश्रो पक्षवाट प्राविधिक परीक्षण तथा आयोजनाको मूल्याङ्कन | आयोजना तथा कार्यक्रम अपेक्षित र अनपेक्षित नतिजाको लेखाजोखा गर्न र योजना व्यवस्थापनलाई प्रमाणमा आधारित बनाउने | सालबसाली | ४९६५ | योजना व्यवस्थापन र कार्यसम्पादनमा सुधार गर्न | नगपालिकाले संचलन गर्ने २५ लाख भन्दा माथि आयोजना तथा कार्यक्रमको प्रभाव लेखाजोखा भई नतिजा र सिकाई सार्वजनि हुनेछ। |
| ४.६ | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | उपभोक्ता समितिबाट हुने अयोजना कार्यान्वयनलाई गुणस्तरीय, लागत प्रभावकारी र उपलब्धीमूलक बनाउने | सालबसाली | ३३१० | श्रोतको दक्ष उपयोग र जनसहभागिता प्रवर्द्धन गर्न | .... उपभोक्ता समितिले तोकिएको मापदण्ड र समयतालिका भित्र आयोजना सम्पन्न गर्न सफल हुनेछन्। |
| ४.७ | वस्तुस्थिति विवरण तयारी तथा अद्यावधिक कार्यक्रम | योजना व्यवस्थापनलाई प्रमाणमा आधारित बनाउने | २०७७/७८ | ४५०० | योजनालाई प्रमाणमा आधारित बनाउन | नगरपालिकाको विषयगत खण्डीकृत सूचनालाई विद्यूतीय माध्यमबाट अद्यावधिक हुनेछ। |
| ४.८ | नतिजामा आधारित बार्षिक योजना तर्जुमा | बार्षिक योजनालाई नतिजा मा आधारित प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउने | सालबसाली | १३२४ | राष्ट्रिय नीति | आवधिक योजनाको आधारमा बार्षिक योजना तर्जुमा हुनेछ। |
| | **संस्थागत विकास कूल जम्मा** | | | १६३६७८ | | |
| | **चालु** | | | ९२०९७ | | |
| | **पुँजीगत** | | | ७१५८१ | | |

## ७.९ जोखिम पक्ष तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

# अनुसुचीहरू

## अनुसूची १ः प्रति एकाई लागत अनुमान

| प्रतिफल | एकाई | प्रति एकाई लागत (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| **कृषि वन तथा भुमि सुधार** | | | |
| **रासायनिक मल** | | | अन्तराष्ट्रिय मुल्य, र विनिमय दर ओभरहेड खर्चको आधारमा औषत लागत |
| युरिया | मे.टन | ४२ | |
| डी.ए.पी. | मे.टन | ५८.१२ | |
| पोटास | मे.टन | ४१.३५ | |
| **प्राङगारिक मल** | | | |
| कम्पोष्ट (धुलो) | क्विन्टल | १.५ देखि २ | बजारमा उपलव्ध विभिन्न ब्रान्ड तथा गुणको प्रांगारिक मलको औषत मुल्यको आधारमा |
| कम्पोष्ट (दानादर) | क्विन्टल | २ देखि २.५ | |
| भर्मी कम्पोस्ट | क्विन्टल | २.५ देखि ३ | |
| **बीउ** | | | |
| धान | क्विन्टल | २.१ | विभिन्न खाद्यन्न बिउहरुको उत्पादन लागत औषतको आधारमा |
| गहँ | क्विन्टल | ३.१ | |
| मकै | क्विन्टल | २.४ | |
| तरकारीको उन्नत बीउ | के.जी | २.८६ | विभिन्न तरकारीको बिउहरुको उत्पादन लागत औषतको आधारमा |
| तरकारीको मुल बीउ | के.जी | १.९७ | |
| दलहन बीउ | क्विन्टल | ८.१ | |
| तेलहन बीउ | क्विन्टल | ९ | |
| **फलफुल तथा तरकारी बिरुवा** | | | |
| कलमी बिरुवा | गोटा | ०.०४१ | विभिन्न फलफुल बिरुवाहरुको सरकारी मूल्यको औषतको आधारमा |
| बिजु विरुवा | गोटा | ०.०२२ | |
| फलफुल कटिग विरुवा | गोटा | ०.०१९ | |
| जमिनको तरकारी विरुवा | गोटा | ०.००१ | |
| **साना कृषि यन्त्रहरु** | | | |
| मिनि टिटर | गोटा | ४० देखि १५० | |
| पावर टिटर | गोटा | १५० देखि १८० | |
| रिपर | गोटा | १५० देखि माथि | |
| **पशुपन्छी** | | | |
| चिलिंग भ्याट ३००० लिटर | संख्या | ४०० | |
| चिलिंग भ्याट २००० लिटर | संख्या | ३०० | |
| चिलिंग भ्याट १००० लिटर | संख्या | २०० | |
| बाख्राको वितरण | गोटा | ७ | |
| बाख्राको खोर निर्माण | गोटा | ६ | |
| ड्युल प्रपोजका कुखुराका चल्ला | गोटा | ०.०६ | |
| कुखुराको खोर निर्माण | संख्या | ६ | |
| बंगुरको पाठा पाठी वितरण | संख्या | ५ | |
| बंगुरका खोर निर्माण | संख्या | १० | |
| गाई भैसीलाई सुत्केरी भत्ता | संख्या | २.५ | |
| **सहकारी तथा गरिबी निवारण** | | | |
| सहकरी शिक्षा र प्रशिक्षण | वटा | ७५०० | |
| सहकारी प्रशिक्षक प्रशिक्षण | वटा | ७५०० | |

| प्रतिफल | एकाई | प्रति एकाई लागत (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| **कृषि वन तथा भुमि सुधार** | | | |
| सहकारी संघ संस्थाको रणनीतिक योजना तर्जुमा (१५ दिने) | वटा | ७५०० | |
| सहकारी व्यवसाय प्रवर्धन तालिम (१५ दिने) | वटा | ७५०० | |
| सहकारी नेतृत्व तथा व्यवस्थापन विकास तालिम (१५ दिने) | वटा | ७५०० | |
| **शिक्षा तथा बिज्ञान प्रबिधि** | | | |
| कक्षा कोठा निर्माण | वटा | ८०० | |
| कक्षा कोठाको सवलीकरण | प्रति ब्लक | १५०० | |
| पाठयपुस्तक विकास | प्रति विषय | ३०० | |
| कार्यशाला (३ देखि ५ दिने) | प्रति सहभागी | १५ | |
| शिक्षक तालिम (१० दिने) | प्रति सहभागी | २० | |
| छोटा अवधिको तालिम (३९० घन्टे) | प्रति सहभागी | २१ | |
| सन्दर्भ सामाग्री विकास | प्रति विषय | २५० | |
| सेवाकालिन तालिम (३० दिने) | प्रति सहभागी | ५५ | |
| **स्वास्थ्य तथा जनसंख्या** | | | |
| १५ शैया अस्पताल | वटा | १५०००० | |
| जिल्ला अस्पताल | वटा | ३००००० | |
| एक्सरे मेशन (साधारण) | वटा | ५०० | |
| एक्सरे मेशिन (डिजिटल) | वटा | २०००-१००० | |
| सिटी स्क्यान मेशन | वटा | ३००० | |
| एम आर आई मेशिन | वटा | ५००० | |
| **खानेपानी** | | | |
| प्रति आयोजना (विकास चरण) | | १००० | |
| प्रति आयोजना (कार्यान्वयन चरण) | | ५५०० | |
| खानेपानी उत्पादन वृद्धि | प्रति एमएलडि | ३२६०० | |
| ढल प्रशोधन केन्द्रको लागि जग्गा अधिग्रहण | रोपनी | ६१०० | |
| **युवा तथा खेलकुद** | | | |
| युवा प्रतिभा सम्मान | जना | १०० | |
| स्वरोजगार व्यवसायको विमा | वटा | ३.२५ | |
| खेलकुदका प्रदेश प्रतिभा सम्मान | जना | १०० | |
| स्काउट र विपद् व्यवस्थापन तालिम संचालन | जना | १२.५ | |
| प्रदेशमा रंगशाला निर्माण | वटा | २०००००० | |
| कवड हल निर्माण | वटा | ६०००० | |
| पौडी पोखरी निर्माण | वटा | २३०००० | |
| **महिला बालवालिका र जेष्ठ नागरिक** | | | |
| वृद्धबृद्धालाई आश्रय प्रदान | जना | १९ | |
| लैगिक सम्पर्क व्यक्तिहरुलाई तालिम | पटक | १०० | |
| प्रदेशस्तरीय अपाङ्ग स्याहार केन्द्र स्थापना | जिल्ला | ३०० | |

| प्रतिफल | एकाई | प्रति एकाई लागत (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| **कृषि वन तथा भुमि सुधार** | | | |
| जेष्ठ नागरीक मैत्री आश्रम | जना | २७७ | |
| सिमान्तकृत महिला उद्यमशिलता कार्यक्रम | जना | ४६.६६ | |
| **श्रम तथा रोजगार** | | | |
| व्यवसायीक तथा सीप विकास तालिम | पटक | ६०० | |
| वालश्रम उन्मुलन चेतनामुलक कार्यक्रम | पटक | १२०० | |
| **भौतिक पुर्बाधार तथा यातायत** | | | |
| पिच सडक | कि.मि | ३००००–५०००० | डबल लेन |
| ग्रावेल सडक | कि.मि | १००००–२०००० | डबल लेन |
| पुल | प्रति मि. | १०००–२००० | डबल लेन |
| **उर्जा जलश्रोत तथा सिंचाई** | | | |
| मुल नहर तथा संरचना निर्माण कार्य | कि.मि | १७२५ | |
| सर्भिस सडक निर्माण | कि.मि | २००० | |
| मुल नहर निर्माण कार्य | कि.मि | ४२००० | |
| नहर प्रणाली रिमोडलिंग गर्ने कार्य | कि.मि | ८२५०० | |
| शखा उपशाखा नहर निमाण कार्य | कि.मि | २००० | |
| सिंचित क्षेत्र वचावट कार्य | कि.मि | ४०००० | |
| सिंचित क्षेत्र विकास कार्य | कि.मि | ३०० | |
| नहर संचालन तथा र्ममत | प्र.श | १५०० | |
| सार्भिस रोद मर्मत तथा बचावट कार्य अन्वेषण डिप टयुवेल निर्माण तथा पम्प टेस्ट | कि.मि | ५०० | |
| ग्राउन्ड वाटर मनिटरिङ्ग | संख्या | ०.९७ | |
| वाटर क्वालिटी अध्ययन | वटा | ३०० | |
| जलवायु परिवर्तन सम्बन्धी अध्ययन | वटा | ३०० | |
| तटवन्ध निर्माण | कि.मि | १५०००० | |

(यस अनुसुचीमा प्रदेश ५ सरकारले प्रकाशित गरेको मध्यमकालिन खर्च संरचना (आ.ब.२०७६/७७-२०७८/७९) बाट साभार गरिएको हो)

## २. कार्यक्रम तथा आयोजना अनुसार आर्थिक बर्ष २०७७/७८ र सो पछिको दुई आर्थिक बर्षको खर्चको प्रक्षेपण विवरण (इक्सेल सिटमा प्रस्तुत गरिएको छ)